CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४४ पूर्णाङ्क

वि.सं. २०७४ पौष

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका









संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३६ वर्ष

४ अङ्क

वि.सं. २०७४ पौष

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

मूल्य रु. ६००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१.	अर्जुनदेवको शासनको फ्याक्सिमिलि	१९५-१९६
२.	ने.सं. ५९३ (वि.सं. १५३०) देखि ने.सं. ६१८ (वि.सं. १५५५) सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ताडपत्रका ७ वटा लिखत	१९७-२१५
३.	श्री ५ पृथ्वीनारायण शाहका २ अप्रकाशित लालमोहर	२१६-२२२
४.	वि.सं. १८७५ देखि १८८० भित्रका ८ वटा लालमोहर	२२३-२३९
५.	*कीर्तिमाला* र त्यसभित्र जङ्गबहादुर	२४०-२८८

मुद्रक–

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर, नेपाल

फोन नं.: ०१-५५३२८२२

ई-मेल– shreepress@wlink.com.np

लेआउट गर्ने–

युवेशरत्न वज्राचार्य

५५०- राजावीरेन्द्रमार्ग, डल्लु

काठमाडौँ, नेपाल

फोन नं. ९८०३१५१४५६

ई-मेल– yubeshbajracharya@gmail.com

हाम्रा कृति पाइने ठेगाना

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार

पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०८५

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार

पो.ब.नं. ९८, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

वज्र बुक्स

ज्याठायेल

पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल

फोन नं. ४२२०५६२

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल

फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्जुनदेवको शासन[१]को फ्याक्सिमिलि

-महेशराज पन्त

अर्जुनदेवको ने.सं. ४८५ (वि.सं. १४२२) आश्विनशुक्लनवमीको लिखतको फ्याक्सिमिलि र भावार्थ जीतबहादुर मानन्धरद्वारा अहिलेभन्दा २४ वर्षअगाडि प्रकाश भए[२]पछि द्वितीय जयदेव (निश्चित राज्यकाल वि.सं. ७७१-७९०)भन्दा पछि, स्थितिराज मल्ल (राज्यकाल वि.सं. १४३७-१४५२)भन्दा अगाडि साढे ६ सय वर्षभित्र राज्य गरेर गएका अरू कुनै राजाको लिखत नपाइरहेकोमा म त्यस लिखततर्फ तानिएँ र त्यस लिखतको मूलपाठ, उल्था र व्याख्या अहिलेभन्दा पौने २४ वर्षअगाडि प्रकाश गरेँ[३]। अर्जुनदेवको त्यो लिखत पाइएकोले त्यस्तो लिखतको समय ५५ वर्ष पर घचेटिन गएको छ भनी मैले त्यस वेला लेखेको थिएँ। जीतबहादुर मानन्धरको सो लेखमा त्यस लिखतमा छापिएको फ्याक्सिमिलि र उनकै सङ्ग्रहमा रहेको अर्को फोटेबाट मैले त्यस लिखतको पाठ पढे पनि फ्याक्सिमिलि र फोटे दुवैको तह त्यति राम्रो नभएकोले म सन्तुष्ट थिइनँ। अर्जुनदेवको शासनसम्बन्धी मेरो लेख पछि जीतबहादुर मानन्धरले मानन्धरसम्बन्धी आफ्नो लेखसङ्ग्रहका दुवै आवृत्तिमा उद्धरण गरे[४] पनि मूलको फ्याक्सिमिलि त्यहाँ नदिइएकोले खल्लो भइरहेको थियो। वि.सं. २०७३ पूस २७ गते बुधवारको दिन ज्ञानकाजी मानन्धरको सङ्ग्रहमा रहेका दस्तावेजका फोटेकपीका फोटे भरत गिरि र रोशनी श्रेष्ठले खिच्दा त्यस लिखतको फोटेकपीको फोटे पनि खिचिएकोले मैले पौने २४ वर्षअगाडि छपाएको पाठ त्यस फोटेकपीसँग रुजू गर्ने मौका पाएँ। **प्रति** (**प्रतीत** = **थाहा पाउने** अर्थात् **साक्षी**) बसेकाका नाउँमा **पद्मराम शुरवस** भनी छापिएकोमा रुजू गर्दा **पद्मराम शुखस** (६ पङ्क्तिमा) भनी सच्याउनुपर्ने देखिएकोले **शुखस**को प्रूफको गल्तीले **शुरवस** भएको रहेछ। त्यस लिखतको फोटे सबैलाई उपलब्ध होओस् भनी त्यो यहाँ उतारिएको छ।

---

१. यहाँ प्रयोग भएको **शासन** शब्दको अर्थको लागि महेशराज पन्त २०५०:६६-६७ हेर्नू।

२. जीत बहादुर [मानन्धर] २०५०:१०-११।

३. महेशराज पन्त २०५०:६६-७१।

४. जीतबहादुर मानन्धर २०६०:४-७।
उही २०६१:४-७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

जीत बहादुर [मानन्धर] २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट केन्द्रीय मानन्धरसंघस्मारिकाप्रकाशनउपसमितिद्वारा प्रकाशित *केन्द्रीय मानन्धर संघ न्याक्व:गु प्रतिनिधि सभा "त:मुँज्या" या स्मारिका* (मानन्धरहरूको मूल सङ्घ, पाँचौँ प्रतिनिधिसभाको ठूलो भेलाको सम्झौटे)का ६-११ पृष्ठमा छापिएको, जीत बहादुर [मानन्धर]को *बनेपाका मानन्धरहरू*।

जीतबहादुर मानन्धर २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट तारादेवी मानन्धरद्वारा प्रकाशित, जीतबहादुर मानन्धरको *मानन्धर निबन्ध मुना* (मानन्धरसम्बन्धी निबन्धसङ्ग्रह)।

जीतबहादुर मानन्धर २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट तारादेवी मानन्धरद्वारा प्रकाशित, जीतबहादुर मानन्धरको *मानन्धर निबन्ध मुना* २ आवृत्ति।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका ६६-७१ पृष्ठमा छापिएको, महेशराज पन्तको *अर्जुनदेवको शासनको विषयमा*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ५९३ (वि.सं. १५३०) देखि ने.सं. ६१८ (वि.सं. १५५५) सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ताडपत्रका ७ वटा लिखत

-**महेशराज पन्त**

सहायक- **रोशनी श्रेष्ठ**

अहिले यहाँ प्रकाश गर्न लागेका, ताडपत्रका यी सातैवटा लिखत **यम्बु** वा **यङ्गल**का हुन् । अहिले हामी जुन शहरलाई काठमाडौँ भन्छौँ, मध्यकालमा त्यो शहर **यम्बु** र **यङ्गल**मा बाँडिएको थियो । अहिलेको काठमाडौँको उत्तरभाग सबै र दक्षिणभागमा पर्ने टेबहालको इलाका **यम्बु**भित्र पर्थ्यो त शहरको दक्षिणभागचाहिँ **यङ्गल** भनी कहिन्थ्यो । ३ सङ्ख्याको अर्थात् ने.सं. ६०४ (वि.सं. १५४१) चैत्रकृष्णसप्तमीको लिखतमा **यम्बु**पछि **महानगर** शब्द जोडिएको छ र अन्त (१, ४, ५, ७ सङ्ख्या)चाहिँ **ब्रुमा** शब्द जोडिएको छ । **यम्बु** पनि फेरि उत्तर र दक्षिण गरी २ भागमा बाँडिई उत्तरभाग **सातिग्लक** र दक्षिणभाग **गाङ्गुलक** भनी चिनिन्थ्यो ।[१] ३ सङ्ख्याको लिखतमा **सातिगलक** आएको छ त ४ वटा लिखत (१, ४, ५, ७ सङ्ख्या)मा चाहिँ **गाङ्गुलंग** आएको छ ।[२]

सातिग्लक र **गाङ्गुलक**मा **यम्बु** बाँडिए जस्तै काष्ठमण्डप बनिसकेपछि **यङ्गल**को उत्तरभाग **काष्ठमण्डपब्रुमा** नाउँले चिनिन्थ्यो भन्ने कुरा १ सङ्ख्याको अर्थात् ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको लिखतबाट थाहा हुन्छ । ४ सङ्ख्याको अर्थात् ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको लिखतबाट त्यही इलाका बुझाउन **काष्ठमण्डपनगर** भन्ने नाउँ आएको छ । यो नाउँ पहिलोपटक आएको भने होइन । यही नाउँ यसभन्दा झण्डै अढाइ सय वर्षअगाडिदेखिका अभिलेखमा आइसकेको छ ।[३] यसको पर्यायको रूपमा **काष्ठमण्डपमहानगर** पनि भनिन थालिसकेकोको उदाहरण ने.सं. ४९२ (वि.सं. १४२८) माघपूर्णिमाको स्वयम्भूको शिलापत्रमा पाइएको छ ।[४]

---

१. महेशराज पन्त २०६७:§§ ३-४ मा ३०-३३ ।

२. खुलाएर भन्दा, १, ५, ७ सङ्ख्यामा **गाङ्गुलंग** र ४ सङ्ख्यामा चाहिँ **गांगुलंग** आएको छ । यो भेद खालि लेखाइको मात्र हो ।

३. पहिलो उदाहरणको लागि ने.सं. ३६३ (वि.सं. १३००) भाद्रपूर्णिमामा सारिसिद्धिएको *नामसङ्गीति*मा पाइन्छ (धनवज्र वज्राचार्य २०१९:१११) ।

४. त्यस शिलापत्रमा पद्यमा **काष्ठमण्डपपुरी** र गद्यमा **काष्ठमण्डपमहानगर** लेखिएको छ (भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०:१४ मा मूलका १०-११ पङ्क्ति, १५ मा मूलका १९-२० पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्र रद्द गरिएको जनाउन दिइएको यस्तो ✕ चिह्नले छोपिएको अक्षर पढ्न नसकिएको ठाउँमा यस्तो ~ चिह्नले जनाइन्छ ।

२. मूल ताडपत्रमा चिन्न नसकिएको अक्षर यस्तो ◘ चिह्नले जनाइन्छ ।

३. मूल ताडपत्र मूसाले काट्दा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ◎ चिह्नले जनाइन्छ ।

४. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर भर्न नसकिँदा यस्तो ❄ चिह्नले जनाइन्छ ।

५. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

६. मूल ताडपत्र भाँचिएर जाँदा नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो (   ) कोष्ठभित्र पढिन्छ ।

७. मूल ताडपत्र दोब्र्याउँदा परेको डोबले नष्ट भएको अक्षर प्रसङ्गानुरोधले यस्तो ((   )) कोष्ठभित्र पढिन्छ ।

८. मूल ताडपत्रमा मेटिएको अक्षर भर्न नसकिँदा यस्तो – चिह्नले जनाइन्छ ।

९. मूल ताडपत्रमा मेटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[   ]] कोष्ठभित्र पढिन्छ ।

१०. फोटेमा नदेखिएका, तर यति भनी किट्न नसकिएका अक्षर यस्ता ::: चिह्नले जनाइन्छन् ।[५]

१ सङ्ख्या

ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको लिखत

सञ्जय स्थापितको सौजन्यले यो फोटे खिचिएको हो ।

यसको फ्याक्सिमिलि तल २०६ पृष्ठमा छ ।

यस ताडपत्रको नापो ३१.७ × १.८ अङ्गुल छ । अक्षरले ओगटेको भागचाहिँ २८.५ × १.१ अङ्गुल छ । छापको मोटाइचाहिँ ०.९ × ०.३ अङ्गुल छ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटको, गोलो छाप छ । त्यस छापको छेउमा वरिपरि थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ । फोटेमा चाहिँ छाप राम्रो देखिँदैन ।

यंगलको उत्तरमा काष्ठमण्डपब्रुमामा पोडेटोल (मूलमा- **प्वद्यंस्तोलक**)मा वंथगृहमा बस्ने, भाइसमेतका दैवज्ञ विजयराज भारोलाई यंबूब्रुमामा गाङ्गुलंगको मखन (मूलमा- **माखमण्डपस्थान**)मा बहिलको पछाडिपट्टिको घरमा बस्ने रामले आफ्नो, आफूले भोग गरिरहेको भतिचाख्वाट[६] भन्ने ठाउँको साढे तीन रोपनी खेत ७ वर्षको

---

५. यहाँ अहिले छापिएका ताडपत्रमध्ये धेरैजसो फोटेबाट होइन कि, मूलबाटै पढिएकाले फोटेमा अहिले कहीँ कहीँ अस्पष्ट देखिएका अक्षरको पाठमा सन्देह छैन ।

६. बाँझो खेतलाई पुरानो नेवारीमा **ख्वाट/ख्वात** भनिन्छ (काशीनाथ तमोट २०७३:६) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागि बन्धकी राखी ११ मंस सुन सापटी लिई ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको दिन गरिदिएको अवधिपत्र[७] यो हो । बन्धकी राख्नेका कान्छाबाबु यंकुलि यस पत्रमा **दृष्टसाक्षी**[८] राखिएका छन् । बन्धकी राख्नाको कारण राजालाई चढाउनको लागि हो । बन्धकी राखेको खेतको चारकिल्ला खुलाउँदा दक्षिणपट्टिको सँधियार किलागलको सनागूठी = मलामीगूठी (मूलमा- **किशीलग्ल सनाथगोस्थी**) भएको थाहा हुन्छ ।

धनिसन ৲ तलसिम चो जुको कायाः (धनीले तलसिङलाई लेखेको जति लियो) भनी यस लिखतको अन्त्यअन्त्यमा लेखिएको छ । **तलसिङ**को अर्थमा यहाँ **तलसिम** लेखिएको देखिए पनि यो शब्दरूप नेवारी कोषहरूमा चढेको मैले देखेको छैन, यसको सट्टा **तलसमी** कोषमा चढेको छ ।[९] लिच्छविकालदेखि चल्दै आएको **तलस्वामी**[१०] शब्दबाटै **तलसिम** र **तलसमी** बनेको देखिन्छ र त्यसकै वर्तमान नेवारी रूप **तःसिं** र नेपाली **तलसिङ** हुन् ।

मूलपाठ

१. **॰ श्रैयोऽस्तुः सम्वत् ५९३ भाद्रपदकृष्णः दसंम्या॰ श्रीयंगलोत्र ৲ श्रीकास्त ৲ मन्दपब्रुमाया॰ श्रीप्वद्यंस्तोलके ৲ वंथगृहवास्तव्य ৲ देवज्ञ ৲ विजराजराजभारो भ्रातृसहसकस्य**[११] **नामनेन ৲ सकाशेत्ः । श्रीयंबूब्रुमायाः॰ श्रीगाङ्गुलंगेः । श्रीमाखमन्दपस्थाने ৲ बहीरि ৲ पूस्तगृहवास्तव्यः रामकस्य नामनेन ৲ स्वकीयं स्ववीद्यमानिक॰ । भतिचाख्वाट ৲**

२. **क्षेत्रनामप्रदेशेः धारणस्य ৲ भ्रातृपुत्र फ्याकया भूमे ৲ पश्चिमतः । किशीलग्ल ৲ सनाथगोस्थीसः भूमे उत्रतः भिंग्वह्लदेछे॰ उदय रावुर्त्तया भूमे पूर्व्वतः येताकस्य भूमे ৲ दक्षनतः एतेषाम्मधेः सकर्षक॰ सार्द्धाधिक ৲ तृयरोपनीक ৲ क्षेत्र भोगवृध्या ৲ सप्तवर्षाब्दिनाः । सूर्ण्ण ৲ एकादस ৲ मंसाङ्क ৲ अंके च ৲ लुं तुक ৲ मंस ११ बू रो-**

३. **व ३।। आवदी वर्ष ७ तत्क्षेत्रस्य धारणकस्य निमीतेन जदि संकृतव्यावादे सटि ৲ तदा धारणकेन परिसोधनीयं च ৲ फ्याचकेस ৲ लुं जुरो॰ प्रत्येः ध्व धारणस ৲ श्रीश्रीराजस दोहरपेस ৲ ध्व बू आवदीन ৲ काया जुरो॰ तलपटि पो १ सह ৲ अत्रार्थे साखि दृष्ट धारणस ৲ कनेस्तपिता ৲ यंकुलि ৲ उचेल चोता दोः ৲ चोदंन ৲ धनिसन ৲ तलसिम चो**

---

७. **अवधिपत्र**को परिभाषाको लागि महेशराज पन्त २०७०:§ १७.२ मा २१ हेर्नू ।

८. यहाँ **दृष्टसाक्षी** नभनी **साखि दृष्ट** लेखी अनि साक्षी बस्नेको बन्धकी लिनेसँगको नाता र नाउँ दिइएको छ । यस्तो प्रकारको साक्षीको लागि उही:§ १४.३.२ मा १४ हेर्नू ।

९. कमलप्रकाश मल्ल २०५७: **तलसमी** ।

१०. उदाहरणको लागि, धनवज्र वज्राचार्य २०३०:१९४-१९७ ।

११. **भारो**को **रो** र **कस्य**को **क**को बीचमा **रो**को डिकोमाथि यस्तो ✔ र **रो**को खुट्टामा यस्तो ^ चिह्न दिई तेस्रो पङ्क्तिको **धारणस**पछिको यस्तो ৲ चिह्नको तल खाली ठाउँमा **भ्रातृसहस**सम्म लेखी यस्तो ✗ चिह्न दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

१. जुको कायाः पोन भाषा ॽ क्रीयाव ॽकास्यं
२. धारणस्यं हाय मदो ॽ येयकं तुदो ॽ जुरो॰
३. भतिचाख्वाट ॽ बूया अविडि ॽ शुभमस्तु

२ सङ्ख्या

ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको लिखत

सञ्जय स्थापितको सौजन्यले यो फोटो खिचिएको हो।

यसको फ्याक्सिमिलि तल २०७ पृष्ठमा छ।

यस ताडपत्रको नापो ४.८ × १.९ अङ्गुल छ। अक्षरले ओगटेको भागचाहिँ ४ × १.६ अङ्गुल छ।

१ सङ्ख्याको लिखतसँगै सम्बद्ध यस लिखतमा १ सङ्ख्याकै लिखतकै मिति दिई ११ मंस सुन १४ दिनभित्र दिइसक्नुपर्ने कुरा लेखिएको छ। पछि चुक्ता भएपछि यस्तो ✕ चिह्नले रद्द गरिएको छ।

मूलपाठ

१. **॰ सम्वत् ५९३ भाद्रपदवद्धि १० उल्लर ॽ प्वंद्यं ॽ वि-**
२. **जयराज षदामि भासः लुं तुक ११ नियार**
३. **दिन १४ नियार ~ व्यवहार ~ ~ भटिचाप्वाट**
४. **~ा अर ~ साखि ~ ~ ~ धनि रा ~ निक्षेव दा-**
५. **म त्या○ नेह्लंस्यं वयः। निक्षेव लुं तुक मं-**
६. **स ११ लुं का ○ा सर्वशोधन धुंग्व ॥**

३ सङ्ख्या

ने.सं. ६०४ (वि.सं. १५४०) चैत्रकृष्णसप्तमीको लिखत

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१२८/११

यसको फ्याक्सिमिलि तल २०८ पृष्ठमा छ।

यस पत्रमा बायाँपट्टि फट्केमा मायको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ। फोटोमा चाहिँ छापको आकार मात्र देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यंबूमहानगर सातिगल तंलाछीटेल (मूलमा- **तंबल्लाछतोल**) खण्डबहारमा बस्ने चित्रकारनी जीवलक्ष्मी र उनकी छोरी जयतलक्ष्मीलाई यंग्ल पोडेटेल (मूलमा- **प्वंदेंतोल**) यंथ मगुह्निछेंका मानन्धर (मूलमा- **मानध्र**) सोथाले आफ्नो, आफूले भोग गरिरहेको लाजिमपाट (मूलमा- **राजनपात**)[१२]को ३ रोपनी खेत बेची ने.सं. ६०४ (वि.सं. १५४०) चैत्रकृष्णसप्तमीको दिन लेखिएको **क्रयपत्र**[१३] यो हो । खेत बेच्नेका भाइ यस पत्रमा साक्षी राखिएका छन् । खेत बेच्नाको कारण घरखर्च चलाउनको लागि हो भनी यहाँ लेखिएको छ ।

मूलपाठ

१. **९ श्रैयोऽस्तु ।। सम्वत ६०४ चेत्रकृष्णसप्तम्यायाᳲ तिथै ।। श्रीयंबूमहानगरे श्रीसातिगलके ।। श्रीतंबल्लाछतोलके ।। खंदबहाराद्धिवासिन चेत्रकारनि जिवलक्ष्मी पुत्र जयतलक्ष्मी द्वयस नामनेन सकासात् ।। श्रीयंग्ल प्वंदेंतोल यंथ मगुह्निछें मानध्रसोथाकस्य नामनान स्वक्रेयं स्वबूजिमानिकं ।। राजनपातक्षेत्रनामप्रदेसे ।। भिक्षु श्रीफ्याकजुस भुमे पश्चिमत ।। उत्तत**

२. **जगतराज भारोस भु पूव्वत ।। नड्यायाᳲ दक्षनत् ।। एतेषा मधे त्रयरोपनिकं क्षेत्रᳲ यत क्षेत्राᳲकतोपि बू रोव ३ तत क्षेत्र सा जथादेसकालप्रवतमानसंचाराघेन सूवर्ण्णमुलमादाय क्रीविक्रीवित्रेविस्वादनिवतकं न्यायेन क्रेन विक्रेयतं भवति ।। तत्र जदि संषटव्यावादपिदा स्यात् तदा धारनकेन परिसोधनियञ्च तलप्ति पो २ सह साक्षि धारनस भ्राता मानध्र वाकुसु एक ।। प्रते घरसार बय याय(स) क्रेन काया ।।**

(पछाडि)

राजनपात बूया क्रेपत्र ।।

---

१२. **राजनपात** यो शब्द **राजपत्तन**को अपभ्रंश हो । त्यहीँबाट **लाजिम्पात** शब्द बनेको हो । तलाई **ट** उच्चारण गर्ने बानीअनुसार **लाजिम्पात**को **लाजिम्पाट** भएको हो । यो नबुझ्दा सुदर्शनराज तिवारी (२०५८:१११)ले **लाजिम्पाट**को व्युत्पत्ति ब्रिटिश रेजिडेन्सीको **लजिङ् पार्ट्** अर्थात् **बस्ने खण्ड**बाट हाँसोउठ्दो ढङ्गले गरेका छन् । त्यही व्युत्पत्ति आँखा चिम्लेर कमल दीक्षित(२०७१:१४)ले सकारेका छन् । यस गल्तीको विषयमा मैले (महेशराज पन्त २०७२) प्रसङ्गवश लेखिसकेको छु । यही गल्ती सौरभ (२०७१)ले गरेका छन् । पुस्तकाकारमा उनका लेख आउँदा त्यो गल्ती पनि सँगसँगै आएपछि (२०७४:६९) उनको पुस्तकको विषयमा लेख्दा फेरि मैले त्यही कुरा दोहऱ्याएर लेख्नुपऱ्यो (महेशराज पन्त २०७४) ।

१३. **क्रयपत्र**को विषयमा महेशराज पन्त २०७०:§ १४, § १६, § १७.७ मा १२-१९, २०, २३ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको लिखत

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको ई २१३१/१८ रीलसङ्ख्या यसको फ्याक्सिमिलि तल २०९ पृष्ठमा छ।

(सिद्धिरत्न शाक्यभिक्षु २०६८:४८ मा, महेशराज पन्त २०६९:२३२ पृ.मा ४२५ टिप्पणीको २ सङ्ख्यामा र २३५ पृ.मा ४३० टिप्पणीमा तथा उही २०७४:१८७ पृ.मा १६१ टिप्पणीको ३ सङ्ख्यामा र १९१ पृ.मा १६६ टिप्पणीको २ सङ्ख्यामा चर्चित)

फोटोमा छापको वृत्ताकार घेरा मात्र देखिन्छ।

यंबुब्रुमामा गांगुलंगमा इटुंबहाल (मूलमा- **श्रीश्रीभास्करदेवसंस्कारितशत्रश्रीकेशवचन्द्रकृतपारावतमहाव्यहार**)मा बस्ने भिक्षु हाकुले आफ्नो, आफूले भोग गरिरहेको साख्वात भन्ने ठाउँको ५ रोपनी खेत यंगल काष्ठमण्डपनगरमा कोथो भन्ने ठाउँका, नाउँको अन्त्यमा हर्ष भएका २ जना भारोलाई बेची ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको दिन गरिदिएको क्रयपत्र यो हो। खेत बेच्नेका गोतिया जयकितराज यस पत्रमा **दृष्टसाक्षी** राखिएका छन्।

मूलपाठ

१. **॰ श्रेयोऽस्तु। सम्वत् ६१२ आषाढमासेः शुक्लःपक्षे ॥ अष्टंम्यायान्तिथौः श्रीयंबुब्रुमाया॰ श्रीगांगुलंगेः श्रीश्रीभास्करदेवसस्कारितशत्रश्रीकेशवचन्द्रकृतपारावतमहाव्यहाराद्धिवाशीन भिक्षु श्रीहाकुजुस ⸌ नाम्नेन शुक्रीयं शुबूर्य्यमानिकः श्रीयंग्ल ⸌ कास्थमण्डपनगरेः श्रीकोथो तल पातालकेः पस्थावन चातीह्वोल ●●◎◎◎◎◎ तथा। धगज ❄ हर्षभा(रो) ...**

२. **भारोकस्य तदुभस नाम्ना सकासातः साख्वातक्षेत्रनामप्रदेसेः मूलमार्गस्य पच्छिमतो उतरतः थापित अमर ⸌ जीवभारोकस्य भ्रात्यसहस भुमे पूर्व्वतः जीवशिंह्न भारो((क))स्य भुमे दक्षनतः। एतेषाम्मधेः पञ्चरोपनिक॰ दक्षनदिस पुलत सहेन ⸌ क्षेत्राङ्कतोपि बू रोव ५ ततक्षेत्रस्य जथादेसकालप्रवर्त्तमान संचारार्घेन स्वर्ण्णमूलमादायस्वा(दीनानवर्त्तकन्यायेन क्रेवि)-**

३. **क्रीयतम्भवतिः तत्रा धारनकस्य निमितेन जदि संकृत ⸌ व्यावादपीडा स्यात् तदा धारनकेन परिसोधनियञ्चः अत्र पत्रार्थे दृष्टसाक्षि ⸌ धारनस स्वगोत्र भिक्षु श्रीजयकितराजजुसः प्रते पिंदाबू ह्न थ्यं ⸌ भोगन कास्यं तयास लिञ्वचकं ⸌ लुं सोस्यं ⸌ भोग अंकन ⸌ थ्व बु क्रीविक्रीन काया जुरो॰ तलपत्रसमेतः ॥ येविनं ⸌ वाको न ◉ जुरोः ◉ तलप((ति)) साधय ...**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६१४ (वि.सं. १५५१) ज्येष्ठकृष्णषष्ठीको लिखत

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई ९२७/२०

यसको फ्याक्सिमिलि तल २१० पृष्ठमा छ।

यंबुब्रुमा गाङ्गुलंग दुगंबहिल (मूलमा- **षट्खिरिमहाविहारि** = शुद्ध रूप **षडक्षरी महाविहार**)की, आफ्नी बज्यै यिकुलिमयिलाई त्यहींका शाक्यभिक्षु भयदेवले आफ्नो, आफैँले भोग गरिराखेको पिन्खा (प्युखा)को डेढ कर्ष[१४] (६ आना) बारी (मूलमा- **वातिका**) ३ वर्षको लागि बन्धकी राखी ने.सं. ६१४ (वि.सं. १५५१) ज्येष्ठकृष्णषष्ठीको दिन ३२ दम्म सापटी लिई यो पत्र लेखिदिएको हो। ऋणीका भाइ शाक्यभिक्षु आशदेव यस पत्रमा **दृष्टसाक्षी**[१५] राखिएका छन्।

मूलपाठ

१. **श्रेयोऽस्तु ।। सम्वत् ६१४ जेष्टकृष्ण ।। षष्टम्यायाः तिथोः श्रीयंबुब्रुमायाः श्रीगाङ्गुलंगेः श्रीषट्खिरि-महाविहारि अजि यिकुलिमयिकस्य नाम्ना सकासातः –द ि––ारिञ्चय साक्यभिक्ष श्रीभयदेवजुस मन्नान शुक्रीयं शुबुर्ज्यमानिकं पिंखावातिका**

२. **... क ... मिशाभि ... पछिमतः स्वल्पमार्गस्य उतरतः यंकुलिकस्य भुमे पूर्व्वतः लखमीकस्य भुमे दक्षनतः एतेषां मधे सार्द्धार्धिकमेक्कर्षकः भोगवृद्धा त्रियवरिषावदिना बंदकस्तेम जथाव्यवहारवतिजिस दामाङ्कं च अंक दम्म ३२ पि...**

३. **आविदि वर्ष ३ तदा धारनकस्य निमितन जदि संकृतव्यावादपीडा स्यात् तदा धार्णकेन परिसोधनियञ्च ००० हंसभरियो ––ादजु ०००० काया जुरो ।। अत्र पत्रार्थे साक्षि दृष्ट धारनस भ्राता साक्यभिक्षु श्रीआशदेवजुस ।। कायेस...**

६ सङ्ख्या

ने.सं. ६१४ (वि.सं. १५५१) नष्टश्रावणकृष्णसप्तमीको लिखत

सञ्जय स्थापितको सौजन्यले यो फोटो खिचिएको हो।

यसको फ्याक्सिमिलि तल २११ पृष्ठमा छ।

यस ताडपत्रको नापो ३८.८ × २ अङ्गुल छ। अक्षरले ओगटेको भागचाहिँ ३०.७ × १.१ अङ्गुल छ। छापको मोटाइचाहिँ १.१ × ०.७ अङ्गुल छ।

---

१४. ४ **कर्ष** = **१ रोपनी** (शङ्करमान राजवंशी २०२१:३०-३३)।

१५. यस पत्रको **दृष्टसाक्षी**को प्रकार १ सङ्ख्याको पत्रको जस्तै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पत्रमा बायाँपट्टि फट्केमा माटको, गोलो छाप छ । त्यस छापमा वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा ठूलो बिन्दुसहितको अर्को सानो वृत्ताकार घेरा छ । त्यस घेराको चारैतिर अष्टदल छ ।

यंग्ल यंतोल स्वकनबूबाहारका शुभा भारो, अमित भारो, कुसुम भारो र उह्लास भारो यी ४ जना दाजुभाइले आफ्नो, आफूले भोग गरिराखेको छोयोखब्दि भन्ने ठाउँको साढे तीन रोपनी खेत त्यही टोल चोछेँका भाइसमेतका गुणासिंह भारोलाई बेची ने.सं. ६१४ (वि.सं. १५५१) नष्टश्रावणकृष्णसप्तमीको दिन गरिदिएको क्रयपत्र यो हो । बेच्नेहरूका भाइ हाकु भारो यस पत्रमा दृष्टसाक्षी राखिएका छन् । राजदरबारमा चढाउनको लागि खेत बेचिएको हो भनी यहाँ लेखिएको छ ।

खेत बेच्नेको वतन खुलाउँदा यहाँ **यंग्ल यंतोल**को **स्वकनबूबाहार** भनी लेखिएको छ । **यंग्ल** भनेकोले वर्तमान काठमाडौँ शहरको दक्षिणभाग भन्ने थाहा भए पनि टोल र बहाल भने चिन्न सकिएन । नेपालखाल्डोका बहालको विषयमा विशद खोजी गरी जोन कर लक (वि.सं. १९८९-२०६५)ले लेखेको पुस्तक (२०४२)मा यो बहाल नचढे पनि त्यस ताकाका अभिलेखहरूमा **सोकनबु/स्वंकनबु** भन्ने ठाउँको चर्चा आएको छ ।[१६] यो ठाउँ हनूमान्ढोकादरबारवरपर भएको कुरा ती अभिलेखबाट स्पष्ट हुन्छ ।[१७] यस लिखतबाट त्यस ठाउँमा बहाल पनि रहेछ भन्ने स्पष्ट भएको छ ।

मूलपाठ

१. **৫श्रेयोऽस्तु ।। सम्वत ६१४ नष्टश्रावणकृष्णसप्तंम्माया तिथोः श्रीयंग्ल यंतोलके स्वकनबूबाहार शुभा भारो भ्रात्ये अमित भारो कुशुम भारो उह्लास भारो एते साहानुमतेन केण स्वकीयं स्वभुज्यमानिकंः स येव तोल चोछें गुनासिंह भा-**

२. **रो भ्रात्यसहस नाम्नानकस्य सकाशेः छोयोखब्दिक्षेत्रनामप्रदेशेः ध्रशिमाया पच्छिमतः नाथु भारोया भूमे उतरतः हिदयसिंह भारोया भूमे पूर्व्वतः हेतेया भूमे दक्षिनतः एत्तन्मधे साधादिकत्येयरोपनिकं जत क्षेत्रं अंके च बु रो-**

३. **व ३।। स जथादेसकालप्रवतमानेन संचाराघेन क्रेन विक्रायतंः अत परं पश्चान्काले तदियपुत्रपोत्रादिन्यपि पिदा वाधा ऋर्तु कालेतुं च न लभेतेः तत्र जदि पिदा स्यात्तदा धारणकेन परिस्वधनियं दृष्टशाक्षि धारणभ्रात्य हाकु भारोः शुभः ।।**

(पछाडि)

१. **৫ प्रति श्रीश्रीराजकुरस ह्रुयेस क्रेन वि-**

२. **क्रोन कायाः छोयोखा बूया क्रेपतिः ।।**

---

१६. महेशराज पन्त २०५७:३३ मा ३ सङ्ख्याको, ३४ मा ४ सङ्ख्याको र ३४-३५ मा ५ सङ्ख्याको लिखत । उही २०६६:१९७ (मूल ठ्यासफूको १४ पृष्ठ) र २०० (मूल ठ्यासफूको २४ पृष्ठ) ।

१७. उही २०७० क:७२ मा ५९ टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

ने.सं.६१८ (वि.सं. १५५५) वैशाखशुक्लतृतीयाको लिखत

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई ९२७/१८

यसको फ्याक्सिमिलि तल २१२ पृष्ठमा छ।

यंबुब्रुमा गाङ्गुलंग केलटोल (मूलमा- **केलंमण्डपस्तोलक**) चावंखाबहारमा बस्ने रत्नराज भारो र जयशङ्खराज भारोले आफ्नो, आफूले भोग गरिरहेको वट्टेल (मूलमा- **वंतुंतोल्क**) दौबहाल (मूलमा- **दतबहार**)[१८]पछाडिको लिबिछैँमा बस्ने उदय र उह्लासलाई दौबहालको आग्नेयकोणमा रहेको पातालजग्गा बिक्री गरी ने.सं. ६१८ (वि.सं. १५५५) वैशाखशुक्लतृतीयाको दिन गरिदिएको फार्छेपत्र यो हो। बिक्री गर्नेका मामा लुंतराज भारो यस पत्रमा दृष्टसाक्षी राखिएका छन्। घरखर्च चलाउन यो बिक्री गरिएको हो भनी यहाँ लेखिएको छ।

मूलपाठ

१. **श्रेयोऽस्तु ।। संवत् ६१८ वैसाषमासेः शुक्लःपक्षे ।। तृतीययन्थौकः श्रीयंबुब्रुमायं श्रीगाङ्गुलंगे श्रीकेलंमण्डपस्तोलकेः चावंखाबहारगृहाद्धिवाशीन रथनराज भारोसः जयसंखराज भारोस थ्वस उभयेस नाम्नेन शुक्रीयं शुबुच्यमानिकः श्रीवंतुंतोलके दतबहारपृष्टलिबिछें गृहवास्तव्यउडयकस्य उह्लासकस्य तदुभेस नाम्ना [[सकासात्]]**

२. **सो ... दतबहार आग्नेयोकलि पातलाभुंनामसंज्ञकं शृंषिरीकारपदमभारोकस्यः धारनस तदुभेस व्यंजनभुमे पश्चिमतः श्रीश्रीराजकुलवस्तुव्यञ्जनभुमिकायां उतरत पूर्वतः गृहाङ्गनस्य पूर्व्वतः पात्र श्रीअभयशिंह्नदत्तसं गृहपृष्टभुमे दक्षनतः एतेषाम्मधेः रथ्यायां दक्षनगमनगृहमण्डलेऽस्मिन पश्चिम :::**

३. **उदकस नदिस पृष्टभूमिकासमेत स्वशीमासहः परिवेस्थितबहीरिद्वाराङ्गनपोहुसंछंदनकुपस्यान्दिनिका-जक्षनिस्थापनस्वशीमापरिभोज्ञं गृहाङ्कतोपि येकुलि येछलद्वयाक्वमूल पातालभूमिकायां जथादेश-कालंप्रवर्तमानसंचारार्घेन स्ववर्ण्णमूलमादाय स्वादिनानवतुकन्यायेन क्रे-**

४. **न विक्रीयतं भवतः तत्रा धारनकस्य निमितेन जदि संकतव्यावादपीडा स्यात् तदा धारनकेन परिसोधनियञ्चः अत्र पत्रार्थे दृष्टसाक्षि धारनस मोप लुंतराज भारोसः प्रते धारनसे घ्रसार बय यायस क्रेविक्रीन काया जुरों तलपति मदोः जदि क :::**

५. **... तलपति लु :::**

---

१८. उही २०७३:११८-११९।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको लिखत

यसको पाठ माथि १९९-२०० पृष्ठमा छ।



१.
२.
३.



१.
२.
३.



१.
२.
३.
४.



१.
२.
३.

(पछाडि)



१.
२.
३.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं. ५९३ (वि.सं. १५३०) भाद्रकृष्णदशमीको लिखत

यसको पाठ माथि २०० पृष्ठमा छ।



१. २. ३. ४. ५. ६.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६०४ (वि.सं. १५४०) चैत्रकृष्णसप्तमीको लिखत

यसको पाठ माथि २०१ पृष्ठमा छ ।

१.
२.



१.
२.



१.
२.



१.
२.



(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६१२ (वि.सं. १५४९) आषाढशुक्लअष्टमीको लिखत

यसको पाठ माथि २०२ पृष्ठमा छ।

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



१.
२.
३.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६१४ (वि.सं. १५५१) ज्येष्ठकृष्णषष्ठीको लिखत

यसको पाठ माथि २०३ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

ने.सं. ६१४ (वि.सं. १५५१) नष्टश्रावणकृष्णषष्ठीको लिखत

यसको पाठ माथि २०४ पृष्ठमा छ ।

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



(पछाडि)

१.
२.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

ने.सं. ६१८ (वि.सं. १५५५) वैशाखशुक्लतृतीयाको लिखत

यसको पाठ माथि २०५ पृष्ठमा छ।

१.
२.
३.
४.
५.

१.
२.
३.
४.



१.
२.
३.
४.



१.
२.
३.
४.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

कमल दीक्षित २०७१

= वि.सं. २०७१।३।८-१४ मा ललितपुरबाट हिमालमिडियाद्वारा प्रकाशित *हिमाल* ३९५ पूर्णाङ्कको १४ पृष्ठमा छापिएको, कमल दीक्षितको *मजलिस घरबाट*-६ ।

कमलप्रकाश मल्ल २०५७

= ई.सं. २००० (वि.सं. २०५७)मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादक र काशीनाथ तमोट आदि ९ जना शब्दसङ्कलक र तेजरत्न कंसकार सम्पादक भई तयार गरिएको *अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज्*[1] (लेखोट पुस्तकहरूबाट शब्दसङ्कलन गरिएको, पुरानो नेवारीको कोष) ।

काशीनाथ तमोट २०७३

= वि.सं. २०७३ मा काठमाडौँबाट नेपाल संस्कृति तथा सञ्चारसमाजद्वारा प्रकाशित *नेपा: संस्कृति* (नेपालसंस्कृति) ३-४ वर्ष ३ अङ्कका ५-६ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *जमलख्वातय् दय्कुगु रानीपुखूया ऐतिहासिक घटनाय्* छपुलु (जमलख्वातमा बनाइएको रानीपोखरीको ऐतिहासिक घटनामा एक दृश्य)।

जोन कर लक २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जोन कर लकको बुड्इस्ट् *मनूअस्टरिज् अफ् नेपाल्: अ सर्भ्रे अफ् द बाहाज् यान्ड् बहीज् अफ् द काठ्मानूडू भ्याल्इ* (नेपालका विहार– काठमाडौँखाल्डोका बहाल र बहिलको निरीक्षण) ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

धनवज्र वज्राचार्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०

= वि.सं. २०१० चैत्रशुक्लएकादशीको दिन[2] प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका १३-१७ पृष्ठमा

---

१. **म्यान्युस्क्रिप्ट् सोर्स्इज्** अर्थात् **लेखोट पुस्तकहरूरूपी आकर** भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल २०५७: भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन ।

२. यस वर्षको चैत्रशुक्लएकादशी वि.सं. २०११ वैशाख १ गते परेको थियो (महेशराज पन्त २०५८:१३८ मा ५ सङ्ख्याको टिप्पणी) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छापिएको; भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *अर्जुनमल्ल-जयस्थितिमल्ल-समयाभिलेख: [वि.सं. १४२९]* (अर्जुनमल्ल-जयस्थितिमल्लको पालाको अभिलेख (वि.सं. १४२९)) ।

महेशराज पन्त २०५७
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३२-४८ पृष्ठमा छापिएको, महेशराज पन्तको *काठमाडौँका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २६ वटा लिखतपत्र (वि.सं. १५७५-१७५२)* ।

महेशराज पन्त २०५८
= *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मि रिसर्च् कलेक्शन्ज्* १ (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या) ।

महेशराज पन्त २०६६
= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।

महेशराज पन्त २०६७
= वि.सं. २०६७ मा प्रकाशित *पूर्णिमा* १३३ पूर्णाङ्कका २७-५७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यमा ब्राह्मण– नरदेवीका भट्टसम्बन्धी २ वटा लिखत*।

महेशराज पन्त २०६९
= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३४ पूर्णाङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञापारमिता– खस-नेवार सम्पर्कको नतीजा*।

महेशराज पन्त २०७०
= वि.सं. २०७० मा काठमाडौँबाट नेपालकानूनआयोगद्वारा प्रकाशित *कानून आयोग पत्रिका*का १-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखत* ।

महेशराज पन्त २०७० क
= वि.सं. २०७० मा काठमाडौँबाट स्थापित खलःद्वारा प्रकाशित *स्थापित खलःया ख्वाःपौ* (स्थापितखलकको मुखपत्र) ४ अङ्कका ६१-६८, ७०-७७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखतमा स्थापित र बाराहि* ।

महेशराज पन्त २०७२
= वि.सं. २०७२।११।२९।७ मा ललितपुरबाट राजधानी न्युज पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित *राजधानी* १५ वर्ष २७२ अङ्कको ३ पृष्ठमा छापिएको, महेशराज पन्तको *साँखुसंबन्धी नयाँ पुस्तक हेरिसकेपछि*।

महेशराज पन्त २०७३
= वि.सं. २०७३ मा प्रकाशित *पूर्णिमा* १४३ पूर्णाङ्कका ११७-१३२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं ६०३ (वि.सं. १५४०) देखि ने.सं. ६१२ (वि.सं. १५४९) भित्रका अहिलेसम्म प्रकाशमा नआएका ६ वटा लिखत*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०७४

= वि.सं. २०७४।६।२१।७ मा ललितपुरबाट राजधानी न्युज पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित *राजधानी* १७ वर्ष ११८ अङ्कको ६ पृष्ठमा छापिएको, महेशराज पन्तको *"असङ्गति"मा असङ्गति*।

शङ्करमान राजवंशी २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३०-३३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *कर्षको अर्थ*।

सिद्धिरत्न शाक्यभिक्षु २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट पलिस्थाद्वारा प्रकाशित *पलिस्था* (प्रतिष्ठा) २० अङ्कका ४७-५३ पृष्ठमा छापिएको, सिद्धिरत्न शाक्यभिक्षुको *स्थापित जातिया ऐतिहासिक परिचय– उदास जाति दुनेया स्थापितपिनिगु ऐतिहासिक परिचय* (स्थापित जातिको ऐतिहासिक परिचय– उदास जातिभित्रको स्थापितहरूको ऐतिहासिक परिचय)।

सुदर्शनराज तिवारी २०५८

= ई.सं. २००१ (वि.सं. २०५८)मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रबाट प्रकाशित, सुदर्शनराज तिवारीको *दि एन्शन्ट् सेट्अल्मेन्ट्स् अफ् द काठ्मान्डू भ्याल्इ* (काठमाडौँखाल्डाका पुराना बस्ती)।

सौरभ २०७१

= वि.सं. २०७१।१०।१०।७ मा काठमाडौँबाट कान्तिपुर पब्लिकेसन्सद्वारा प्रकाशित *कान्तिपुर* २२ वर्ष ३३४ अङ्कका क-ख पृष्ठमा छापिएको, सौरभको *विमान उडान बारे*।

सौरभ २०७४

= वि.सं. २०७४[३] मा काठमाडौँबाट बुक-हिल पब्लिकेसनद्वारा प्रकाशित, सौरभको *असङ्गति* ।

---

३. यसमा प्रकाशनमिति वि.सं. २०७३ लेखे पनि वि.सं. २०७४।३।१६।६ मा मात्र यसको लोकार्पण भएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहका २ अप्रकाशित लालमोहर

-दिनेशराज पन्त

१ सङ्ख्या

यसको फ्याक्सिमिलि तल २२१ पृष्ठमा छ ।

श्रीदुर्गासहायः

श्रीदुर्ग्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरु-
२. दावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री-
३. महाराजेपृथ्वीनारायणसाहबहादुरर्सम्सेर्जङ्देवानाम् सदा
४. समरविजयिनाम्
५. स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीकालु पांडे वं-
६. सिधर बोहोराके आसिषप्रणामपूर्वकपत्रमिदं. ञाहा कु-
७. शल तांहां कुशल चाहिये. आगे ञाहाको समाचार भलो छ.
८. उप्रांत पत्र आयो. अर्थ मालूम भयो. गोप्लिंघाटमहा डुंगा
९. चांडो लाव. हामि पनि सारंघाटमाथि डमौलीमनि ना-
१०. म्लाबुंगाउ छ. तस्[1] गांउका मानिस् हात गऱ्याका
११. छन्. तेहि घाट तरि आंउंछौ भनि पिउठानि सांभिला-
१२. ले भनि पठायाछन्. डुंगाकन तांहा पनि बिंति गरि प-
१३. ठाञा. ञाहां धन्या षँडकाछेउ पनि बारम्बार भन्या र डुंगा-
१४. को तदवी भयेन भनि बिंति गरि पठायाछौ. बिस्तार सु-
१५. न्यौं. डुंगा चांडो लाउन पठा भनि धन्या षडकाकन पनि
१६. लेषि पठायाको छ. ताँहाँबाट तैंले पनि गोप्लिंघाट्या-
१७. कन नञा डुंगा चांडो तछाउन लाव. परंतु गोप्लिंघा-

१. तपछिको एउटा अक्षरमा मसी दलिएको छ र त्यसपछि स् छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८. टमहा डुँगा लाग्याको भया बढिया भयो. नलाग्याको भय
१९. पोर्पाषामहा भिकि राष्याको सतिघाटको पुराना डुँ-
२०. गा छं. त्यो डुगा[2] पाषै[3]बाट जतन् गरि लैजायेर गोप्लिंघाटमहा
२१. लाव र पिउठानि साभिलाकन वारि तार. उप्रांत सर्कार-
२२. बाट चिठिपत्र गरि[4] पिउठानि सांभिलाछेउ तेतैबाट मा-
२३. निस् पठाउन्या[5] हो भनि[6] बिंति गरि पठायाछौ. बढिया चि-
२४. ठिपत्र लेषि मानिस पठायाको छ. यो चिठी हेर र तिमिह-
२५. रु पनि येहि बुझ लेषि[7] पठाव. पिउठानिकन चांडो आउ-
२६. न्या अर्थ गर. × ×[8] भाद्रवदि ६ रोज १ मुकाम काठमाडौं शु-
(बायाँ किनारामा) **भम् इ**

वि.सं. १८३० भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
[श्रावण]	२८	आदित्य	षष्ठी	३६।	४०

२ सङ्ख्या

यसको फ्याक्सिमिलि तल २२२ पृष्ठमा छ।

श्रीदुर्गासहायः

श्रीदुर्ग्गा
भवानि

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरु-

---

२. **डुंगा** हुनुपर्ने।
३. **छं र पाषै**ंको पाको डीकोको बीचमा यस्तो ✔ चिह्न हाली बायाँपट्टिको किनारामा, त्यही लहरमा माथि **त्यो डु** र मुनि **गा** थपी यस्तो (चिह्न दिइएको छ।
४. पत्र फाटेकोले **रि**को **र**को तल्लो भाग देखिँदैन।
५. पत्र फाटेकोले **न्या**मा लगाएको ्न को अलिकति भाग मात्र देखिन्छ।
६. पत्र फाटेकोले **नि**को सामै र बाइमात्राको डीकोमाथिको भाग मात्र देखिन्छ।
७. पत्र फाटेकोले **ले**को लख देखिँदैन र **षि**को बाइमात्रा र सामै मात्र स्पष्ट देखिन्छ।
८. पत्र फाटेकोले अक्षर देखिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. दावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री-

३. महाराजेपृथ्वीनारायणसाहबहादुरर्सम्शेर्जङ्देवानाम्

४. सदा समरविजयिनाम्

५. स्वस्ति श्रीराजभा[9]सामर्थ श्रीकालु पांडेके प्रणामपूर्वकप-

६. त्रमिदं. ञाहा कुसल तांहां कुसल चाहिये. आगे ञाहाको समा-

७. चार भलो छ. उप्रांत पत्र आयो, अर्थ मालूम भयो. तेताति-

८. रको हर्हकिगत् बिंति गरि पठाइछस्. बिस्तार सुन्यौ. बां-

९. कि तहुं[10]कोट्याकन षर्चको गाह्रो भैरहेछ भनि बिंति गरि

१०. पठाइछस्. सुन्युं. तंनहुंकोट्या पारि तऱ्याका भया बढियै

११. भयो. नतर्न पाया मुरि ६० धान बलि षतृछेउ मागेर

१२. देउ. बलि षतृकन पनि मोहर पठायाको छ. बांकि त-

१३. नहुंकोट्याकन चौकिका निमित्य ञाहाकां बांभन्हरु-

१४. कन पनि राष्याको छ. च्यांग्लिको उमराकन पनि झि-

१५. केर तनहुकोट्यासित राष्यौं भनि बिति[11] गरि पठायाछौ. ब-

१६. नायांछौ. जना १०।१५ थथोक्[12]कन पनि तनहुकोट्यासं-

१७. ग बस्न जाउ भनि मर्जि आया बंदो हो भनि लेष्याछौ. सु-

१८. न्यौ. थर्थोक्कन पनि दस् पं[13]ध्र जना जाउ भनि पठाया-

१९. को छ. आंउंनन्. उप्रांत आजकालको षबर केहि पठा-

२०. यौन. कसो भयो. पारि तर्न पाया कि पायेनन्. तर्न पा-

२१. उन्या भया तर्न्या बुझ लेषि पठाउ. तर्न नपाउन्या भया

२२. उहि बुझ लेषि पठाउ र उसै बुझसंग मतो ठहराउंला.

२३. उप्रां(त)[14] हाम्रो बुझ्याको त ताहा तर्न नपायापछि ल-

२४. (मूंजुं)[14] – – – – – (मि)[14]ठास् गरि लम्जुंका आंषा छारो हा-

२५. (लन्या)[14] – – – – – – – – नन् कारणि मात्रै भित्र संच हामिसं-

---

९. श्रीराजभारा° हुनुपर्ने ।

१०. तनहुं° हुनुपर्ने ।

११. बिंति हुनुपर्ने ।

१२. थर्थोक्° हुनुपर्ने ।

१३. पहिले लेखेको अक्षरलाई पं बनाइएको छ ।

१४. पत्र फाट्दा नदेखिने भएका अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र थपिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६. (ग)[१४] – – – – – – **संग फाट्या जस्तो पारि क-**
२७. – – – – – – – – – – – (त)[१४]**र्न पाउनन्. पर मात्रै हामिसंग**
२८. – – – – – – – – – – – **तत तसै गऱ्या होला. उप्रांत तां-**
...

(यी दुवै लालमोहरका सकल श्रीकेशवमणि आचार्य दीक्षितको सङ्ग्रहमा छन् ।)

पहिलो लालमोहर पृथ्वीनारायण शाहले कालु पाँडे र वंशीधर बोहरालाई लेखेको हो । गोपलिङ्घाटमा चाँडै डुङ्गा लाऊ, सारङ्घाटमाथि दमौलीमनि नाम्लाबुङ्गाउँ छ, त्यस गाउँका मानिसलाई हामीले हात लिएका छौँ, त्यही घाट तरी आउँछन् भनी प्यूठानी साहिँलाले भनेर पठाएका छन्, डुङ्गाको लागि त्यहाँ पनि बिन्ती गरी पठाएको हो, यहाँ धन्या खड्कालाई पनि वारंवार भनेको हो, डुङ्गा लाउन पठाउनू भनी धन्या खँड्कालाई पनि लेखी पठाएको छ, त्यहाँबाट गोपलिङ्घाटमा बस्नेलाई पनि डुङ्गा चाँडो ताछ्न लाऊ, गोपलिङ्घाटमा डुङ्गा लागेको भए बढिया भयो, नभए पोहर पाखामा झिकेर राखेको सतीघाटको पुरानो डुङ्गा छ, त्यसलाई जतन गरी गोपलिङ्घाटमा लग र प्यूठानी साहिँलालाई वारि तार, सरकारबाट चिठीपत्र गरी प्यूठानी साहिँलाछेउ त्यतैबाट मानिस पठाउने भनी बिन्ती गरी पठाएछौ, चिठी लेखी मानिस पठाएको छ, त्यो चिठी हेरी तिमीहरूले पनि यही कुरा लेखी पठाऊ, प्यूठानीलाई चाँडो आउने गराऊ भनी यस पत्रमा लेखिएको छ । भाद्रवदि ६ रोज १ मितिको यो पत्र वि.सं. १८३० श्रावण २८ गतेको हो ।

दोस्रो लालमोहर पृथ्वीनारायण शाहले कालु पाँडेलाई लेखेको हो । तनहुँकोटेलाई खर्चको गाह्रो परिरहेछ भनी बिन्ती गरी पठाएकोमा तनहुँकोटे पारि तरेको भए बढियै भयो, तर्न पाएनन् भने बलि खत्रीसँग मागेर ६० मुरी धान देऊ, बलि खत्रीलाई पनि पत्र पठाएको छ, तनहुँकोटेको रक्षाको लागि यहाँका बाहुनहरूलाई राखेको छ, १०।१५ जना थरघरलाई पनि तनहुँकोटेसँग गएर बस भनी लेखेमा काम बन्दो हो भनी लेखी पठाएकोमा थरघरलाई हामीले पनि लेखेका छौँ, आजकालको खबर केही लेखेका छैनौ, पारि तर्न पाए कि पाएनन् भनी यस पत्रमा लेखिएको छ । त्यसपछिको भाग च्यातिएकोले कुरा राम्रोसँग बुझिँदैन तापनि **लम्जुंका आंषा छारो हाल्न, हामिसंग फाट्या** जस्ता वाक्य देखिन्छन् । पत्र फाटेको हुनाले मिति देखिँदैन तापनि बेहोराले वि.सं. १८३० को पत्र यो ठहऱ्याइएको छ ।

पृथ्वीनारायण शाहको पालामा तीन जना कालु पाँडे देखिन्छन् । एक जना प्रसिद्ध काजी कालु पाँडे हुन् । उनले वि.सं. १८१४ ज्येष्ठ १९ गतेको कीर्तिपुरको पहिलो युद्धमा वीरगति पाए ।[१५] अर्का, पृथ्वीनारायण शाहको पछिल्लो समयदेखि देखिई गीर्वाणयुद्धविक्रम शाहको समयसम्म निरन्तर देखिइरहेका कालु पाँडे हुन् ।[१६]

---

१५. वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ८१२-८१७ पृ. ।

१६. वि.सं. २०२५ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुख संवादसचिवालय राजदरबारद्वारा प्रकाशित बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* तेस्रो भागका ५६०-५६१, ५८०-५८१, ५९२-५९७ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पछिल्ला पत्रमा शुरूमा उनलाई कप्तान र पछि सर्दार भनिएको छ ।[१७] तेस्रा, दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका बाबु कालु (कृष्णानन्द) पाँडे हुन् ।[१८] यी तीन जनामध्ये यस लालमोहरमा सम्बोधन गरिएका कालु पाँडेचाहिँ दोस्रा हुन् । दोस्रा र तेस्रा कालु पाँडे बाहुन भएकाले पृथ्वीनारायण शाहले यस लालमोहरमा दोस्रा कालु पाँडेलाई **प्रणाम** लेखेका हुन् । तर कालु पाँडेको नाउँ अघिबाट र त्यसपछि वंशीधर बोहराको नाउँ लिँदा लिँदै पनि पहिलो लालमोहरमा **आसिष** पहिले र **प्रणाम** पछि आउनु पत्रलेखकको दोष हो ।

वि.सं. २०२६ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुख संवादसचिवालय राजदरबारद्वारा प्रकाशित बाबुराम आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* चौथो भागका ७५८-७५९ पृ. ।

वि.सं. २०४२ मा प्रकाशित *पूर्णिमा* ६५ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको *वि.सं. १७५७ देखि १९८६ सम्मको नेपालको इतिहासमा प्रकाश पार्ने ७० वटा अप्रकाशित तात्कालिक सामग्री* भन्ने निबन्ध, त्यस पूर्णाङ्कका ६, ११-१५, १९-२०, २१, २६-२७ पृ. ।

१७. *पूर्णिमा* ६५ पूर्णाङ्कका १२-१४, २१ पृ. ।

१८. वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे* भन्ने निबन्ध, त्यस पूर्णाङ्कका ६४-६५, ७३ पृ. ।

वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको परिवार* भन्ने निबन्ध, त्यस पूर्णाङ्कका ६१-६२ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

यसको पाठ माथि २१६-२१७ पृष्ठमा छ ।


श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरु
दावलि विराजमानमानोन्नत श्री श्रीमन्महाराजाधिराज श्री श्री श्री
महाराज पृथ्वीनारायण साह वहादुर सम्सेर जङ्ग देवानाम् सदा
समर विजयिनाम्

स्वस्ति श्री सर्वोपमायोग्य राजभारा समर्थ श्री कालु पांडे व
सिंधर वोहोराके आसिष प्रणाम पूर्वक पत्रमिदं त्रात कु
शल तांहाको कुशल चाहिये आगे आहांको समाचार भलो छ
उप्रांत पत्र आयो अर्थ मालुम भयो गोपलि घाट महादुगा
वांडो लाव तापनि पनि सार घाट माथि उभोरि मलेना
मलाई गाउ छ तर [illegible] सपाउका मानिस हात गर्याका
छन् तेहि घाटन्तरि आउ छौ भनि पिउठानि सा फिला
ले भनि पठायाछन् दुंगा कन तांहा पनि विंति गरि प
ठाञा आहां धन्या षड्का छउ पनि वारम्वार भन्यार दुंगा
को तद्वी भयेन भनि विंति गरि पठायाछौ विसलाहरु
लौ [illegible] वांडो लाउन पुठा भनि धन्या षड्का कन पनि
[illegible] पठायाको छ तांहा वाट तेल्हो पनि गोपलि घाट
कन नआउंगा वांडो त छाउन लाव परंतु गोपलि घा
ट महादुगालाई गयाको भयावढियाभयो नलाग्याको भय
पोपा घामहा फिकि राष्याको सति घाटको पुरानादु
गाछ पाछेवाट जतन गरि लैजायेर गोपलि घाट महा
सान्नर पिउठानि साफिलाकन वारि तार उप्रांत सकौ
वाट चिठि पत्र गरि पिउठानि साफिला छउ ते तेवाट मा
निस पठाउ [illegible] विंति गरि पठायाछौ वढिया चि
ठि पत्र लेषि मानिस [illegible] पाको छ यो चिठि हेरर तिमि
रु पनि येहि वुझ [illegible] पिउठानि कन वांडो आउ
सा अर्थ गर [illegible] भाद्र वदि ८ रोज १ मुकाम काठमाडौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

यसको पाठ माथि २१७-२१९ पृष्ठमा छ ।


श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरु
दावलीविराजमानमानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री
महाराज पृथ्वीनारायणसाह बहादुर समशेरजङ्ग देवानाम्
सदासमरविजयिनाम्
स्वस्ति श्री राजभारासमर्थ श्री कालु पांडे के प्रणाम [illegible]
गमिर आहा कुसल तांहा कुसल चाहिये आगे आहा को समा
चार भलो छ उप्रांत पत्र आयो अर्थ मालुम भयो [illegible]
र को हई कि गत र विंती गरि पठाइछस् विस्तार सुन्यो [illegible]
कि [illegible] को घा [illegible] को [illegible] भै रहे [illegible] विंती गरि
पठाइछस् सुन्यौ तनहुँ को घा [illegible] भयाबाहिर
भयो [illegible] पाय [illegible] धान [illegible] मागे
देउ [illegible] पनि मोहर पठायाको छ बाँकि त
नहुँ को घा [illegible] आहा का बाहुन [illegible]
[illegible] पनि [illegible] को छ [illegible] को [illegible] पनि [illegible]
के र तनहुँ को घा [illegible] भनि विंती गरि पठाया छौ [illegible]
नायाछौ जना १०।१५ [illegible] पनि तनहुँ को घास
[illegible] भनि [illegible] आपा [illegible] भनि ले [illegible]
न्यौ [illegible] पनि [illegible] जना जाउ भनि पठाया
को [illegible] उप्रांत आज काल को षबर केहि पठ
[illegible] भयो [illegible] पायेन [illegible]
[illegible] भयो [illegible] पठाउ [illegible]
[illegible] पठाउ [illegible]
उप्रां[illegible] हा [illegible] ता हात [illegible] नपाया [illegible]
[illegible] गरि [illegible] आपा [illegible]
[illegible] मित्र [illegible]
[illegible] पाउन [illegible] परमात्रो [illegible]
[illegible] तसेग माहोला उप्रांत [illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि.सं. १८७५ देखि १८८० भित्रका ८ वटा लालमोहर

-महेशराज पन्त

स्तेफान बिल्दहाइमको सङ्ग्रहमा रहेका यी पत्रको स्क्यानिङ बोल्फ्गाङ्ग बेर्त्शबाट मैले पाएको हुँ ।

१ सङ्ख्या

वि.सं. १८७५ माघअमावास्या सोमवारको रुक्का लालमोहर

यसको फ्याक्सिमिलि तल २३२ पृष्ठमा छ ।

खरीबोटे भन्ने ठाउँको, १२ पाथी बीउ जाने, कजाइँ खानगीको, बाँझो पाखो कामेश्वरका पुजारीलाई **सेर्मा** र **झारा** माफ गरी बहादुर भण्डारीमार्फत गरिएको लालमोहर यो हो । **छाप**को रूपमा दिइएको यस जग्गामा पुजारीलाई घरबारी बनाई बस्न दिइएको छ । लेखाइको हिसाबबाट कामेश्वरका पुजारीमा यज्ञनिधि तिवारी नियुक्त देखिन्छन् ।

मूलपाठ

श्रीदुर्गासहाय

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का** —
२. **आगे जज्ञनिधि तिवारिके तार्कुका अम्बलमध्ये कजाइ षानगीको षरिबोट्याको**
३. **लगा बाझो पाषो तस्को साध पूर्व गुठ् दछिन मुल बाये पछिम षेतको आलि उ-**
४. **त्तर डिल्को बाध्या ढुंगो एति चारकिलाभित्रको जगा पाथि १२ बिज जान्या-**
५. **मा श्रीकामेश्वरको पुजा गर्न्या पुजाहारिलाई घरबारि बनाउनु एस जगामा बस-**
६. **न्या पुजाहारिलाई सेर्मा झारा माफ गरि छाप बक्स्यौं आफ्ना षातिरजामासि-**
७. **त छाप जानि भोग्य गर ईति सम्वत् १८७५ साल मिति माघवदि ३० रोज २**[1]

---

१. **स्वस्ति श्रीकलेर्गताब्दः ४९१९ स्वस्ति श्रीसंवत् १८७५ शाके १७४०**

माघकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[माघ]	१	१	२९।	३५	मं	ति	५०।	१५	वि	३१।	०

विश्वे २ संमकरेर्कः १।१८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

मार्फत बहादूर भंडारी

२ सङ्ख्या

वि.सं. १८७६ मार्गकृष्णसप्तमी मङ्गलवारको रुक्का लालमोहर

यसको फ्याक्सिमिलि तल २३३ पृष्ठमा छ।

गोरखाराज्यमा गुल्मी मिलेपछि गुल्मीको राज्यभित्र पर्ने चिदिगा भन्ने ठाउँको जग्गा सरकारले गुल्मीको राजवंशका जसिवन्त शाहि, नरवीर शाहि र मणिभद्र शाहि ३ भाइ एकै घरमा छँदा उनीहरूको नाउँमा संयुक्त रूपमा **छाप** बनाई दिएको थियो। पछि भाइभाइमा मेल नहुँदा त्यही जग्गा ३ भाग लगाएर **छापकै** रूपमा दिई प्राण शाह, भीमसेन थापा र दलभञ्जन पाँडेमार्फत यो लालमोहर गरिएको हो।

मूलपाठ

श्री

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का** – – – – – – – – – – – –
२. **आगे जसिउन्त साहि नरविर साहि मनीभद्र साहीके गुल्मीका** (अ)-
३. **म्बलमध्ये चिदिगा भन्याको जगा तिह्नेरु येकाघर छंदा न**(र)-
४. **विर साहिका नाउँमा छापको मोहर गरिबक्स्याको हो आज तिम**(ी)-
५. **हरु बाभ्र्दा बरोबर बंडा गरि षानु भनी तिनै भाईलाई छाप** (ग)-
६. **रि बक्स्यौं आफ्ना षातिरज्मासंग छाप जानी बरोबर बंडा ग**(र)
७. **भोग्य गर ईति सम्वत १८७६ साल मिति मार्गवदि ७ रोज ३[२] शुभम्**

१४	१४	६।	४७	चं	उ	४२।	५८	व	२७।	२५

तोये ४ भौमः ११।३ विश्वे ४ गुरु २१।५५

१५	०	१।	०	मं	श्र	३९।	८	सि	१९।	४६

(लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रोबाट)

सोमवार चतुर्दशी ६ घडी ४७ पलाउप्रान्त औँसी लागेको देखिन्छ।

२. **शकः १७४१ संवत् १८७६**

कार्त्तिककृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[कार्तिक]	१	१२	५९।	३६	शु	म	५।	७	शु	३७।	४७

त्वाष्ट्रे ३ सन्तुलायामर्कः ३७।११

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

मार्फत प्राण साह

मार्फत भीमसेन थापा

दलभंजन पांडे[३]

३ सङ्ख्या

वि.सं. १८७७ भाद्रकृष्णएकादशी आदित्यवारको लालमोहर

यसको फ्याक्सिमिलि तल २३४ पृष्ठमा छ।

खाँची राज्य स्वतन्त्र छँदै त्यहाँका राजाले सुखमी भन्ने ठाउँको १४० मुरी खेत बालानन्द जैसीलाई बन्धकी राखी ७०० रुपैयाँ सापटी लिएको रहेछ। गोरखाराज्यमा खाँची मिलेपछि वि.सं. १८६२ मा त्यहाँ जाँचकीहरू पुग्दा त्यस खेतलाई उब्जनीको हिसाबले चाहारमा राखे। रजबन्धकी राखिएको त्यस खेतमध्ये ११५ मुरीले मात्र सापटी लिएको रकम भ्याउने हुनाले २५ मुरी खेत बालानन्द जैसीलाई नै फिर्ता दिई ११५ मुरी बाँधामा थामी यो लालमोहर गरिएको हो। यसमा रणोद्योत शाह, दलभञ्जन पाँडे, उदय गिरि, भीमसेन थापा, रणध्वज थापा, महावीर अधिकारी र जगजित् पाँडे मार्फत छन्।

मूलपाठ

१. **स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-**
२. **लिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहांराज-**
३. **राजेन्द्रविक्रमसाहबहादुरसम्सेरजंङ्देवानां सदा समरविजयिनाम्**
४. **आगे बालानंद जैसिके अघि षांचिका राजा तषत्तमा छदै तिंग्र(T)**
५. **७०० सात सय रुपैया लि षांचिका अम्मलमा सुषमिको षेत**
६. **मुरि १४० बांधा दियाको रहेछ ६२ सालमा जांचकिहेरुले**
७. **जांचि बुझि दरषुट बांधि चाहार दरको षेत ठहराई छषुट्-**
८. **का दरले कट्टि गरि अघि षायाका मोहोरमध्ये षेत मुरि २५**
९. **बढता झिकि अघिकै ७०० रुपैयामध्ये थामिदियाको आज-**

मार्गकृष्णः

[कार्तिक] २६ ७ २०। ५ मं ति ८। २१ शु ४९। ९

मैत्रे १ शुक्रः १५।२५

(लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रोबाट)

३. स्क्यानिङमा यो नाउँ देखिँदैन। यो नाउँ मूल पत्रका धनीले लेखेअनुसार हालिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०. सम्म तिमिले षाइबिहोरिआयाको बांधा षांचिका अम्मलमा
११. सुषमिको षेत मुरि ११५ तस्को सांध पूर्व रैकरको पाषो द-
१२. क्षिण अचार्जको मोहोरिया पश्चिम षोलो उत्तर रैकरको
१३. सांध इति किलाभित्रको षेत थामि बांधाको मोहोर गरिबक्स्यौं
१४. आफ्ना षांतिरजामासग बांधा जानि भोग्य गर जहिया दा-
१५. म देव तहिया माटे लेव इति सम्वत् १८७७ साल मिति भा-
१६. द्रवदि ११ रोज १ शुभम्[४] ═══ ═══ ═══

(पछाडि)

मार्फत रणोद्योत साह मार्फत्

मार्फत दलभन्जन पांडे मार्फत उदय गिरि

मार्फत् भीमसेन थापा

मार्फत माहाविर अधिकारि मार्फत् जगजित् पांडे मार्फत रणध्वज (थापा)

४ सङ्ख्या

वि.सं. १८७७ पौषकृष्णपञ्चमी आदित्यवारको लालमोहर

यसको फ्याक्सिमिलि तल २३५ पृष्ठमा छ।

पाल्पाराज्य स्वतन्त्र छँदै त्यहाँका राजाले तानसेन (मूलमा- **तानसिं**)को अम्मलमा पर्ने चोहार भन्ने ठाउँको १९० मुरी खेत भाइसमेतका गिरिधारी भट्टराईलाई बन्धकी राखी ८०५ रुपैयाँ सापटी लिएको रहेछ। गोरखाराज्यमा पाल्पा मिलेपछि वि.सं. १८६२ मा त्यहाँ जाँचकीहरू पुग्दा त्यस खेतलाई उब्जनीको हिसाबले चाहारमा राखे। रजबन्धकी राखिएको त्यस खेतमध्ये १६० मुरीले मात्र सापटी लिएको रकम भ्याउने हुनाले ३० मुरी खेत तिनै भट्टराई दाजुभाइलाई फिर्ता दिई १६० मुरी बाँधामा थामी यो लालमोहर गरिएको हो।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिवि-
२. राजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्र-
३. मसाहबहादूरसम्सेरजङ्देवानां सदा समरविजयिनाम् – – – – – –
४. आगे गिर्धारि भट्टराइका भाईसमेतके अघि पालपाका राजा तषतमा छं-
५. दै तिंम्रा ८०५ आठ सय पांच रुपैया लि तानसिंका अम्मलमा चोहारको षे-

---

४. यो पङ्क्ति मसिनो टाँकामा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. त मुरि १९० लगासमेत बाधा दियाको रहेछ ६२ सालमा जांचकिहेरुले जांचि
७. बुझि चाहार दरको षेत ठहराई अघि षायाका मोहरमध्ये सरह षेत मुरि ३० ब-
८. ढता झिकि अघिकै ८०५ रुपैयामध्ये थामीदियाको आजसम्म लगासमे-
९. त तिमीले षाइ बिहोरि आयाको बांधा तानसिंका अम्मलमा चोहारको षे-
१०. त मुरि १६० तस्का लगासमेतको सांध पूर्व भट्टराईको मोहरिया दक्षिण को-
११. इरालाको बिर्ता पश्चिम कोइरालाको जबदि उत्तर भट्टराइका मोहरिया ज-
१२. बदिको सांध इति चार किलाभित्र घैयाको बिज पाथी ५ जान्या डिहि षेत था-
१३. मि बांधाको मोहर गरिबक्स्यौं आफ्ना षातिरजामासग बाधा जानि भो-
१४. ग्य गर जहिया दांम देव तहिया माटे लेव इति सम्वत् १८७७ साल मिति पौ-
१५. षवदि ५ रोज १ शुभम्[५] ══════ ══════ ══════ ══════

५ सङ्ख्या

वि.सं. १८७७ को लालमोहर

यसको फ्याक्सिमिलि तल २३६ पृष्ठमा छ।

साने खड्काका नाति, जसधर खड्काका छोरा, भीरपानीका रणसिंह खड्कालाई बरखपल्टनमा सुबेदारीको मान दिई यो लालमोहर गरिएको हो। त्यस मानबापत ११ मुरी खेतको आयस्ता ४०० रुपैयाँ लिई कप्तान बबरजङ्ग शाहले अह्राएबमोजिम काम गर्नू भनी यस लालमोहरमा लेखिएको छ।
खालि संवत् मात्र लेखी महीना, पक्ष, तिथि आदि नलेखिएको यस लालमोहरअनुसार काम नभएको अनुमान हुन्छ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा-
२. नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेर्ज-
३. ङ्देवानां सदा समरविजयिनाम् —
४. आगे सान्या षड्काको नाती जसधर षड्काको छोरा वतन भीर्पानी रणसिं षड्काके
५. बरषपल्टनमा सुबेदारी मानको पगरी बक्स्यौं तस्को षानगी षेत ११। पुवा बदे नग-
६. द रुपैया ४०० ली सबारी सिकारी र्ठदि कबाएत हाल हुकुम रातबिरात आठौं प्र-
७. हर टहलमा रुज्जु रही कप्तान बबरजंङ् साहले लायाअह्रायाबमोजीम तद-

५. यो पङ्क्ति मसिनो टाँकामा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८. बीर भै गर्नु हाम्रा नीमकको सोझो चीताई षेतषुवाको भर्ना ली जागीर जानी भो-
९. ग्य गर इती सम्वत १८७७ साल मिती

६ सङ्ख्या

वि.सं. १८७९ कार्तिककृष्णतृतीया शनिवारको रुक्का लालमोहर

यसको फ्याक्सिमिलि तल २३७ पृष्ठमा छ ।

सिँधुलीगढी भएर जाने महाजन, बेपारी र खेपुवाहरूसँग पटना रुपैयाँ, लश्करी, बरेली र फर्रुखाबादी चाँदी भए उनीहरूलाई रोकी ती नगद खोस्नू, चाँदीका मोहर र पैसा भए छोडिदिनू भनी त्यस गढीका सुबेदार, जमादार, चौकीदार, जगाती र भन्सारीलाई आदेश दिई यो लालमोहर गरिएको हो । खोसिएका रुपैयाँ दरबार दाखिला गर्नू भनी लेखिएको यो लालमोहर भीमसेन थापा र उदय गिरिमार्फत जारी गरिएको हो ।

मूलपाठ

श्री \ [6]

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – – – – – – – – – –
२. आगे सिंधुली गढिका सुबेदार ज्मादार चौकिदार जगाती भं-
३. न्सारि गैऱ्हप्रती ताहाबाट महाजन बेपारि षेपुवा छत्तीसै जात-
४. ले पटना रुपैया लस्करी बरेली फर्काबादि चांदि ली जांदा जाच-
५. दा बुझ्दा ठहऱ्या जान नदिनु षोसि दर्बार दाषिल गर्नु चादि-
६. का मोहर पैसा अरु माल लैगया जान दिनु ईती सम्वत १८७९
७. साल मीती कार्तिकवदि ३ रोज ७[7] शुभम् – – – – – – – – – –

(पछाडि)

मार्फत् भीमसेन थापा

मार्फत उदय गिरि

---

६. श्रीको तल्लो भाग र यस्तो \ चिह्न मात्र देखिन्छ ।

७. **सं १८७९ शाके १७४४ क ४८२३ १८५५८८४९२३**

शुद्धाश्विनशुक्लः दि २८।३८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[कार्तिक]	१	१	६०।	०	मं	वि	३२।	४३	वै	२।	२३

संतुलायामर्कः २३।४६ ल ८७ घ १२।५३ घटस्थापनं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

वि.सं. १८७९ पौषकृष्णचतुर्थी मङ्गलवारको रुक्का लालमोहर

यसको फ्याक्सिमिलि तल २३८ पृष्ठमा छ ।

त्यस वेलाका वास्तव शासक भीमसेन थापाको नाउँमा, प्राण शाह र उदय गिरिमार्फत जारी गरिएको यस रुक्कामा कुनै कम्पुको नाल ३८१ पुऱ्याउनको लागि सुबेदार १, जमादार १, अमलदार १ र सिपाही १५ थप भर्ना गर्नको लागि खानगीबापत जग्गाको विवरण दिइएको छ । त्यस वेलाको चलनअनुसार देवता वा मान्यजनको नाउँ पत्रको शिरमा लेख्ने चलन भएकोले कम्पुको नाउँ पनि देवताको नाउँमा राखिएकोले होला, यस लालमोहरमा पनि तल बेहोरामा --- दिई **कंपु** मात्र लेखिए पनि माथि शिरमा भएको त्यस **कंपु**को नाउँ फोटोमा नआएको हुन सक्छ ।

खानगीबापत दिइएका जग्गामा रौतहट तप्पाको त्रिभुवनसिंहको मौजा पनि परेको चाखलाग्दो छ । यी त्रिभुवनसिंह भनेको वि.सं. १८६३ मा रणबहादुर शाहलाई मार्ने शेरबहादुर शाहका मतियार भनी भीमसेन थापाले मराएका काजी त्रिभुवन प्रधान हुनुपर्छ । जग्गाजमीन दिँदा अपनाइने थरीथरीका पद्धतिमध्ये राजाले लालमोहरमा पानको पीक थुकी दिइने पनि भएकोले यस लालमोहरमा मौजाको विशेषणको रूपमा **पिकढार** शब्द आएकोले त्रिभुवन प्रधानले राजाबाट त्यसरी जग्गा पाएको देखिन्छ । पछि उनी मारिएपछि उनको सम्पत्ति सरकार लाग्दा त्यो जग्गा पनि सरकार लागेको देखिन्छ ।

मूलपाठ

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का** — — — — — — — — —
२. **आगे जनरल भिमसेन थापाके** — — — — **कंपुमा स्याम सोठाका**
३. **नाल ३८१ पुऱ्यार्उनाके थप जबान सुबेदार १ ज्मादार १ अम्ब-**
४. **ल्दार १ सिपाहि १५ लाई बमोजीमतपसिल माफीक ८० साल्को**
५. **बालीदेषि षेत षुवा भर्ना गरिबक्स्यौं** — — — — — — — — — — — —

६. **तपसिल**
७. **षर्दार गणपति पाध्याका षर्दारि षानगि**
८. **सिंपालका तर्च्या षुवा २ के रु ११७।।।.**

कार्त्तिककृष्ण दि २७।३६

[कार्तिक] १९ ३ ५। १७ श रो ३। ३५ प १२। ३०

भ ५।१० या. वायौ १ शुक्रः ४३।२६ पुनर्वायौ २ ज्ञः १६।५ ल. ४।१८ रा.ष. २१।३ यात्रा

(लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९. मान्या षरक १ के रु ३१
१०. षेत १०७०
११. पाटनमध्ये षेत ४।४०
१२. कातरच्याका षेत ।९५
१३. सिंपालका षेत ३।५५
१४. थांपाल १।८०

---

१५. तप्पा रौतहटमध्ये त्रिभुवनसिंको पिकढार
१६. मौजे जैपुर ससिम मौजे १ के रु २१६
१७. प्रगन्ना नौरंगीयातर्फ जगतपुरमध्ये मौजे
१८. हरि चौधरिको बेष मौजे वसंतपुर १ के २५१
१९. नपुग्याको षेत कंपुबाट ८० सालका जाच मा-
२०. नीसक्याको र बैठक्या निभैसिं बष्न्यातको षा-
२१. नगीमा फाजील निसक्याको षेत १।८० स्मेत
२२. भर्ना गर्नु
२३. ईति सम्वत १८७९ साल मिति पौषसुदि ४ रोज ३[८] शुभ्म्

(पछाडि)

मार्फत् प्राण साह[९]

मार्फत् उदय गिरि

---

८. संं १८७९ शाके १७४४ क ४८२३ १८५५८८४९२३

पौषशुक्लः दि. २५।४८ क्षयमासः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[पौष]	१	१	३४।	३१	श	मू	३६।	२६	गं	३२।	४४

मूले १ धनुषि शुक्रः १६।५० संभोग धनुषि सू. चं. मं. शु ४ योगः

	४	४	४६।	५८	मं	श्र	५२।	३३	व्या	३३।	४९

भ १५।२८ उ ४६।५८ या गर्दवल मुकाम ७

(लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रोबाट)

९. स्क्यानिङमा साहको ाह देखिँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

वि.सं. १८८० माघअमावास्या शुक्रवारको रुक्का लालमोहर

यसको फ्याक्सिमिलि तल २३९ पृष्ठमा छ ।

सुबेदार जोरावरसिंहले आफ्नो जागीरबापत छापको रूपमा पाएको, दमैटार भन्ने ठाउँको ११ रोपनी जग्गा नयाँ सुबेदार रामसिंहलाई दिई गरिदिएको लालमोहर यो हो ।

मूलपाठ

श्रीदुर्गा

१. **स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का** – – – – –
२. **आगे सुबेदार रामसिंके दमैटारमध्ये सुबेदार जोरावर-**
३. **सिंले छाप्‌को मोहोर गरि षायाको रोपनि ११ मोहोर**
४. **हानि छाप् गरिबक्स्यौं आफ्ना षातिरज्मासित छाप् जा-**
५. **नि भोग्य गर इति सम्वत् १८८० साल मिति मघवदि ३०**
६. **रोज ६[१०] शुभ्म्** – – – – – – – – – – –

---

१०. **श्रीशाके १७४५ संवत् १८८०**

पौषशुक्लः दि. २५।४८

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[माघ]	१	११	३९।	४५	चं	कृ	२९।	१८	शु	१५।	८

भ. ११।१३ ठ ३९।४५ या संमकरेर्क १८।५५

माघकृष्णः

	[गते]	[तिथि]	[घडी]	[पला]	[वार]	[नक्षत्र]	[घडी]	[पला]	[योग]	[घडी]	[पला]
[माघ]	१९	३०	६०।	०	शु	उ	१९।	१०	शि	४२।	१४

(लक्ष्मीपति-नयराजसङ्ग्रहको लेखोट पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

वि.सं. १८७५ माघअमावास्या सोमवारको रुक्का लालमोहर

यसको पाठ माथि २२३-२२४ पृष्ठमा छ ।


श्रीदुर्गासहाय

श्रीकामेश्वर

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
२. आगे उजशनिधि तिवारिके · तार्कि काअञ्चलमध्ये कजाइखानगीको · घरिवोयाको ·
३. लागा · वाम्हापाषोतस्कोसाध · पूर्वगंगउदद्धिनमूलवाटो · पश्चिमषेतको आलि उ
४. तर · डिलकोवाध्माढुंगो · इतिचार किलाभित्रको जगापाथि १२ विजनान्या
५. मा · --- कोछजाग ल्याइजाहारीलाई · घरवा विनाउन · इसजगामावस
६. न्याछजाहारिलाई · सेमो हरामाफ गरि छापवक्स्यौं · आफनाषातिर जामा
७. तछापजानिभोग्यगर · इतिसम्वत् १८७५ सालमिति माघवदि ३० रोज २

(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

वि.सं. १८७६ मार्गकृष्णसप्तमी मङ्गलवारको रुक्का लालमोहर

यसको पाठ माथिं २२४-२२५ पृष्ठमा छ ।



१.
२.
३.
४.
५.
६.
७.

(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

वि.सं. १८७७ भाद्रकृष्णएकादशी आदित्यवारको लालमोहर

यसको पाठ माथि २२५-२२६ पृष्ठमा छ।



स्वस्ति श्रीगिरिराजचक्र... नारायणेत्यादि विविधविरुदाव
लिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराज
राजेन्द्रविक्रमसाहबहादुरसम्सेरजंगदेवानां सदासमरविजयिनाम्।
आगे। बालानंद जैसिके। अघि। थांबिका राजानत्यनमा छदै। तिन्
७०० सातसय रुपैयालि। थांबिका अम्मलमा। सुषमिको षेत
मुरि १४० बांधादियाको रहे छ। ६२ सालमा जांच कि हेरले।
जांचि बुझि। दरमुट बांधि बाहार दरको षेत ठहराई छमुट
का दरले कटि गरि। अघि पायाका मोहोर मध्ये। षेत मुरि २५
घट नाजिकि। अघिके ७०० रुपैयामध्ये। थामि दियाको आज
सम्म तिमिले षाइ विहोरि आयाको बांधा। थांबिका अम्मलमा
सुषमिको षेत मुरि ११५ तस्को सांध। पूर्व। रैकरको षाषो। द-
क्षिण। अबाजको मोहोरिया। पश्चिम। षोलो। उत्तर। रैकरको
सांध। इति किला भित्रको षेत थामि बांधाको मोहोर गरि बक्स्यौं
आफना थाति र जामासंग बांधा जानि भोग्य गर। जहियादे
म देव न तहिया मा येलेव। इति सम्वत् १८७७ साल मिति भा
द्र वदि ११ रोज १ शुभम्।

(पछाडि)



1 मार्फत दलभञ्जन पांडे
मार्फत ...गिरि
मार्फत ... अधिकारि
5 मार्फत जगजित पांडे
6 मार्फत भीमसेन थापा
3 मार्फत ...

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

वि.सं. १८७७ पौषकृष्णपञ्चमी आदित्यवारको लालमोहर

यसको पाठ माथि २२६-२२७ पृष्ठमा छ ।


स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीवि
राजमानमानोन्नत·श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्र·
मसाहवहादूरसम्सेरजङ्गदेवानांसदासमरविजयिनाम्
आगे·गिर्धारिभट्टराइकाभाईसमेतके·अघि·पालयाकोराजातषतमाछं
दै·तिम्रा ८०५ आठसयपांचरुपैयालि·तानसिंकाअम्मलमा·वोहरकोषे
तमुरि १२० लगासमेतवाधादियाकोरहेछ·६२सालमा·जांचकिहेतले·जांचि
बुझि·चाहारदरको षेतठहराई·अघिपायाकामोहरमध्ये·सरहषेतमुरि ३०व
छुताझिकि·अघिके ८०५ रुपैयामध्येथामिदियाको·आजसम्म·लगासमे
ततिमिलेषाईविहोरिआयाको वांधा·तानसिंकाअम्मलमा·वोहरकोषे
तमुरि १६० तरकालगासमेतको सांध·पूर्व·भट्टराईकोमोहरिया·दक्षिण·को
हरालाकोविर्ता·पश्चिम·कोहरालाकोजवदि·उत्तर·भट्टराइकामोहरियाज
वदिकोसांध·इति चार किल्लाभित्र घेयाको विज पाथि ५ जान्या·डिहिषेतथा
म्नि·वांधाकोमोहरगरिवक्स्यौं·आफनाषातिरजमासग वाधाआनिभो·
ग्यगर·जहियादामदेव·तहियामाटोलेव·इतिसम्वत १८७७ सालमिति·पो
षवदि ५ रोज १ मुकाम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

वि.सं. १८७७ को लालमोहर

यसको पाठ माथि २२७-२२८ पृष्ठमा छ ।



स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमा
नोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादुरसम्सेर
जङ्गदेवानांसदासमरविजयिनाम् — — — — — — — — — — — — —
आगे सान्याथक्काको नाती जसभरथक्काको छोरा बतुर भीर्पानी रणसिंहथक्का के
परपल्टनमा सुवेदारी मानको पगरी बक्स्यौं तस्को खानगी बापत ११ सुवा बहिनग
र रुपेया ४०० ली सवारी सिकारी उर्दि कवास्त हाल जुकुम रात विरात आज्ञा प्र
हर हलमा हजुर ही कम्पान ववरजङ्ग साहले लाया म्हा गया बमोजिम तद
बीर भै गर्नु हाम्रा नीमकको सोझो चीताई षेतसुघ खाको भर्ना ली जागीर जानी भो
ग्य गर इती सम्बत १८७७ साल मिती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

वि.सं. १८७९ कार्तिककृष्णतृतीया शनिवारको रुक्का लालमोहर

यसको पाठ माथि २२८ पृष्ठमा छ ।


स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का
आगे॰सिंधुलीगढिका॰सुवेदार॰ज्मादार॰चौकिदार॰जगाती॰मं
स्ताहिगे॰रुप्रती॰लालवाह॰महाजनवेपारि॰षेपुवा॰छत्तीसैजात
लेपटनारुपैया॰लक्ष्मीवरेली॰फर्कावादि॰चांदिलीजांदाजाव
हातुमटाठहऱ्याजान॰नदिनु॰षोसिदर्वारदाषिलगर्नु॰चारि
कामोहर॰पैसा॰अरु॰माल॰लैगयाजानदिनु॰इतीसम्वत १८७९
सालमीतीकार्तिकवदि ३ रोज ७ शुभम्

(पछाडि)


मार्फतभीमसेनथापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

वि.सं. १८७९ पौषकृष्णचतुर्थी मङ्गलवारको लालमोहर

यसको पाठ माथि २२९-२३० पृष्ठमा छ ।



स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का
आगे श्री जनरल भिमसेन थापाके कंपु साम्याम सोठ का
नाल ३८१ पुर्‍याउनाके थपजवान सुवेदार १ जमादार १ अम्ल
दार १ सिपाहि १५ लाई बमोजीम तपसिल माफीक ८० साल्को
बाली देखि खेत छ बा भर्ना गरि बक्स्यौं
तपसिल
सर्दार गणपति पाध्याका सर्दारि खा नगि
सिंपालका तर्‍या खेवा २ करू ११७॥।
माल्या खरक १ करू ३१
खेत १०७०
पाटन मध्ये खेत ४५०
कातरयाका खेत १९५
सिंपालका खेत ३५५
थांपाल १७०
तप्पा रौतहट मध्ये त्रिभुवनसिंको पिकदार
मौजे जैपुर ससिम मौजे १ करू २१६
आगन्ना नै रंगीया तर्फ जगतपुर मध्ये मौजे
हरिबोधरिको बिरता मौजे बसंतपुर १ के २५१
तप्पाको खेत कंपुबाट ८० सालका जाचमा
बीसक्याको र बैठक्यानि भैखि बक्स्यातको खा
नगी माफ जील निसक्याको खेत १७० खेत
भर्ना गर्नु
इति सम्वत १८७९ साल मिति पौष वदि ४ रोज ३ शुभम्

(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

वि.सं. १८८० माघअमावास्या शुक्रवारको रुक्का लालमोहर

यसको पाठ माथि २३१ पृष्ठमा छ ।


श्रीदुर्गा १

श्रीदुर्गा भवानि

स्वस्तिश्रीमन्महाराजाधिराजकस्यरुक्का
आगे सुवेदार रामसिंके दमैटार मध्ये सुवेदार जोरावर
सिंले छाप्कोमोहोर गरि पायाकोले पनि ११ मोहोर
हानि छाप गरिवक्स्यौं आफ्ना षातिरजमासित छाप जा
नि भोग्य गर इति सम्वत् १८८० साल मिति माघवदि ३०
रोज ६ शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कीर्तिमाला र त्यसभित्र जङ्गबहादुर

-महेशराज पन्त

१. स्वामी महाराज रणबहादुर शाह (वि.सं. १८३२-१८६३, राज्यकाल वि.सं. १८३४-१८५५)सँगै बनारसबाट वि.सं. १८६० मा आई यहाँ खजाञ्ची भएका, इन्द्रचोक चोखाछेँ गल्लीमा घर भएका उदय गिरिका खनाति भूपेन्द्र गिरि (वि.सं. २००७ मा जन्म)ले वि.सं. २०७२।१०।२।७ मा मलाई दिएका पुस्तकमध्ये यो लेखोट पुस्तक पनि छ।

२. यो पुस्तक हात परेदेखि नै मूल पुस्तकको फ्याक्सिमिलिसमेत दिई यसको सम्पादन गर्ने र यस विषयमा लामै लेख लेखी *पूर्णिमा*मा प्रकाश गर्ने अभिप्रायले म काम गर्दै थिएँ। तर लेख तन्किँदै गएकोले यसै टाँगिएर रहेको थियो। यसैले यस पुस्तकको विषयमा जिज्ञासुहरूलाई केही भए पनि ज्ञान होओस् भन्ने अभिप्रायले गएको साउन महीनामा यसको विषय लिई *राजधानी* दैनिकमा एउटा लेख प्रकाश गरिहालेँ[१] र *पूर्णिमा*मा छापिने लेख पनि अघि बढाउँदै गएँ। अहिले त्यो लेख पूरा भएकोले प्रकाश गरेको छु।

३. आयताकार, १४.२ × ६.१ अङ्गुल नापो भएको, एकापट्टि हरिताल लाएको, घिउ रङ्गको पाको कागजमा दायाँबायाँ १.५ अङ्गुल छोडी कालो मसीले यो पुस्तक लेखिएको छ। लेख भएको भाग र किनारा छुट्ट्याउन पत्रको दायाँबायाँ दुवैपट्टि रातो मसीले मोटो धर्को तानी त्यस धर्कोको दायाँबायाँ कालो मसीले धर्का तानिएका छन्। दण्ड जति सर्वत्र रातो मसीमा छन्। धेरै ठाउँमा अल्पविरामको लागि अघिबाट कालो मसीले थोपा हालेकोमा पछि थोपामाथि रातो मसीले सर्वत्र एउटा दण्ड तानिएको छ। प्रतीक जति रातो मसीले रङ्गाइएको छ।[२] **रत्न** अर्थात् अध्यायको समाप्तिवाक्यको उठानपछिको धेरैजसो अंश पनि यसै गरी रातो मसीले रङ्गाइएको छ।

४. श्लोकमा दोस्रो पाउ टुङ्गिएपछि सर्वत्र २ वटा दण्ड हालिएका छन्। एउटै पङ्क्तिमा श्लोक पूरा भयो भने त्यस श्लोकको अगाडि पनि २ वटा दण्ड हालिएको छ।[३] श्लोकको अन्त्यमा र त्यस श्लोकको नेपाली व्याख्याको अन्त्यमा श्लोकसङ्ख्या दिँदा[४] तथा नेपालीमा व्याख्या दिँदा श्लोकसङ्ख्याको दायाँबायाँ दुइदुइवटा दण्ड दिइएका छन्।[५] नेपालीमा व्याख्या दिँदा सबभन्दा अगाडि दिइने गरेको **इति**शब्दसहितको प्रतीकपछि पनि

---

१. महेशराज पन्त २०७४ क।

२. १८ रत्नको ३१ श्लोकको प्रतीक **मृगयामिषेणेति**चाहिँ रातो मसीले रङ्गाइएको छैन (९१ख पत्रको २ पङ्क्ति)।

३. १९ रत्नसमाप्तिको श्लोकको चौथो पाउका पछिल्ला ८ अक्षर र श्लोकसङ्ख्या (९८क पत्रको ६ पङ्क्तिपछिको उपपङ्क्ति) तल अर्को पङ्क्तिमा लेखे पनि त्यो श्लोक शुरू हुनुभन्दा अगाडि हालिएका २ वटा दण्डलाई यस नियमको अपवादको रूपमा लिनुपर्छ।

४. २९ श्लोकको व्याख्यालाई भ्रमवश **३१** भनी लेखिएको छ (९७ख पत्रको ७ पङ्क्ति)।

५. १९ रत्नको २५ श्लोकमा श्लोकसङ्ख्या र पछिल्ला दण्ड छुटाइएका छन् (९७क पत्रको ४ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दण्ड हालिएका छन् ।[६]

जङ्गबहादुरले गरेका विशेष विशेष कामको अर्थात् अवदानको बयान गरी लेखिएको यस काव्यमा त्यस्तो कामलाई फारसीको **नेकी** शब्दले बुझाइएको छ । यसैले एउटै **रत्न** अर्थात् अध्यायमा एकभन्दा बढी पनि **नेकी** परेका छन् । एउटा **नेकी** सिद्धिएपछि **नेकी**को सङ्ख्या हाली त्यसपछि दुइवटा दण्ड दिने गरिएको छ ।

५. त्यस वेलाको चलनअनुसार हरेक पत्रको बायाँ पृष्ठको बायाँ किनारामा पहिलो पङ्क्तिको हाराहारीमा पुस्तकको छोटकरी नाउँ ।।**श्रीवं**।। र दोस्रो पङ्क्तिको हाराहारीमा दुइदुइवटा दण्डको बीचमा पत्रसङ्ख्या दिइएको छ, दायाँ किनारामा तलबाट गन्दा तेस्रो पङ्क्तिको हाराहारीमा ।।**रामः**।। लेखी तेस्रो र दोस्रो पङ्क्तिको हाराहारीमा बायाँ किनारामा जस्तै गरी पत्रसङ्ख्या दिइएको छ ।

६. १ पृष्ठमा ९ पङ्क्ति छन् ।[७] बीचमा ३ पङ्क्ति श्लोक लेखी त्यसको माथि र तल तीन तीन पङ्क्ति नेपाली व्याख्या दिइएको छ ।[८] नेपाली व्याख्यासँग श्लोक छुट्ट्याउन माथिल्लो भागमा नेपाली व्याख्या लेखिसकेपछि

---

६. जम्मा ६७ वटा प्रतीकमध्ये २९ वटामा २ वटा दण्ड[①], ३७ वटामा एउटा दण्ड[②] हालिएका छन् र एउटामा दण्ड छुटाइएको छ[③] ।

७. ८७ख पत्रमा अपवादको रूपमा १० पङ्क्ति छन् ।

८. ८८ख पत्रमा अपवादको रूपमा श्लोक ४ पङ्क्ति र त्यसपछि हालिने नेपाली अर्थ २ पङ्क्ति मात्र छ । ८६क पत्रको ९ पङ्क्तिमा नेपाली व्याख्यामा श्लोकसमाप्तिपछि श्लोकसङ्ख्या दिइसकेपछि लेख्नुपर्ने अंश नअटाउँदा दायाँ किनाराभन्दा अगाडिको धर्कोभन्दा बाहिर गई ठाडो पारी तलबाट थालेर **नेकी** ।।१९।। लेखिएको छ । ८८क पत्रको ६ पङ्क्तिमा अर्थात् श्लोकको तेस्रो पङ्क्तिमा श्लोक नटुङ्गिएकोले श्लोकका ३ पङ्क्तिको हाराहारीमा ठाडो पारी तलबाट थालेर बाँकी अंश पूरा गरी श्लोकसङ्ख्या हालिएको छ । श्लोकसङ्ख्याको दायाँबायाँ हालिने दुइदुइवटा दण्ड भने छुटाइएको छ । ९१ख पत्रको ९ पङ्क्तिमा नेपाली व्याख्यामा अध्यायसमाप्तिको अलिकति अंश नटुङ्गिँदा दायाँ किनाराभन्दा बाहिर गई ठाडो पारी तलबाट थालेर बाँकी अंश पूरा गरी श्लोकसङ्ख्या हालिएको छ । त्यसरी लेख्दा

---

① ८५क पत्रका १, ७, ९ पङ्क्ति । ८५ख पत्रको ७ पङ्क्ति । ८६क पत्रका १, २ पङ्क्ति । ८७क पत्रका १, <u>३, ७,</u>[❶] <u>८, ९</u>[❷] पङ्क्ति । ८७ख पत्रको ४ पङ्क्ति । ८८क पत्रका १, ७ पङ्क्ति । ८८ख पत्रका १, ३ पङ्क्ति । ८९क पत्रका २, ९ पङ्क्ति । ८९ख पत्रको ८ पङ्क्ति । ९०क पत्रका ३, ९ पङ्क्ति । ९१क पत्रको १ पङ्क्ति । ९३ख पत्रका १, ३ पङ्क्ति । ९७क पत्रका १, <u>२, ३,</u>[❸] ७ पङ्क्ति । ९७ख पत्रका २ पङ्क्ति । ९८क पत्रको २ पङ्क्ति । ९९क पत्रको ८ पङ्क्ति । ९९ख पत्रको २ पङ्क्ति ।

② ८५ख पत्रको २ पङ्क्ति । ८६ख पत्रका १, ७ पङ्क्ति । ८८ख पत्रको ९ पङ्क्ति । ८९ख पत्रको ३ पङ्क्ति । ९०क पत्रको १ पङ्क्ति । ९०ख पत्रका २, ३ पङ्क्ति । ९१क पत्रको ८ पङ्क्ति । ९२क पत्रका १, ३, ८ पङ्क्ति । ९२ख पत्रका १, ७, ९ पङ्क्ति । ९३क पत्रका ३, ७ पङ्क्ति । ९३ख पत्रको ९ पङ्क्ति । ९४क पत्रका ३, ८ पङ्क्ति । ९४ख पत्रका २, ८ पङ्क्ति । ९५क पत्रका १, ७ पङ्क्ति । ९५ख पत्रका १, ३, ९ पङ्क्ति । ९६क पत्रका ३, ९ पङ्क्ति । ९६ख पत्रको ३ पङ्क्ति । ९७क पत्रको ९ पङ्क्ति । ९७ख पत्रको ८ पङ्क्ति । ९८क पत्रको १ पङ्क्ति । ९८ख पत्रका १, ७ पङ्क्ति । ९९क पत्रका २, ७ पङ्क्ति । ९९ख पत्रको ८ पङ्क्ति ।

③ ९८ख पत्रको ९ पङ्क्ति ।

---

❶ ३ पङ्क्तिमा प्रतीक शुरू भई बाँकी ७ पङ्क्तिमा लेखिएको ।

❷ ८ पङ्क्तिमा प्रतीक शुरू भई बाँकी ९ पङ्क्तिमा लेखिएको ।

❸ २ पङ्क्तिमा प्रतीक शुरू भई बाँकी ३ पङ्क्तिमा लेखिएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

झण्डै आधा अङ्गुल जति ठाउँ छोडी श्लोक लेखिएको छ र त्यसपछि त्यति नै ठाउँ छोडी फेरि व्याख्या दिइएको छ। जुन श्लोकको व्याख्या दिने हो, त्यसको प्रतीक पत्रको किनारामा धर्को हालेपछि लेखी[९] व्याख्या दिने गरिएको छ। त्यो व्याख्या धर्को नआएसम्म लेखिने गरिएको छ। श्लोकचाहिँ बायाँपट्टि धर्कोपछि १ अङ्गुल जति छोडेर र दायाँपट्टि पनि धर्को आउनुभन्दा १ अङ्गुल जति खाली छोडी लेखिएको छ। यसरी श्लोक र व्याख्या दिँदा ठीक ठीक ठाउँमा नपरी कहिले श्लोक अघिल्लो पानामा र व्याख्या अर्को पानामा पनि पर्न गएको छ।[१०]

६.१. कुनै कुनै पृष्ठमा श्लोकको लागि छुट्ट्याइएका ३ पङ्क्तिमा पूरा श्लोक वा श्लोकार्ध नटुङ्गिँदा श्लोक र नेपाली व्याख्याको बीच छोडिने ठाउँमा दायाँपट्टि तृतीयांश स्थानमा उपपङ्क्तिको रूपमा बाँकी श्लोक लेख्ने गरिएको छ। पृष्ठको तल्लो भागमा राखिने नेपाली व्याख्याको पहिलो पङ्क्ति दायाँपट्टि पूरै लेख्दा उपपङ्क्तिसँग ठ्याम्मै जोडिने भएकोले त्यस पङ्क्तिमा द्वितीयांशसम्म मात्र लेखी त्यसपछि यस्तो \\ चिह्न दिई त्यो पङ्क्ति खाली छोडी दोस्रो पङ्क्तिमा व्याख्या लेख्न थालिएको छ।[११]

दायाँ किनारामा लेखिने गरेको पत्रसङ्ख्या लेख्ने ठाउँ नहुँदा बाँकी अंशभन्दा माथि खालि ।।**रामः**।। मात्र लेखिएको छ। ९६क पत्रको ६ पङ्क्तिमा अर्थात् श्लोकको तेस्रो पङ्क्तिमा श्लोक नटुङ्गिएकोले श्लोकका ३ पङ्क्तिको हाराहारीमा ठाडो पारी तलबाट थालेर बाँकी अंश पूरा गरी श्लोकसङ्ख्या हालिएको छ। ९९क पत्रको ६ पङ्क्तिमा अर्थात् श्लोकको तेस्रो पङ्क्तिमा श्लोक नटुङ्गिएकोले श्लोकका ३ पङ्क्तिको हाराहारीमा ठाडो पारी तलबाट थालेर बाँकी अंश पूरा गरिएको छ, श्लोकसङ्ख्या भने हालिएको छैन।

९. अपवादको रूपमा १९ **रत्न**को २३ श्लोकको प्रतीक छुटेको छ (९६ख पत्रको २ पङ्क्तिमा)।

१०. १८ रत्नको

४ श्लोक ८५ख पत्रमा, व्याख्या ८५क पत्रमै शुरू। ६ श्लोकका अघिल्ला २ पाउ ८५ख पत्रमा, पूरै श्लोकको व्याख्या ८५ख पत्रमै। १३ श्लोकका अघिल्ला २ पाउ ८७क पत्रमा, पहिलो पाउको व्याख्या मात्र त्यही पत्रमा। १९ श्लोकका अघिल्ला २ पाउ ८८ख पत्रमा, पहिलो पाउका केही अक्षरको व्याख्या मात्र त्यही पत्रमा। २३ श्लोक ८९ख पत्रमा, त्यस श्लोकको व्याख्याको ९०क पत्रसम्म गएको। २६ श्लोकका अघिल्ला २ पाउ ९०क पत्रमा, तेस्रो पाउको व्याख्याको १ शब्द त्यही पत्रमा। २८ श्लोक ९०ख पत्रमा, त्यसको व्याख्या ९१क पत्रसम्म गएको। ३० श्लोक ९१क पत्रमा, त्यसको व्याख्या ९१ख पत्रसम्म गएको।

१९ रत्नको

३ श्लोकका अघिल्ला २ पाउ ९२क पत्रमा, त्यस श्लोकको व्याख्या ९२ख पत्रसम्म गएको। ६ श्लोक ९३क पत्रमा, व्याख्या ९२ख पत्रमै शुरू। ८ श्लोकका अघिल्ला २ पाउ ९३क पत्रमा, पूरै श्लोकको व्याख्या त्यही पत्रमै टुङ्गिएको। ११ श्लोक ९४क पत्रमा, त्यसको व्याख्या ९३ख पत्रमै शुरू। १३ श्लोक ९४क पत्रमा, त्यसको व्याख्या ९४ख पत्रसम्म गएको। १५ श्लोक ९४ख पत्रमा, त्यसको व्याख्या ९५क पत्रसम्म गएको। २० श्लोक ९६क पत्रमा, त्यसको व्याख्या ९५ख पत्रमै शुरू। २२ श्लोक ९६ख पत्रमा, त्यसको व्याख्या ९६क पत्रमै शुरू। २८ श्लोक ९७ख पत्रमा, त्यसको व्याख्या ९७क पत्रमै शुरू। ३० श्लोक ९७ख पत्रमा, त्यसको व्याख्या ९८क पत्रसम्म गएको। १९ रत्नको समाप्तिश्लोक ९८क पत्रमा, त्यसको व्याख्या ९८ख पत्रसम्म गएको।

२० रत्नको ६ श्लोकका अघिल्ला २ पाउ ९९क पत्रमा, तेस्रो पाउको व्याख्या ९९क पत्रमै शुरू।

११. ८६क, ८७क, ९०ख, ९४क पत्रमा। ९८क पत्रमा चाहिँ उपपङ्क्तिमा सबभन्दा अगाडि लेखिएका केही अक्षर मेटी यस्तो \\ चिह्न ६ पङ्क्तिको '**गुंफितायां**पछि अलि सानो रूपले लेखिएको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.२. पृष्ठैपीछे श्लोक वा श्लोकार्धले श्लोकको लागि छुट्ट्याइएको अन्तिम पङ्क्तिले जम्मै ठाउँ नओगेटेको खण्डमा २ वटा दण्डपछि रातो मसीले यस्तो फूलबुट्टा ꣸ हाली फेरि २ वटा दण्ड हाल्ने गरिएको छ ।[१२] कहीँ कहीँ श्लोकसङ्ख्या दिएपछि हालिने २ वटा दण्डपछि केही ठाउँ छोडी फेरि २ वटा दण्ड दिने गरिएको छ ।[१३]

६.३. नेपाली व्याख्यामा सामान्यतया यसरी छुट्ट्याउने गरिएको नभए पनि एक ठाउँमा श्लोकको व्याख्या पूरा हुँदा श्लोकसङ्ख्या दिएपछि हालिने २ वटा दण्डपछि दुवैपट्टि उत्ति उत्ति ठाउँ छोडी बीचमा **रामः** लेखी २ वटा दण्ड हालिएको छ ।[१४] कहीँ कहीँ श्लोकसङ्ख्यापछि दिइने २ वटा दण्डपछि लगत्तै समाप्तिमा राखिने परम्परीण **६** लेखी त्यसको लगत्तै फेरि २ वटा दण्ड दिई केही ठाउँ छोडी फेरि २ वटा दण्ड हालिएको छ ।[१५]

७. कुनै शब्द एउटै पङ्क्तिमा नअटाउँदा त्यस शब्दको अंश अर्को पङ्क्तिमा जाँदा पङ्क्तिको अन्त्यमा एक ठाउँमा छोडेर कहीँ पनि सङ्केतचिह्न दिइएको छैन ।[१६]

८. मकहाँ यस पुस्तकका ८५ देखि ९९ सम्मका पत्रसङ्ख्या भएका १५ पत्र मात्र आएका छन् । ८५ पत्र पनि अकाण्डमा शुरू भएको र ९९ पत्र पनि त्यसै गरी अकाण्डमै टुङ्गिएकोले यो पुस्तक खण्डित छ भनी भनिरहनुपर्दैन । अर्को शब्दमा भन्नुपर्दा, मसँग १८ र १९ रत्न मात्र साबुत छन् । अझ खुलाएर भन्दा, १८ रत्नको पनि पहिलो श्लोकको नेपाली अर्थ खण्डित छ र २० रत्नको ८ श्लोकसम्म र त्यति नै श्लोकसम्मको नेपाली अर्थ मात्र यहाँ आएको छ । **नेकी**को विभाजनअनुसार भन्ने हो भने, मसँग २०-२६ पूरा र २७ को केही अंश छन् ।

जङ्गबहादुर श्री ३ महाराज हुनुभन्दा अगाडिका घटनाको बयान गर्दा *कीर्तिमाला*मा उनलाई श्री ३ महाराजको रूपमा बयान गरे पनि उनी प्राइम्मिनिस्टर भएको १ वर्षपछिका घटनादेखि उनी श्री ३ महाराज हुनुभन्दा लगभग २ वर्षअगाडिका घटना यस अपूरो अंशमा समेटिएका छन् ।

९. पत्रको किनारामा छोटकरीमा यस पुस्तकको नाउँ **श्रीवं** लेखिएकोले यसको नाउँ *वंशावली* रहेछ भन्ने थाहा भए पनि यसको अठाह्रौँ **रत्न**को अन्त्यमा यस्तो

श्रीजंगबाहादुरभूमिपस्य महद्गुणौघैरवगुंफितायाम् ।।

सत्कीर्त्तिरत्नोज्ज्वलमालिकायामष्टादशं यात्रिकरत्नमेवं ।।१८।।

(९१ख पत्रका ५-६ पङ्क्ति)

इति श्री ३ महाराज जंगबहादूर कुवर राणाजीका । कीर्त्तिरूपी रत्न जंमा गरी । निज प्रभूका गुणरूपी धागाले गांथ्याकी कीर्त्तिमाला नाउ भयाका ग्रंथमा । श्री ३ महाराजबाट गरीबक्सनुभयाका । नेकी २१ को अष्टदशरत्न सकीयो ।।१८ ।।

(९१ख पत्रका ७-९ पङ्क्ति)

---

१२. ८८ख, ८९क, ९०क, ९१क, ९२क पत्रमा । यस्तै स्थिति आउँदा ८९ख पत्रमा चाहिँ बुट्टा हालिएको छैन । यस्तो फूलबुट्टा ९१ख पत्रमा नेपाली व्याख्यामा **नेकी**को सङ्ख्या दिइसकेपछि पनि हालिएको छ ।

१३. ८७ख र ८९ख पत्रमा ।

१४. ८६ख पत्रमा ।

१५. ९३क, ९५क, ९९ख पत्रमा ।

१६. **माहिला** लेख्नुपर्दा ८८क पत्रको १ पङ्क्तिमा **माहि**सम्म लेखी त्यसपछि यस्तो **:** चिह्न हाली **ला** लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उन्नाइसौँ रत्नको अन्त्यमा यस्तो

श्रीजंगबाहादुरभूमिपस्य महद्गुणौघैरवगुंफितायां ।।
सत्कीर्तिरत्नोज्वलमालिकायां वैवाहिकं रत्नमयोनविंशं ।।१९।।

(९८क पत्रका ६-७ पङ्क्ति)

इति श्री ३ महाराज जंगबाहादुर कुवर राणा वर्मजीका। गुणरूपी धागाले गांथ्याको। निज प्रभूका कीर्तिरूपी रत्नको मालामध्ये विवाहकर्म गऱ्याको उन्नैसऊं रत्न गनीयो ।।१९।।

(९८क पत्रका ९-१० पङ्क्ति र ९८ख पत्रको १ पङ्क्ति)

लेखिएकोले संस्कृत नेपाली दुवैमा लामो लामो विशेषण हाली यसको नाउँ राखिएको देखिन्छ। यसो भए पनि अठाह्रौँ **रत्न**को अन्त्यमा नेपालीमा **कीर्त्तिमाला नाउ भयाका ग्रन्थमा** भनी लेखिएकोले यसको छोटो नाउँ *कीर्तिमाला* भन्ने राखी **माला**मा **रत्न** जडिए झैँ अध्यायको अर्थमा **रत्न** लेखिएको देखिन्छ।

१०. जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३)को प्रशंसात्मक चरित अर्थात् कौटलीय अर्थशास्त्रको भाषामा **उदाहरण**[१७]रूपको *कीर्तिमाला*मा उनले गरेका **नेकी**को वर्णन गरिएको छ।

---

१७. *कौटलीय अर्थशास्त्र* (१।५।१४)को **पुराणमितिवृत्तमाख्यायिकोदाहरणं धर्मशास्त्रमर्थशास्त्रं चेतीतिहासः** को व्याख्या यसको जुन जुन टीकामा पाइन्छ, ती ती टीकामा आएको **उदाहरण**को अर्थको विषयमा यस प्रसङ्गमा चर्चा गर्नु उपयुक्त हुन्छ।

*कौटलीय अर्थशास्त्र*को टीका *जयमङ्गला*मा यस्तो

आख्यायिकोदाहरणं वर्जनसेवनफलं तन्त्राख्यायिकादि। तत्र वर्जनफलं लोभोऽत्यन्तं न कार्य इति लोभस्य दोषोदाहरणम् जम्बुको धनुषा हतः इत्यादि। सेवनफलमपि

प्रत्युत्पन्नेषु कार्येषु यस्य बुद्धिर्न हीयते।
स निस्तरति दुर्गाणि जलमध्ये कपिर्यथा ।।

इत्यादि।

लेखिएकोले *जयमङ्गला*कारले **आख्यायिका** र **उदाहरण** भिन्नाभिन्नै नमानी **आख्यायिकोदाहरण** एउटै मानी *पञ्चतन्त्र*को पूर्वरूप *तन्त्राख्यान* जस्ता पुस्तकलाई **आख्यायिकोदाहरण** भनी ठानेको देखिन्छ।

अर्को टीका *नीतिनिर्णीति*मा यस्तो

निदर्शनार्थमन्येषामुदाहरणमिष्यते। यथा तन्त्रपञ्चकादि।

लेखिएकोले *तन्त्रपञ्चक* अर्थात् *पञ्चतन्त्र* जस्ता पुस्तकलाई **उदाहरण** शब्दले बुझाएको भन्ने अर्थ *नीतिनिर्णीति*का कर्ता योग्घमले गरेको स्पष्ट हुन्छ।

*कौटलीय अर्थशास्त्र*को, मलयालम भाषाको टीका *भाषाव्याख्यान*को आधारमा त. गणपति शास्त्री (वि.सं. १९१७-१९८३)ले संस्कृतमा रचेको टीका *श्रीमूला*मा यस्तो

उदाहरणं न्यायोपन्यासशास्त्रं मीमांसादि

लेखिएकोले **उदाहरण** शब्दले मीमांसा आदि शास्त्रलाई बुझाएको भनी अर्थ गरेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११. मूल संस्कृत पद्यमा र त्यसैको नेपालीमा गद्यमा व्याख्या भएको यो *कीर्तिमाला* हेर्दा पाटन महाबौद्धका सुन्दरानन्द बाँडाको *त्रिरत्नसौन्दर्यगाथा*[१८] म सम्झन पुगेँ । भनाइको मतलब के हो भने, पहिले संस्कृत पद्यमा लेखी त्यसको व्याख्या नेपालीमा जसरी *त्रिरत्नसौन्दर्यगाथा*मा गरिएको छ, त्यही शैलीमा यो *कीर्तिमाला* रचिएको छ । त्यही शैलीमा एउटा संस्कृत पद्यमा र नेपाली गद्यमा सुन्दरानन्दका भाइ पूर्णानन्दले रचेको वि.सं. १८६५ को महाभूकम्पको बयान पनि पाइएको छ ।[१९] *त्रिरत्नसौन्दर्यगाथा*मा जस्तै,[२०] यस *कीर्तिमाला*मा पनि संस्कृतमा ठाउँठाउँमा च्युतसंस्कृतिदोष परेकाले र यसको नेपाली भाषा सुन्दरानन्दको र पूर्णानन्दको छाँटको भएकोले त्यही वंशका कसैले यो *कीर्तिमाला* रचेको हुनुपर्छ । सुन्दरानन्दका दाजु अमृतानन्द (वि.सं. १८३१-१८९०)को पालादेखि यस वंशले नेपालको पुरावृत्तको खोजी गर्दै आएकोले[२१] र त्यही वंशका[२२] गुणानन्दले नेपाली भाषामा तयार गरेको नेपालको वंशावली पाइएकोले[२३] पनि त्यही वंशका इतिहासरसिक कसैले यो *कीर्तिमाला* रचेको हो भन्ने कुरामा जोड दिन सकिन्छ । पुस्तकको शुरूमा वा अन्त्यमा अथवा दुवै ठाउँमा ग्रन्थकारले आफ्नो नाउँ हालेका थिए होलान् । तर अगाडिपछाडिका पत्र नपाइएकाले बढी कुरा गर्न सकिएन ।

१२. *कीर्तिमाला*को यो पुस्तक ग्रन्थकारको हस्ताक्षरको नभई पछि कसैले सारेको हो भन्ने देखिन्छ । यो कुरा १८ अध्यायको २६ श्लोकको पछिल्लो पाउमा एउटा अक्षर नचिन्दा वा अरू कुनै कारणवश त्यस अक्षरको ठाउँमा यस्तो ⁻ चिह्न हालेको[२४] र त्यही अध्यायको २८ श्लोकको नेपाली अर्थमा २ ठाउँमा त्यही चिह्न हालेको[२५]ले स्पष्ट हुन्छ ।

नयराज पन्त (२०१४:८)ले *कौटलीय अर्थशास्त्र*को माथि उद्धृत वाक्यको उल्था यसरी **इतिहास भनेको पुराण, भएको वास्तव घटनाको वर्णन, कथा, उदाहरण (राजाहरूको प्रशस्ति = प्रशंसात्मक जीवनचरित्र), धर्मशास्त्र (ऐन), अर्थशास्त्र (राजनीति) हो** गरेकाले उनको विचारमा **उदाहरण** भनेको **प्रशंसात्मक जीवनचरित्र** हो भन्ने स्पष्ट हुन्छ । त्यही अर्थअनुसार मैले **प्रशंसात्मक चरितलाई उदाहरण** भनी लेखेको हुँ ।

१८. धनवज्र वज्राचार्य २०१९ क ।

१९. महेशराज पन्त २०५५:५१ ।

२०. नयराज पन्त २०१९:१६-१९ ।

२१. महेशराज पन्त २०७१:७ ।

२२. यी गुणानन्दलाई कसैले अमृतानन्दका छोरा, कसैले अमृतानन्दका भाइ सुन्दरानन्दका छोरा भनी लेखेका छन् (विशेष विवरणको लागि महेशराज पन्त २०७४ हेर्नू) ।

२३. ड्यान्यल राइट १९३३ ।
माणिक बज्राचार्य*① र अक्सल मिषायेल्स २०७२ ।

२४. **तस्माद्गतो द्वारवर्ती कृष्णधानीमुपा⁻गां** (९०ख पत्रको ४ पङ्क्ति) ।

२५. **नेपालबाट संप⁻ बांधेर लैजान्थ्या** (९४ख पत्रको ७ पङ्क्ति) ।
सब् थोक् देष्नुभयो भनी ⁻⁻ले वर्णन् गरीयो (९१क पत्रको १ पङ्क्ति) ।

---

① यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३. एक थोक सार्नुपर्नेमा अर्को थोक सार्न पुग्दा पहिले लेखेकोलाई हरिताल लगाएर मेटी त्यसमाथि अर्को लेखिएको छ।[२६] उही शब्द दोहरिँदा पहिलोपटक लेखेको डोब देखिने गरी खुर्किएको छ।[२७] गल्ती हुँदा गलत अक्षरलाई खुर्की त्यसमाथि शुद्ध अक्षर लेखिएको पनि देखिएको छ।[२८] केही अपवाद छोडेर सार्नेले गुरुकापीबाट शुद्धसँग सारेको देखिन्छ।[२९] सर्वत्र संयुक्ताक्षर लेखिएकोमा एक ठाउँमा मात्र अलग अलग– **रिक्‌थ**– लेखिएको छ।[३०]

१४. त्यस वेलाको चलनअनुसार **व**को तल थोप्लो हाल्यो भने **व़** हुने र खालि **व** मात्र लेख्यो भने **ब** हुने भए पनि संस्कृत लेख्दा **ब**सँग **व** छुट्ट्याउन थोप्लो हालिएको छैन। तर नेपालीमा चाहिँ **व** उच्चारण हुने अक्षरमा थोप्लो हालिएको छ।[३१]

---

२६. ९७क पत्रका १-३ पङ्क्तिमा र ७ पङ्क्तिको अन्त्यअन्त्यदेखि ९ पङ्क्तिको अन्त्य अन्त्य हुने ठाउँमा र ९७ख पत्रका १-३ पङ्क्तिमा।

२७. ९८क पत्रको ६ पङ्क्तिपछिको अर्को उपपङ्क्तिमा ६ पङ्क्तिको **वैवाहि**पछि लेखिएको **कं रत्लकं रत्लमयोनविंशंमा** अघिल्लो **कं रत्ल** खुर्केको।

२८. **वलिष्ठे**को **लि** खुर्किएको अक्षरमाथि लेखिएको हो, खुर्किएको अक्षरको अलिकति डोब अझै देखिन्छ (९२क पत्रको ५ पङ्क्ति)।

२९. विसर्ग छुटेको– **इतस्तत स्थितिं** (८५ख पत्रको ५ पङ्क्ति)।
वर्ग दोहरिएको– **अमात्यवर्गवर्गेषु** (८६क पत्रको ६ पङ्क्ति)।
पृष्ट्वेति हुनुपर्नेमा **पृष्टेति** (८९ख पत्रको ८ पङ्क्ति)।
र्व्यामा रेफ छुटेको– **आनुपूव्यागतं** (९३क पत्रको ४ पङ्क्ति)।
निलिल्यिरे हुनुपर्नेमा **निलिल्युरे** (९५क पत्रको ६ पङ्क्ति)।
विसर्ग थपेको– **बबंधः** (९५ख पत्रको ५ पङ्क्ति)।
मंत्रिवरो हुनुपर्नेमा **मंत्रवरो** (९५ख पत्रको ५ पङ्क्ति)।
रेफ दोहरिएको– **पुर्नर्जगामाथ** (९५ख पत्रको ६ पङ्क्ति)।
चरित हुनुपर्नेमा **चरिज** भएको– **तत्कुचरिजकर्म** (९६क पत्रको ६ पङ्क्ति)।
कुर्मोथ हुनुपर्नेमा **कूर्मोथ** भएको (९६ख पत्रको ४ पङ्क्ति)।
पर्वतागमनं हुनुपर्नेमा **पार्वतागमनं** भएको (९७क पत्रको ५ पङ्क्ति)।
यमा रेफ छुटेको–**करुणासिंधुयथा** (९२ख पत्रको ४ पङ्क्ति)।
च्छमा **च** छुटेको– **म्लेछ**① **भूपा** (९९क पत्रको ५ पङ्क्ति)।

३०. **दानादिभिर्व्याप्यथ रिक्‌थराशेर्यदा** (८६ख पत्रको ५ पङ्क्ति)।

३१. **कुव़र** (८६क पत्रको ९ पङ्क्ति, ८८क पत्रको २ पङ्क्ति, ८९ख पत्रको २ पङ्क्ति, ९१क पत्रको ८ पङ्क्ति, ९२क पत्रको १ पङ्क्ति, ९६ख पत्रको ७ पङ्क्ति, ९७क पत्रको ८ पङ्क्ति, ९८क पत्रका ७ र ९ पङ्क्ति, ९८ख पत्रको ३ पङ्क्ति)।

---

① **च्छ**को ठाउँमा **छ** मात्र लेख्ने अशुद्ध चलन भएकोले (उदाहरणको लागि, अल्ब्रेख़्त वेबर १९१२ र अर्थर यान्थोनि म्याक्डोनेल १९६१ हेर्नू) यो गल्ती लिपिकरकै हो भनी भन्न गाह्रो छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५. मूर्धन्यको ठाउँमा दन्त्य भएको उदाहरण **कठिन**को ठाउँमा **कथिन** भएकोमा[३२] र **ल**को ठाउँमा **र** भएको उदाहरण **विशाल**को ठाउँमा **विशार** भएकोमा[३३] पाइएको छ ।

१६. रेफदेखि व्यञ्जन पर हुँदा सामान्यतया *कीर्तिमाला*मा व्यञ्जनको द्वित्व गरिएको छैन ।[३४] परसवर्ण गर्नैपर्ने अवस्थामा पनि आम तर अशुद्ध चलनअनुसार त्यहाँ सर्वत्र अनुस्वार हालिएको छ ।[३५] परसवर्ण विकल्प भएको ठाउँमा कहीँ पनि परसवर्ण गरिएको छैन । समपादको वा श्लोकको अन्त्यमा आएको **म्**को ठाउँमा सर्वत्र अनुस्वार हालिएको छ । अवग्रह अर्थात् खण्डाकारको प्रयोग यस पुस्तकमा धेरै नै कम छ । खुलाएर भन्दा, **ए**देखि **अ** पर हुँदा **अ**को लोप भएको अवस्थामा र **आ**देखि **अ** पर भई सवर्णदीर्घसन्धि हुँदा जम्मा २ ठाउँमा अवग्रह राखिएको छ ।[३६]

१७. सन्धि गरिने ठाउँमा सर्वत्र गरिए पनि २ ठाउँमा अपवाद पाइएको छ[३७] र सन्धि गर्दा कहीँ कहीँ बिग्रिएको पनि छ । जस्तै– **ए**देखि **इ** पर भएमा **ए**को ठाउँमा **अ** भइरहनुपर्नेमा फेरि **अ** र **इ**को सन्धि गरी **ए** गरिएको छ ।[३८] **त**को अगाडिको विसर्गको ठाउँमा **स्** गर्नुपर्नेमा विसर्गलोप गरिएको छ ।[३९] **आः** देखि **अ**

सवारी (८७क पत्रको ३ पङ्क्ति, ८७ख पत्रका ३ र ४, ९०ख पत्रको ३ पङ्क्ति, ९१क पत्रको ९ पङ्क्ति, ९१ख पत्रका १ र २ पङ्क्ति) ।

परेवा (८८क पत्रको ८ पङ्क्ति) ।

धूंवाकस्मा (८८ख पत्रको ३ पङ्क्ति), **धुंवाकस्** (८९क १ पङ्क्ति) ।

नेवारहरूमा (९४क पत्रको १ पङ्क्ति) ।

३२. **अमात्यवर्गेषु बहुष्वपीह नेपालदेशे कथिनैकशेषे** (८६क पत्रको उपपङ्क्ति) ।
यसको नेपाली व्याख्यामा भने मूर्धन्य **ठ** नै छ– **बडा कठीनसित काज चलाउनू पर्न्या यस् नेपालमा** (८६क पत्रका ८-९ पङ्क्ति) ।

३३. **न्यूनाधिकायाः सततं क्षाम्यं चक्रे विशारधीः** (९१ख पत्रका ४-५ पङ्क्ति) ।

३४. अपवाद– **सत्कीर्त्तिं** (९१ख पत्रको ५ पङ्क्ति, ९८क पत्रको ६ पङ्क्ति), **°कीर्त्तिं** (९२ख पत्रको ५ पङ्क्ति), **°न्यायकर्त्तारः** (९३ख पत्रको ६ पङ्क्ति) । **सार्द्धं** (९७ख पत्रको ५ पङ्क्ति), **वर्द्धयित्वा** (९९ख पत्रका ४-५ पङ्क्ति), **कीर्त्तिरूपी** (९८क पत्रको ९ पङ्क्ति) ।

३५. अङ्ग्रेजलाई बुझाउने **गोरण्ड** वा **गुरुण्ड** शब्दमा अपवादको रूपमा एक ठाउँमा मात्र परसवर्ण गरिएको छ– **नृपतिर्गोरण्डानां** (८९क पत्रको ६ पङ्क्ति), अन्यत्र अनुस्वार नै हालिएको छ– **गोरंडमुख्याय** (८९क पत्रको ४ पङ्क्ति), **गोरंडयुजं** (८९क पत्रको ५ पङ्क्ति), **गोरंडभूपतिः** (९०क पत्रको ४ पङ्क्ति), **गोरंडनृपेण** (९१क पत्रको ४ पङ्क्ति), **गुरुंडराजं** (९६क पत्रको ४ पङ्क्ति), **गुरुंडभूपो** (९६क पत्रको ५ पङ्क्ति) ।

३६. **कार्येऽवरजं** (८८क पत्रको ४ पङ्क्ति) ।

दृष्ट्वाऽन्यायं (९४ख पत्रको ६ पङ्क्ति) ।

३७. **तत् बुबुधे** (९८ख पत्रको ५ पङ्क्ति) ।

केचित् मृताश्च (९९ख पत्रको ६ पङ्क्ति) ।

३८. **पक्षहीने इति** हुनुपर्नेमा **पक्षहीनेति** (९२क पत्रको ३ पङ्क्ति) ।

ययाचे इति हुनुपर्नेमा **ययाचेति** (९७क पत्रको ९ पङ्क्ति) ।

३९. **बुद्ध्वा य तेषां मुखतः कुमंत्रं** (९५ख पत्रको ५ पङ्क्ति) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पर भएमा विसर्गलोप मात्र हुनुपर्नेमा फेरि सवर्णदीर्घसन्धि गरिएको छ।[४०]

१८. यस *कीर्तिमाला*मा व्याकरणविरुद्ध पद मात्र नपरी[४१] ठाउँठाउँमा ज्यादै भद्दा गल्ती पनि भएको छ। खुलाएर भन्दा, कर्मवाच्यमा पनि कर्तृवाच्यमा जस्तै कर्मलाई द्वितीयान्त पारिएको छ[४२] र **हन्** धातुबाट **तुमुन्** प्रत्यय गरी **हन्तुम्** बनाए जस्तै, **लुट्नु**को अर्थमा हुँदा हुँदा उणादिद्वारा सिद्ध **लोप्त्र** शब्ददेखि **तुमुन्** प्रत्यय गरी **लोप्तुम्** बनाइएको छ।[४३] **आफै बिग्रनाको मनसुबा भयाका** (९९ख पत्रका ७-८ पङ्क्ति) भन्ने अर्थमा **वि** उपसर्ग लागेको **नश्** धातुदेखि **इष्णुच्** प्रत्यय गरी **विनशिष्णवः**[४४] लेखेको देख्दा कस्ता कस्ता धातुमा **इष्णुच्** प्रत्यय लाग्छ भन्ने कुरा[४५]को विचारै नगरेको देखिन्छ।

१९. **अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्** अर्थात् **माषलाई बरु मष लेख्नू, छन्दोभङ्ग कहिल्यै नगर्नू** भन्ने सिद्धान्तको अनुसरण गरी यहाँ **पशुपति**लाई **पाशुपती** र **चेरुः**लाई **चेरुरु** मात्र नबनाई **रुः**को विसर्गको ठाउँमा आदेश भएको रेफसमेत लोप गरिएको छ।[४६] छन्दोऽनुरोधले होला, **वैवाहिकं रत्नमयोनविंशं** (९८क पत्रका ६ पङ्क्ति र उपपङ्क्ति)जस्तो रचना पनि यहाँ छ।

---

४०. **तद्दृष्ट्वा चागतामात्या गताः स्वस्य च मंत्रिणः** (९८ख पत्रको ६ पङ्क्ति)।

४१. **नेपालशासितरि** हुनुपर्नेमा **नेपालशास्तरि** १८ रत्नको ३ श्लोक (८५क पत्रको ६ पङ्क्ति)।
महाधीः हुनुपर्नेमा **महद्धीः** १८ रत्नको ९ श्लोक (८६ख पत्रको ४ पङ्क्ति)।
स्थापयित्वा हुनुपर्नेमा **स्थाप्य** १८ रत्नको १० श्लोक (८६ख पत्रको ६ पङ्क्ति)।
परावृत्तो हुनुपर्नेमा **परावृतो** १८ रत्नको २६ श्लोक (९०क पत्रको ६ पङ्क्ति)।
क्षमां हुनुपर्नेमा **क्षाम्यं** १८ रत्नको ३१ श्लोक (९१ख पत्रको ४ पङ्क्ति)।
संशोध्य हुनुपर्नेमा **संशोधयित्वा** १९ रत्नको ९ श्लोक (९३ख पत्रको ५ पङ्क्ति)।
वर्णयितुं हुनुपर्नेमा **वर्णितुं** १९ रत्नको १३ श्लोक (९४क पत्रको ७ पङ्क्ति)।
निष्कासिता° हुनुपर्नेमा **निष्काशिता°** १९ रत्नको १६ श्लोक (९५क पत्रको ५ पङ्क्ति)।
सक्ता हुनुपर्नेमा **शक्ता** १९ रत्नको १८ श्लोक (९५ख पत्रको ४ पङ्क्ति)।
जह्येनान् हुनुपर्नेमा **हनैनान्** १९ रत्नको २० श्लोक (९६क पत्रको ४ पङ्क्ति)।
त्वरमाणः हुनुपर्नेमा **त्वरन्** २० रत्नको २ श्लोक (९८ख पत्रको ६ पङ्क्ति)।

४२. **इतः परं तु नास्माभिर्द्वेषं प्रेषं जनस्य च ॥**
क्रियते ... १९ रत्नको २२ श्लोक (९६ख पत्रको ४ पङ्क्ति)।

४३. **हंतुं लोप्तुं चक्रमुस्ते** २० रत्नको ८ श्लोक (९९ख पत्रका ५-६ पङ्क्ति)।

४४. **पूर्वं कृतं नार्जयित्वा वर्द्धयित्वा करादिकं ॥**
आरेभिरे ग्रहीतुं ते भोट्याख्या विनशिष्णवः ॥७॥ (९९ख पत्रका ४-५ पङ्क्ति)।

४५. *अष्टाध्यायी* ३।२।१३६-१३८।

४६. **तपःप्रभावादथ गुह्यकाल्याः प्रसादतः पाशुपतीकृपातः** (९५ख पत्रको ४ पङ्क्ति)।
तदा स्वदेशान्नृपशेखरेण निष्काशिताश्चेरुरु मध्यदेशे (९५क पत्रको ४ पङ्क्ति)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छन्दमा पादपूरण गर्न नसक्दा **ह**[४७], **क**[४८] र **तु**[४९] जस्ता शब्द यत्रतत्र थपिएका छन्। वश्यवाग् नभएका कविको एउटा पद्यको एउटा पाउमा एउटा वर्ण बढी छ।[५०]

व्याकरण र छन्दमा ग्रन्थकारको कमीकमजोरी देखाउन अझ बढी लेख्न नसकिने होइन, यो त सरसरी हेर्दा देखिएको कुरा मात्र टिपिएको हो।

२०. श्री ३ जङ्गले यो *कीर्तिमाला* लेखाउन लगाएको नभई उनबाट धनलाभ गर्ने आशा लिई ग्रन्थकारले आफूखुशी लेखेको देखिन्छ। किन भने, उनले लेखाएका भए यिनीभन्दा भाषा र विषयमा धेरै पकड भएका निकै ग्रन्थकार भेट्टाउने थिए। यस्तै आफूखुशी लेखेको पुस्तकको एउटा उदाहरणको रूपमा अहिले *गोपालराजवंशावली* भनी कहलिएको इतिवृत्तको संस्कृतभागतर्फ औँल्याउन सकिन्छ। स्थितिराज मल्ल (मृत्यु वि.सं. १४५२, राज्यकाल १४३७-१४५२)ले आफैँले राख्न लगाएको, जयवागीश्वरीको ने.सं. ५०८ तदनुसार वि.सं. १४४४ को शिलालेखभन्दा त्यो इतिवृत्त निकै तल्लो कोटीको छ।[५१] जङ्गबहादुरकै पालाको कुरा गर्ने हो भने पनि, उनका माहिला छोरा जितजङ्ग (वि.सं. १९०६-?)ले पशुपति राजराजेश्वरीमा राख्न लगाएको शिलालेखको संस्कृतभाषा[५२] यस *कीर्तिमाला*को संस्कृतभन्दा कता हो कता राम्रो र शुद्ध छ।

---

४७. **रिक्तो राज्यांगकार्येषु मध्यदेशे चचार ह** (८५क पत्रको ४ पङ्क्ति)।
तस्मात्परावृतो वीरो रामेशं संददर्श ह (९०क पत्रको ६ पङ्क्ति)।
ददर्श वीरः क्रमशः प्रतिवर्षं क्रमेण ह (९०ख पत्रको ५ पङ्क्ति)।
तावद्गोरक्षेशराज्यं वर्षे वर्षे चचार ह (९१क पत्रको ६ पङ्क्ति)।
पूर्वं कृतं तन्नेपाले जयस्थितिनृपेण ह (९४क पत्रको ४ पङ्क्ति)।

४८. **अलावित्याख्यकं ग्रामं बलं संव्यूह्य संस्थिताः** (८५ख पत्रको ५ पङ्क्ति)।
नृपानुजोपि कतिचित्कालान्नीत्वा विदेशके (८७क पत्रको ५ पङ्क्ति)।
पीत्वा जलं जह्नुसमुद्भवायास्तीर्त्वा तथा मागधकं पुरं च (८८ख पत्रको ४ पङ्क्ति)।
साहस्रकं सप्तति ७० संख्यकं च गोरंडमुख्याय ददौ धनं सः (८९क पत्रको ४ पङ्क्ति)।
वलिष्ठे राजमानेन रंके वा बलहीनके (९२क पत्रका ५-६ पङ्क्ति)।

४९. **अनिच्छंतं च नृपतिं कृत्वाग्रेभिययुश्च ते** (८५ख पत्रका ४-५ पङ्क्ति)।
तदा सुतौ तस्य तु चौतरीयाकाजीपदे स्थाप्य च गौरवाय (८६ख पत्रको ६ पङ्क्ति)।
तस्मादस्य तु वर्ण्यते प्रतिशरद्यानं विदेशांतरे (८७ख पत्रका ५-६ पङ्क्ति)।
दृष्ट्वाऽन्यायं तु तत्कर्म राणेशो वीरशेखरः ॥
मिथो दानं तु दुष्टानामकरोद्बंधनादिभिः ॥ (९४ख पत्रको ६ पङ्क्ति)

५०. **मृगयामिषेण देशानां ज्ञात्वा ज्ञात्वा स्थितिं ततः** (९१ख पत्रको ४ पङ्क्ति)।

५१. महेशराज पन्त २०५०:२४-२५।

५२. धनवज्र वज्राचार्य २०१९:१९-२०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१. *कीर्तिमाला*को यस अपूरो अंशमा *गोर्खा* र *नेपाल* शब्दको प्रयोग पर्यायको रूपमा भए पनि *गोर्खा*भन्दा *नेपाल*को प्रयोग यहाँ ३ गुना जति बढी भएकोले **नेपालराज्य**मा **गोर्खाराज्य** परिणत हुँदै गएको छनक यताबाट पनि आउँछ ।

२२. *कीर्तिमाला*का कविले नेपालीमा **कलकत्ता** लेख्दा लेख्दै संस्कृतमा चाहिँ **किलिंकिला** लेखेको चाखलाग्दो छ ।[५३] **जहाज**को अर्थमा संस्कृतमा **धूमनौ**,[५४] **धूमाख्ययान**[५५] र नेपालीमा **धूँवाकस्**[५६] शब्दको प्रयोग उनले गरेका छन् । फेरि त्यही शब्द दोहऱ्याउनुपर्ने अवस्था आउँदा **निज नाउ**[५७] भनी काम चलाएका छन् । यही **धुंवाकस** शब्द जङ्गबहादुरको यूरोपयात्राको बयान गरी त्यसै वेला नेपालीमा लेखिएको, हाल *जंगबहादुरको बेलाइत-यात्रा* भनी प्रसिद्ध पुस्तकमा पनि ठाउँठाउँमा आएको छ ।[५८] उनको यूरोपयात्रा हुनुभन्दा १० वर्ष जतिअगाडिको पत्रमा यस्तो जहाजलाई **धुवाको जहाज**[५९] भनी लेखिएको चाखलाग्दो छ ।

अरबी भाषाको **खरीतः** शब्द हाम्रो यतातिरको भाषामा **खरिता** वा **खलिता** भई चलेको थियो र त्यस शब्दले मुख्य शासकले अर्को देशको मुख्य शासकलाई पठाइने चिठी बुझाउँथ्यो । त्यसैले श्री ५ सुरेन्द्र (वि.सं. १८८६-१९३८, राज्यकाल वि.सं. १९०४-१९३८)का दूतको हैसियतले जङ्गबहादुर वि.सं. १९०६ मा बेलाइत जाँदा महारानी भिक्टोरिया (वि.सं. १८७६-१९५७, राज्यकाल वि.सं. १८९४-१९५७)लाई श्री ५ सुरेन्द्रले लेखेको चिठी बोकी उनी गएका थिए । **खलिता** यो शब्द विदेशी भाषाको हो भन्ने नबुझेर हो कि, त्यही चिठीलाई *कीर्तिमाला*का कविले संस्कृत नेपाली दुवै भाषामा **स्खलिता** लेखेको चाखलाग्दो छ ।[६०] फारसीको **आईन** शब्द नेपालीमा **ऐन** बनी चलेको छ भन्ने कुरा त हामी सबैलाई थाहा छ । जङ्गबहादुरले बनाउन लागेको

---

५३. **ततः समारुह्य च धूमनावं किलिंकिलां प्राप महोत्सवाढ्यां** (८८ख पत्रका ५-६ पङ्क्ति) ।
ताहांदेषी अंग्रेजले दियाका धूंवाकस्मा चढीकन कलकत्ता नाम भयाको सहर । अंरेजको राजधानी ताहां पुग्नुभयो (८८ख पत्रका ३, ८ पङ्क्ति) ।

५४. **ततः समारुह्य च धूमनावं किलिंकिलां प्राप महोत्सवाढ्यां** (८८ख पत्रका ५-६ पङ्क्ति) ।

५५. **ततो ब्यलायद्रमनाय नूनं धूमाख्ययानस्य च वेतनाय** (८८ख पत्रको ७ पङ्क्ति) ।

५६. **ताहांदेषी अंग्रेजले दियाका धूंवाकस्मा चढीकन कलकत्ता नाम भयाको सहर । अंरेजको राजधानी ताहां पुग्नुभयो** (८८ख पत्रका ३, ८ पङ्क्ति) ।
धुंवाकस् लिनानिमित्त निजको मुजुरी भाडा ७० सत्तरी हजार रुपैना निज लाठलाई दिनुभयो (८९क पत्रका १-२ पङ्क्ति) ।

५७. **ताहांउप्रांत निज नाउमा चढी** (८९क पत्रको २ पङ्क्ति) ।

५८. कमल दीक्षित २०३०:३, ६, ४९ ।

५९. वि.सं. १८९५ श्रावणकृष्णप्रतिपदा आदित्यवारको दिन कलकत्तामा रहेका नेपाली वकील अर्थात् दूत लोकरमण उपाध्यायले पठाएको अर्जीमा (माणिक बज्राचार्य*, सिमन क्युबेलिक र राजन् खतिवडा २०७४:१५५) ।

६०. **संगृह्य चाज्ञां महतीं सुभूपात् सद्राज्यकार्येऽवरजं निधाय ।।**
प्रगृह्य भूपस्खलिताख्यपत्रं द्विसप्तसंख्यैश्च वृतः सुहृद्भिः ।।१५।।
(८८क पत्रका ३-४ पङ्क्ति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐन अर्थात् *मुलुकी ऐन*लाई संस्कृत बनाई कविले **आयन** शब्द चलाएका छन् ।[६१]

व्यवहारमा चलेका विदेशी शब्दलाई संस्कृतभाषामा भित्र्याएको कुरा तुर्की भाषाको **मुचुल्का**लाई **मुचुल्काख्य** अर्थात् **मुचुल्का भनिने**[६२] र अरबी भाषाको **काग़ज़**को तद्भव **कागद**[६३] लेखिएकोतर्फ औँल्याउनुपर्छ ।

२३. जङ्गबहादुरको बेलाइतयात्राको प्रसङ्गमा यस *कीर्तिमाला*मा **कुयिन** वा **क्वइन्** शब्द आएको छ । त्यस वेला बेलाइतको राजगद्दीमा रानी भिक्टोरिया भएकीले उनी राजाकी पत्नी नभई खुद राज्य गर्ने भए पनि *कीर्तिमाला*का कर्तालाई त्यस वेला गद्दीमा रानी बसेको भन्ने थाहा नभएर होला, संस्कृतमा **कुयिनाख्यस्तु नृपतिर्गोरण्डानां महेश्वरः** (८९क पत्रको ६ पङ्क्ति) अर्थात् **अङ्ग्रेजहरूका ठूला मालिक कुयिन भन्ने नाउँ भएका राजा** र नेपालीमा **कुयिन् भन्न्या राजा थियो** (८९क पत्रको ९ पङ्क्ति-८९ख पत्रको १ पङ्क्ति) र अरू प्रसङ्गमा नेपालीमा **क्वइन् बात्साहालाई दिन्या । स्वलितापत्र भंन्या चिठी लेषाउनुभयो** (८८क पत्रको ३ पङ्क्ति) र **ताहां उप्रांत । निज कुयिन् बात्साहा** (९०क पत्रको ३ पङ्क्ति) भनी उनले लेखेकाले **क्वीन्** शब्द राजाको नाउँ भनी उनले सम्झेको देखिन्छ । त्यसै गरी जङ्गबहादुरको प्रशस्तिमा आउने, २ भिन्नाभिन्नै ओहदा **प्राइम् मिनिस्टर्** र **कमान्डर्-इन्-चीफ्**लाई जोड्ने शब्द **यान्ड्** शब्दको अर्थ नलाग्दा *कीर्तिमाला*का कर्ताले **यान्ड्**लाई **मिनिस्टर्**सँग जोडी **मिनिष्टर यान्** लेखेका छन् ।[६४] यस्तो लेखाइ सरकारिया कागजमा पनि देखिएको छ ।[६५]

२४. **नेकी**को वर्गीकरणअनुसार भन्दा मसँग १९-२६ पूरा र २७ को केही अंश छन् ।

ताहांपछि श्री ५ सर्कारको क्वइन् बात्साहालाई दिन्या । स्वलितापत्र भंन्या चिठी लेषाउनुभयो ।
(८८क पत्रका २-३ पङ्क्ति)

६१. आयनाख्यं न्यायपरं निर्मायाथ शनैः शनैः ।।
संशोधयित्वा विप्रेभ्यः स्वमुद्रामुद्रितं कृतं ।। ९।।
स्थापितं न्यायसदसि यदा चायनपुस्तकं ।।
तदादिन्यायकर्त्तारः सर्वतो भेजिरे सुखं ।।१०।।
(९३ख पत्रका ४-६ पङ्क्ति)

सांप्रतं वीरवर्येण राणावंशाब्जभानुना ।।
न्यायायनं यल्लिखितं सर्वेषां सुखदं वभौ ।।१२।।
(९४क पत्रका ५-६ पङ्क्ति)

६२. इति पत्रं मुचुल्काख्यं लिखित्वाप्यददुश्च ते (९६ख पत्रको ५ पङ्क्ति) ।

६३. विलिलेख निमंत्रणे त्वरन् परभूपतयेथ कागदं (९८ख पत्रका ५-६ पङ्क्ति) ।

६४. प्राइम् मिनिष्टर यान् हुनुभयाका श्री ३ महाराज (८६ख पत्रको ३ पङ्क्ति) ।
ति मिनिष्टर यान् पदवीमा रहनुभयाका श्री ३ महाराजका (९६क पत्रको ३ पङ्क्ति) ।
अबदेषी उप्रांत । श्रीमिनिष्टर यान्साहेबका (९६क पत्रको ९ पङ्क्ति) ।

६५. सं १९०४ सा. वैसाषशुदि ७ रोज ४ श्रीप्राइममिनिष्टर यान्बाट सुबेदार मनुर्सीके (दिनेशराज पन्त २०५३: ५१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४.१. उन्नाइसौँ **नेकी**मा खास गरी अलैपर्वको कुरा छ। खुलाएर भन्दा, राज्यच्युत भएपछि श्री ५ राजेन्द्र (वि.सं. १८७०-१९३८, राज्यकाल वि.सं. १८७३-१९०४) मधेस गएको, नेपालबाट निकालिई त्यहाँ बसिरहेका भारादारहरूले जङ्गबहादुरको विरोधमा राजेन्द्रलाई चम्काएको, अनि राजेन्द्रको इच्छा नहुँदा नहुँदै पनि उनलाई अघि सारी ती भारादारहरू हातहतियारसहित नेपालतिर लागेको र अलैमा आई ती भारादारहरूले छाउनी हालेपछि जङ्गले यहाँबाट फौज पठाई ती भारादारहरूलाई मारेको, त्यसपछि राजेन्द्रको सवारी यहाँ चलाई जङ्गले श्री ५ बूढामहाराजाधिराज भन्ने नाउँले उनलाई प्रख्यात गराई बडो आनन्दपूर्वक राज्यभारको टण्टा छुट्याएर राखेको कुरा छ। (८५क-८६क पत्र)

काशी गएका श्री ५ राजेन्द्रलाई संस्कृतमा **गतसिंहासन** (८५क पत्रका ४-५ पङ्क्ति) र नेपालीमा **सिंहासन छुट्नुभयाका** (८५क पत्रको १ पङ्क्ति) भनी *कीर्तिमाला*मा लेखिए पनि त्यस वेलासम्म उनी राज्यच्युत भइसकेका थिएनन्, राजै थिए, खालि राज्यको बागडोर मात्र उनको हातमा थिएन। खुलाएर भन्दा, वि.सं. १९०३ कार्तिक २६ गते उनी काशीतिर लाग्दा उनी नै राजा थिए, वि.सं. १९०४ वैशाख ३१ गते मात्र श्री ५ सुरेन्द्रको सिंहासनारोहण भएको हो।[६६]

२४.२. बीसौँ **नेकी**मा माहिला साहेबज्यू अर्थात् श्री ५ राजेन्द्रका माहिला छोरा उपेन्द्रविक्रम (वि.सं. १८८८-१९५३) काशी जान खोज्दा निकै लोभ देखाई श्री ५ सुरेन्द्र र प्राइम्मिनिस्टर जङ्गबहादुरले उनलाई रोकेको कुरा छ। खुलाएर भन्दा, उपेन्द्रलाई धेरै पैसा दिँदा पनि उनले नमानेपछि उनका २ छोरामध्ये एक जनालाई चौतरियाको र अर्कोलाई काजीको खानगी दिएको, त्यसपछि उनको हैसियतमाफिक खर्चबर्च, खानापिना र नोकरचाकरको बन्दोबस्त गरी काशीमा उनको सवारी चलाएको कुरा छ। (८६क-८७क पत्र)

पहिले आफूखुशीमा उपेन्द्र काशी जाँदा जङ्गको विरोधमा उनी लाग्ने डर भएकोले उनका छोराहरूलाई जागीरमा हाली उनलाई पनि उनको हैसियतबमोजिमको खर्चबर्च दिई सन्तुष्ट पारी जङ्गले उनलाई काशी पठाएको यताबाट बुझिन्छ।

माहिला साहेबज्यू केही दिन काशीमा बसी फर्केर आई देउपाटनमा बसोबास गर्न थालेको कुरा लेखी बीसौँ **नेकी** टुङ्ग्याइएको छ। (८७क पत्र)

२४.३. एक्काइसौँ **नेकी**मा जङ्गबहादुरले गरेको यूरोपयात्राको कुरा छ। गोरखासरकारका कुनै पनि मन्त्रीले अहिलेसम्म राजकाजको भारले गर्दा नेपाल छोडी लडाइँमा बाहेक तल तल गएका थिएनन्, तर जङ्गमा विचित्र गुण भएकोले राजकाज थामीकन पनि परदेश डुल्न १।२ चोटि मात्र होइन, सधैँ वर्षैपीछे सवारी गरेको अब वर्णन गरिन्छ भनी कुरा उठाइएको छ। (८७क-८७ख पत्र)

---

६६. नयराज पन्त २०३५:१६७, १७०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बेलाइत नाउँ गरेको, अङ्ग्रेजको राज्यमा न आफ्ना देशका मानिसले न अरू देशका मानिसले कहिल्यै देखेको, न यस्तो छ भनी सुनेको, त्यस्तो देशमा जाने इच्छा गरी जङ्गबहादुरले श्री ५ सुरेन्द्रको आज्ञा लिए। आफ्ना माहिला भाइ जर्नेल बमबहादुर (वि.सं. १८७५?-१९१४, शासनकाल वि.सं. १९१३-१९१४)लाई राजकाजको अख्तियारीमा राखी बेलाइतको बादशाहलाई दिइने खलिता उनले श्री ५ को नाउँबाट लेखाए। अनि त्यस यात्राको लागि वि.सं. १९०६ माघशुक्लप्रतिपदा सोमवारको दिन १४ जनाको टोलीसहित उनी प्रस्थान गरेको कुरा यहाँ लेखिएको छ। (८७ख-८८क पत्र)

जङ्गबहादुरसँग जाने भाइभारादारको नाउँ *कीर्तिमाला*मा दिइएको छैन, खालि १४ जना मात्र गए भनी लेखिएको छ। *जंगबहादुरको बेलाइत-यात्रा*मा भने नाउँ किटिएका भाइभारादार १२ जना छन्।[६७] जङ्गका छोरा पद्मजङ्ग (वि.सं. १९१४-१९६३)ले लेखेको, आफ्ना बाबुको चरितमा भने १४ जनाको नाउँ काढिएको छ।[६८] यसरी *कीर्तिमाला* र पद्मजङ्गले लेखेको जीवनीमा यूरोप जाने भाइभारादारको सङ्ख्या उत्तिकै भएको देखिन्छ। पद्मजङ्गको पुस्तकमा नाउँ परेका वैद्य चक्रपाणि र चित्रकार भाजुमान *जंगबहादुरको बेलाइत-यात्रा*मा परेका छैनन्। अझ, *जंगबहादुरको बेलाइत-यात्रा*मा परेका खरीदार पृथ्वीधर पाध्याको ठाउँमा पद्मजङ्गको पुस्तकमा भने सुबेदार दलमर्दन थापा परेका छन्।

गङ्गाजीको जलपान गरी पटना भई दानापुर पुगेको र अङ्ग्रेजका अफिसरले जङ्गबहादुरको ठूलो सत्कार गरेको कुरा *कीर्तिमाला*मा लेखिएको छ। त्यसपछि पानीजहाजमा चढी कलकत्ता पुगेको र त्यहाँ लाठ अर्थात् गभर्नर-जनरल डल्हौजी (वि.सं. १८६९-१९१७, शासनकाल वि.सं. १९०४-१९१२)ले उनको सम्मान गरेको कुरा लेखिएको छ। (८८ख पत्र)

बेलाइत जानाको लागि जहाज भाडामा लिएको र त्यसको भाडा ७० हजार रुपियाँ तिरेको कुरा त्यहाँ लेखिएको छ (८८ख-८९क पत्र)। पद्मजङ्गले लेखेअनुसार, जहाजको भाडाको लागि ५ हजार पाउन्ड तिरिएको थियो।[६९] ७० हजार रुपियाँबराबर ५ हजार पाउन्ड हो भने १ पाउन्डलाई रुपियाँमा बदल्दा १४ रुपियाँ हुन्छ भन्ने स्पष्ट छ।[७०]

---

६७. कमल दीक्षित २०३०:२।

६८. पद्म जङ्ग बहादुर राणा १९६५:११६।

६९. उही:११९।

७०. **काजी हेमदल थापा र अमिन सुब्बा सिद्धिमानसिंह राजभण्डारीले तराईका सात जिल्ला पाँचसालका लागि इजारा (ठेक्कामा) दिए बेलायत जाँदा लागेको जहाज खर्च ५२ हजार चढाउँछौँ र थिति थामी रैती राजी राखी दाम काम पुऱ्याउँछौ① भन्दा जंगबहादुरले त्यो कुरा मानेनन् र दिएनन्** भनी ज्ञानमणि नेपाल (२०७४)ले लेखेका छन्, मूल प्रमाणचाहिँ खुलाएका छैनन्।

---

① यस्तै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जहाज चढेको केही दिनपछि बेलाइत पुगेपछि त्यहाँका बादशाहले जङ्गबहादुरको ठूलो सत्कार गरेको र श्री ५ सुरेन्द्रको खलिता जङ्गले बेलाइतको बादशाहलाई चढाएको कुरा लेखिएको छ। (८९क-८९ख पत्र)

जङ्गबहादुरलाई बेलाइतका बादशाहले ठूलो सत्कार गरेको भनी लेख्दा संस्कृतमा **कृत्वा पूजां च महतीं दत्वा च महदासनं** (८९ख पत्रका ४-५ पङ्क्ति) अर्थात् **ठूलो सत्कार गरी, ठूलो आसन दिई** भनेर र नेपालीमा चाहिँ **ताहाँ उप्रांत आदरपूर्वक लगी। आफ्ना गद्दीमा राष्दो भयो ठुलो पूजाकन गऱ्यो** (८९ख पत्रका ३, ७ पङ्क्ति) भनी लेखिएको छ।

संस्कृतमा त जे लेखियो, त्यसमा विप्रतिपत्ति गर्नुपर्ने कारण छैन, नेपालीमा भने बेलाइतका बादशाहले जङ्गलाई **आफ्ना गद्दीमा राष्दो भयो** भनी लेखेको कुरा पत्याइनसक्नु छ। जङ्गबहादुरको यूरोपयात्राको दिनका दिनको जस्तो घटना बयान गरी लेखिएको *जंगबहादुरको बेलाइत-यात्रा* (३५ पृ.)का तल उतारिएका वाक्यबाट त्यो भ्रम हट्छ–

> **दोश्रा मुलाकातको बेहोरामा ज्यावद् भारादार १५।१६ सय उनका मीम साहेब भारी गहना पोसाक लाई आयाका थिया। बादसाहा कुइन् सिंङ्गासनमा आड आगी खडा रह्याकी थिइन्। यस्तै बीचमा नेपालका श्रीप्राइम मिनिष्टर साहेबहरू आया र कुइनको सलाम् गऱ्या र कुइनले बडा आदरसित अगाडी नजीकैमा बस भनिन् र नजीकैमा रह्याका थिया।**

त्यहाँ ससम्मान केही दिन बिताई फ्रान्स (ग्रन्थकारको भाषामा फरासीस) गएको र त्यहाँ पनि उनको बहुत सत्कार भएको कुरा *कीर्तिमाला*मा लेखिएको छ। त्यहाँबाट फर्कँदा भारतमा रामेश्वर, द्वारका र अरू अरू तीर्थाटन गरेको कुरा छ। (८९ख-९१क पत्र)

अघि नेपालको चिठीपत्र नेपालभित्र मात्र चल्थ्यो, अब उप्रान्त अङ्ग्रेजको राज्यभर नेपालको चिठीपत्र जाने र उताबाट पनि आउने स्थिति बाँधेको कुरा छ। जङ्गबहादुरले बर्सेनि मेचीपश्चिम महाकालीपूर्वको गोरखाराज्यको स्थिति बुझ्न शिकार खेल्न गएको कुरा लेखी एक्काइसौँ **नेकी** टुङ्ग्याइएको छ। (९१क-९१ख पत्र)

२४.४. बाइसौँ **नेकी**मा मुलुकी ऐन बनाएको कुराको वर्णन छ (९२क-९४क पत्र)। अघि पनि यस्तो न्यायको ग्रन्थ राजा स्थितिराज मल्ल (मृत्यु वि.सं. १४५२, राज्यकाल १४३७-१४५२)ले अर्थात् **कीर्तिमाल**कारको भाषामा जयस्थितिसिंह मल्लले बनाएका रहेछन्, **सो स्थिति केहि केहि। नेपालीया प्रजा नेवारहरूमा क्यै रह्याको छ सो ग्रन्थ भन्या धेरै काल भयाको हुनाले हराईगयो। बनाउन पनि सानु गरी उनले बनायाका रह्याछन्** (९४क पत्रका १-३ पङ्क्ति) भनी यहाँ लेखिएकोमा केही टिप्पणी गर्नुपरेको छ।

आफ्नो *उपदेश*मा **राजा जयेथितिमल्लले बाध्याको थिति पनि हेरिसके**[७१] भनी श्री ५ पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)ले बोलेकाले उनले स्थितिराज मल्लले बाँधेको स्थिति भनी

---

७१. नयराज पन्त आदि २०२५:३२३। मूलमा भ्रमवश एउटा अक्षर छुटी **जयेथितिमल्ले** मात्र छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कहलिएको पुस्तक देखेका थिए भन्ने स्पष्ट हुन्छ । स्थितिराज मल्लले बाँधेको त्यो स्थिति उन्नाइसौँ शताब्दीको चौथो पाउदेखि नेपाली भाषामा लेखिँदै आएका आजभोलि **भाषावंशावली** भनी कहलिएका पुरावृत्तमा पाइएकोले[७२] त्यस्तै कुनै उनले हेरेको देखिन्छ । तर स्थितिराज मल्लको पालामा उनका मन्त्री जयतको लागि मणिकले तयार गरेको, **नारदस्मृति**को नेवारी भाषामा लेखिएको टीका[७३] प्रकाशित गरिँदा सर्वोच्च अदालतका तात्कालिक प्रधानन्यायाधीशले **त्यस बखतका नेपालका शासक स्थितिराज (जयस्थिति मल्ल)द्वारा तयार गराई नेपालमा लागू गरिएको यो कानून संहितावद्ध* कानूनको इतिहासमा नेपालको मात्र नभएर विश्वकै लागि एउटा अनमोल सम्पदा,**[७४] सर्वोच्च अदालतका तात्कालिक रजिष्ट्ररले **... राजा स्थितिराज मल्ल (जयस्थिति मल्ल)को न्यायविकासिनी भन्ने कानून ... राजा स्थितिराज मल्लको राज्यकालमा तयार पारिएको न्यायविकासिनी नामको यो अद्वितीय कानून ... यो न्यायविकासिनी नामको कानूनी ग्रन्थ**[७५] र *कानून* पत्रिकाका प्रधान सम्पादकले **... सन् १८०४ (वि.सं. १८६१)को नेपोलियनले फ्रान्समा जारी गरेको सिभिल कोडलाई लिखित कानूनको अगुवा मान्दछ । नेपालमा लिखित कानूनको प्रादुर्भाव र प्रयोग सन् १३८० (वि.सं. १४३६)मै भइसकेको कुरा हामी स्वयंलाई थाहा नहुनु दुर्भाग्य हो**[७६] भनेर मात्र नपुगी तिनै सम्पादकको *न्यायविकासिनी: विश्वकै पहिलो पूर्ण कानूनका रूपमा* भन्ने शीर्षकको लेख पुरातत्त्वविभागअन्तर्गतको राष्ट्रिय अभिलेखालयको मुखपत्रमा[७७] छापिए पनि त्यो कानून होइन भन्ने कुरा खुद टीकाकार मणिकले

इदमल्पधियां नृणां दुर्व्विज्ञेयं यदोदितं ।
नारदीयं यदस्तीह ९ न्यायशास्त्रं महार्थवत् ॥
तस्येयं लिख्यते टीका स्पष्टा नैपालभाषया ।[७८]

(ठूलो अर्थ भएको, बुद्धि कम भएका मानिसहरूको लागि भने जस्तो गरी बुझ्न गाह्रो, जुन नारदीय न्यायशास्त्र छ, त्यसको यो स्पष्ट टीका नेपालको भाषामा लेखिन्छ)

भनी त्यस टीकामा लेखेकोबाट मात्र पनि स्पष्ट हुन्छ ।

नेपालबाट भागेर भारत गएका अपराधीहरूलाई पहिले पहिले नेपालबाट फिर्ता माग्दा दिइँदैनथ्यो । तर भारतमा बदमाशी गरी यहाँ आएका त्यस्ता अपराधीहरूलाई बलजफ्ती फर्काएर लगिन्थ्यो । यस्तो असमान स्थिति

७२. हाइको फ्रेज़ २०५९ ।
७३. दिनेशराज पन्त २०६५ ।
७४. केदार प्रसाद गिरी* २०६५ ।
७५. रामकृष्ण तिमल्सेना २०६५ ।
७६. प्रकाश वस्ती २०६५ ।
७७. उही २०६५ क:१-५ ।
७८. उही:३२६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भइरहेकोले जङ्गबहादुरले उताबाट अपराधी यहाँ आए उसलाई उतै सुम्पने र नेपालबाट भागेर उता गएका त्यस्ता अपराधीलाई नेपालमा दाखिल गर्ने गरी दोहरो बन्दोबस्तको स्थिति जङ्गले बाँधे । यति कुरा त्याइसौँ **नेकी**मा छ । (९४ख-९५क पत्र)

२४.५. मुगलानमा शरण लिई बसेका विद्रोहीहरूलाई तह लाउन बाँधिएको स्थितिको कुरा चौबीसौँ **नेकी**मा छ (९५क-९६ख पत्र) । श्री ५ को गाथमा दगा गर्ने र ढुकुटी ह्रास्ने त्यस्ता भारादारहरू नेपालबाट निकालिँदा भारतमा डुलिरहन्थे । यिनीहरू जङ्गबहादुरको गाथमा दगा गरी भाडावाल अपराधीलाई यहाँ पठाउँथे । मौकाको खोजीमा काठमाडौँमा गुप्त रूपले बसिरहेका ती अपराधीहरूलाई पक्रेर खारखेर गर्दा मलाई फलानाले पठाएको हो भनी कायल भएपछि तिनीहरूलाई जङ्गले मारे । आइन्दा यस्तो अवस्था आउन नदिनको लागि उनी अङ्ग्रेज शासकलाई भेट्न मधेसतिर लागे । आफूमाथि दगा भएको सबै बयान गरी मेरो जीउमा दगा गर्नेलाई यहाँ पालियो, यिनीहरूलाई कि मार्नुपऱ्यो कि मसँग लडाइँ गर्नुपऱ्यो भनी जङ्गले त्यहाँ अङ्ग्रेज शासकलाई भने । अनि अङ्ग्रेज शासकले जङ्गलाई मोतीहारीमा लगे, ती विद्रोहीहरूलाई पनि त्यहीँ बोलाए । हामी जङ्गबहादुरउपर दगा गर्नेछैनौँ, मानिस पनि दगा गर्न पठाउनेछैनौँ, अब त्यस्तो गऱ्यौँ भने हामीलाई मार्नू भन्ने कागत लेखी विद्रोहीहरूले अङ्ग्रेजसरकारलाई सुम्पे । त्यसरी मुचुल्का लेखाएपछि जङ्गले शिकार खेलेको कुरा लेखी चौबीसौँ **नेकी** टुङ्ग्याइएको छ ।

२४.६. आफू चित्तौरगढबाट नेपाल आई पर्वत राज्यमा रहिआएका, राणा पदवी छुटेकाको सन्तान भएको पत्ता लगाई पछि (पल्लो) नुवाकोटका राजाले आफ्ना पुर्खालाई **कुवर** पदवी दिएको कुरा थाहा भएपछि हामीले पुरानो राणा पदवी फिर्ता पाउनुपर्ने हो भनी महाराजाधिराज सुरेन्द्रलाई जङ्गबहादुरले बिन्ती गरे । अनि श्री ५ सुरेन्द्रबाट उनले शुद्ध रजपूतको पदवी पाए । हराएको राणा पदवी अब पाएपछि रजपूतसँग मात्र बिहावारी गर्ने र क्षत्रिय पदवी पाएको खस जातसित अब उप्रान्त जङ्ग बिहावारी नगर्ने भए । यति कुरा पच्चीसौँ **नेकी**मा छ । (९७क-९७ख पत्र)

२४.७. प्रयोगमा आउन छोडेको, शुद्ध रजपूतको आफ्नो पदवी तिमीले हामीबाट पाएकाले हामी बराबरका तिमी भयौ, त्यस कारण तिम्रा र हाम्रा सन्तानको परस्परमा विवाह गर्नू भनी जङ्गबहादुरसँग खुशी भएका, बूढामहाराजाधिराज श्री ५ राजेन्द्रले भने, त्यस विषयमा लालमोहरसमेत पाएपछि परस्परमा बिहावारी भएको कुरा छब्बीसौँ **नेकी**मा छ । (९७ख-९८ख पत्र)

यसरी जङ्गबहादुर माथिल्लो जातमा उक्लिएकाले नै श्री ५ सुरेन्द्रका २ छोरीको विवाह क्रमशः उनका २ छोरासँग र जङ्गका २ छोरीको विवाह युवराजसँग हुनु सम्भव भयो । खुलाएर भन्दा, जङ्गका जेठा छोरा जगत्जङ्ग (वि.सं. १९०४-१९४२)को विवाह ई.सं. १८५४ मे ८ तारीख तदनुसार वि.सं. १९११ वैशाख २७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गते वैशाखशुक्लसप्तमीको दिन श्री ५ सुरेन्द्रकी जेठी छोरीसँग[७९] र माहिला छोरा जितजङ्गको विवाह श्री ५ की माहिली छोरीसँग ई.सं. १८५५ फरवरी ८ तारीख तदनुसार वि.सं. १९११ फागुन १४ गते फागुनशुक्लअष्टमीको दिन भएको[८०] र जङ्गका २ छोरीको विवाह युवराज त्रैलोक्य (वि.सं. १९०४-१९३४)सँग हुनु सम्भव भयो ।

२४.८. अपूरो सत्ताइसौँ **नेकी**मा भोटसँग खटपट परेको कुरा परेको छ (९८ख-९९ख) । हिमालयको पार्श्वमा रहेको तातोपानीमा कुनै समय शिकार खेल्न जाँदा जङ्गबहादुरले त्यहाँ गोरखा राज्यको साँध नदेख्दा भोटसँग पत्रव्यवहार गरे । अनि भोटका र यहाँका मन्त्रीहरू बसी दुवै पक्षको चित्त बुझाई वर सरेको साँध पर सारी चिह्न लगाउने काम भयो । भोटले मिचेको जमीन आफूतिर पारी जङ्ग काठमाडौँ फर्के । त्यस दिनदेखि भोटका शासकहरू नेपालसँग रिसाउँदा अघिदेखि बाँधिएको स्थितिबमोजिम केरुङ, झुंगा, डिगर्चा, सिकार्जुङ, ह्लासा आदि शहरमा बेचिने वस्तुको जगात अर्थात् कर, पसलको र आफू बस्ने घरको भाडा इत्यादि तिरी बेपार गरी बसेका नेपाली बेपारीहरूसँग दोबर तेबरसम्म पनि कर उठाइयो । अनि लूटपाट र हूलहुज्जत गर्दा केही बेपारीको ज्यान गयो र केही भागी नेपाल आए ।

७९. पद्म जङ्ग बहादुर राणा १९६५:१६९-१७० ।

८०. उही:१७६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

[८५क] **रिक्तो राज्यांगकार्येषु मध्यदेशे चचार ह ।।१।।**

सैमा रहलीरहनुभयो ।। १ ।।

तत्र राजानमाश्रित्य गतसिंहासनं खलाः ।।
निःसारिताः स्वस्य देशाज्जंगबाहादुरद्विषः ।।२।।

तत्रेति ।। तब सिंहासन छुट्नुभयाका श्री ५ महाराजलाई । भेटयउन्या भयाका । श्री ३ महाराज जंगबहादुर कुवर राणा वर्मजीका उपर दुस्मनाई गऱ्या । अघि पनि दर्बारका अप्सरीया भई । देशबाट निकालीयाका मूर्ष काजीहरू एगठ्ठा भया ।।२।।

कुमंत्रणमथो चक्रुर्द्वेषं नेपालशास्तरि ।।
बलं समूह्य सेनान्यो निर्ममुर्युद्धसंमताः ।।३।।

कुमंत्रणमिति ।। ताहां कुमंत्रणा गर्न लाग्या । कस्तो भन्या । नेपालसर्कारको मुषत्यारी लियाका श्री ३ महाराजका उपर्दगा भयाको । गऱ्या क्या तब भन्या । फौज जमाई पगरीहरु दल्मुषी षडा गराया युद्धको इरादा राष्ता भया ।।३।।

सांग्रामिकं तु संपाद्य शस्त्रास्त्रादिकमुद्धयः ।।
अनिच्छंतं च नृपतिं कृत्वाग्रेभिययुश्च ते ।।४।।

सांग्रामिकमिति ।। ति उद्भट भयाकाहरुले लडाञीको षजना प[८५ख]नी शस्त्रास्त्रहरु तयार गऱ्या । त्यस्मतलप्मा सामेल नभयाका प्रभु श्रीमहाराज राजेन्द्रविक्रम साह वर्माकन पनी । एक्ला हुनाले बलैले अघि सारी आठदा भया ।।४ ।।

अलावित्याख्यकं ग्रामं बलं संव्यूह्य संस्थिताः ।।
इतस्तत स्थितिं भंक्त्वा विलुंपंतो बवाधिरे ।।५।।

अलौ इति । अलौ भंन्या आफ्ना मुलुक्का कोहि गाउंमा आई । फौजको छाउनी हाली । नेपालदेषी बांधी राष्याको थिति भत्काई । प्रजाहरुकन पनी बहुत पीडा दिया ।। ५।।

श्रुत्वा राणाकुलमणिर्बलं संप्रेष्य भूपतेः ।।
दुष्टान् हत्वा नृपं स्वस्थं वृद्धं स्वपुरमानयत् ।।६।।

श्रुत्वेति ।। यो समाचार श्री ३ महाराजबाट सुनीबक्सनुभयो र । नेपालबाट फौज पठाइबक्सनुभयो र । ति सकल दुष्टको फौज मारी । ति दुष्ट काजीहरुकन पनी मारी । श्री ५ महाराजकन बडा सुविस्ताले नेपालमा चलाई गरायी ल्याया ।।६।।

[८६क] **ततो वृद्धमहाराजाधिराज इति नामतः ।।**
प्रख्यापयन् स्ववसतिं सुखेनावासयत्सुधीः ।।७।।

तत इति ।। ताहां उप्रांत निज प्रभूकन श्री ५ बुढामहाराजाधिराज भंन्या प्रख्यात गराई । बडा आनंदपूर्वक राज्यभारको टंट्यदेषी छुटई । बडा सुखसित राषनुभयो ।। ७ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एवं कृतज्ञो न परास्ति पूर्वं न वा भविष्यंति न सांप्रतं वा ।।
अमात्यवर्गवर्गेषु बहुष्वपीह नेपालदेशे कथिनैकशेषे ।।८।।

एवमिति ।। यो सबै अपूर्व तर्जुमा देषनाले श्री ५ सर्कारमा । बडा विचारपूर्वक काम गरी । इजत राषी संभार गर्न्या । अघि पनी कोहि थियेनन् । पछि पनि हुन्याछैनन् । हालमा पनी छैनन् । हुन ता काजीषलक् गोर्षादर्बारमा धेरै छन्त पनी । बडा कठीनसित काज चलाउनूपर्न्या यस् नेपालमा । श्री ३ महाराज जंगबहादूर कुवर राणाजी बरोबर कोहि हुन्याछैन ।।८।। नेकी ।। १९ ।।

[८६ख] गोरक्षभूपावरजः कदाचिदियेष काशीगमने महर्द्धीः ।।
निवारितो जंगबहादुरेण साकं नृपेणाथ तदग्रजेन ।।९।।

गोरक्षेति । यसै बीचमा कोहि दिन् । निज श्री ५ महाराजाधिराजका भाई । श्री ५ माहिला साहेबज्यू । काशी जांछू भनि तयार हुनूभयो । अत्यंत बुद्धिमान् हुनुहुन्थ्यो । त्यस बषतमा । आफ्ना दाज्यूज्यू श्री ५ महाराजबाट र प्राइम्मिनिष्टर यान् हुनुभयाका श्री ३ महाराज जंगबाहादुर कुवर राणाजीबाट पनी नजानु भनी छेकिदा भया ।। ९ ।।

दानादिभिर्वाप्यथ रिक्थराशेर्यदा न गृह्णाति वचांसि तेषां ।।
तदा सुतौ तस्य तु चौतरीयाकाजीपदे स्थाप्य च गौरवाय ।।१०।।

दानादिभिरिति । त्यस् वेला कसै नमान्दा । धेरै द्रव्य दिदा पनि जब मान्दा भयेनन् र । तब निज श्री ५ माहिला साहेबज्यूका २ पुत्रकन १ कन चौतरीया षानगी १ कन काजी षान्गी दिकन । निज श्री ५ माहिला साहेबज्यूको मान राषदा भया ।।१०।।

[८७क] प्रेषयामास विश्वेशपदे गंगाभसोज्ज्वले ।।
वर्षाशनं यथायोग्यमददात्सचिवोग्रणीः ।।११।।

प्रेषयामासेति ।। ताहां उप्रांत श्रीविश्वेश्वरका दर्शन्निमित्त गंगाजीका तरंगले उज्ज्वल भयाकी काशीविषे श्री ५ माहिला साहेबज्यूकन सवारी गराई । जस्तो षर्च गरीकन । यथायोग्य हुन्थ्यो सोमाफिक् षर्चको षानापिनाको चाकरहरुको पनी बंदोबस्त श्री ३ महाराजबाट गरीबक्सनुभयो ।।११।।

नृपानुजोपि कतिचित्कालान्नीत्वा विदेशके ।।
पुनर्नेपालमागत्य सिषेवे देवपत्तनं ।।१२।।

नृपानुज इति ।। श्री ५ माहिला साहेबज्यू पनि । केहि दिन् परदेशमा बिताई । फेर्नेपालमा आईकन द्यौपाटन्मा राज गर्नूभयो ।।१२।। नेकी २० ।।

गोरक्षेशनृपांघ्रिसेवनपरा ये मंत्रिणः पूर्वजाः
सर्वे नावसराश्च कार्यनिचयै राज्यांगभारोद्भवैः ।।
सक्ता नैव गृहात्कदापि चलितुं युद्धं विना कुत्रचित्
तस्मादस्य तु वर्ण्यते प्रतिशरद्यानं विदेशांतरे ।।१३।।

गोरक्षेशेति ।। अघिका आजतक्सम्मका जो गोर्षासर्कारको टहल गर्नामा । तत्पर भयाका । गैन्ह जती मंत्रीवर्ग [८७ख] थिया । सो राजकाजका भारले नेपाल आफ्ना घर छोडीकन । पुढो पुढो देशमा जानु । लडाञीबाहेक्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कैल्हे सक्तैनथ्या । तसर्थ । श्री ३ महाराज जंगबहादूर कुवर राणा वर्ममा ता । विचित्र गुण हुनाले राजकाज थामीकन पनी । परदेश डुल्नु १।२ बषत् मात्रै होइन की । सधै वर्षैपिछे सवारी गऱ्याको अब वर्णन् गरिन्छ ।।१३।।

स्वदेशजैर्वा परदेशजैर्वा दृष्टं न केनापि श्रुतं कथंचित् ।।
बेलायताख्यं सिततुंडराज्यं चक्रे मनो गंतुममात्यसिंहः ।।१४।।

स्वदेशजैरिति ।। अब पैहिलेकै सवारी पनि बडो आश्चर्य जनाउन्याछ भनी त्यस्को महिमा पैल्हे गरिन्छ । बेलायत नाउं गऱ्याको । अंरेजको जो राज्य टिप्पा हो । सो कस्तो भन्या । न आफ्ना देशका मानिस्ले न अरु राजाका देशका मानिस्ले । जो कोहीले पनि कहिल्यै[१] देष्याको । न यस्तो छ भनि सुन्याको । केवल नाउं मात्र सुन्याको । त्यस्ता देशमा पहिले जानाको इरादा गरीबक्सनुभयो ।।१४।।

[८८क] संगृह्य चाज्ञां महतीं सुभूपात् सद्राज्यकार्येऽवरजं निधाय ।।
प्रगृह्य भूपस्खलिताख्यपत्रं द्विसप्तसंख्यैश्च वृतः सुहृद्भिः ।।१५।।

संगृह्येति ।। पहिले श्री ५ महाराजबाट जानु भन्न्या हुकुम गराउनुभयो । ताहां पछि आफ्ना माहिला भाई । जर्णैल बंबहादूर कुवर राणाजीकन । राजकाजको अषत्यारीमा राष्नूभयो । ताहांपछि श्री ५ सर्कारको क्वइन् बात्साहालाई दिन्या । स्खलितापत्र भंन्या चिठी लेषाउनुभयो । ताहांपछि १४ जनाको जान्या जमाद ली तयार हुनूभयो ।१५।।

षट्शून्यगोचन्द्र १९०६ मिते सुवर्षे स्यान्माघशुक्लाद्यदिनेन्दुवारे ।।
द्वीपांतरालोकनजातकांक्षो द्विजैः कृतस्वस्त्ययनो जगाम १६

षडिति ।। ताहां उप्रांत त्यो १९०६ उन्नैस्सय छ । सालमा । माघशुक्लपरेवाको दिन । सोमवार । ब्राह्मणहरूको पूजा गरी । निजहरूबाट स्वस्तिवाचन गराई । द्वीपांतर्को दर्शन् गर्न इरादा हुनुभयाका श्री ३ महाराजले प्रस्थान गरीबक्सनुभयो ।।१६

[८८ख] पीत्वा जलं जह्नुसमुद्भवायास्तीर्त्वा तथा मागधकं पुरं च ।।
दानापुरे श्वेतमुखेन तूर्णं संमानितो दीर्घतरोपचारैः ।।१७।।

पीत्वेति ।। जांदा जांदा गंगाजी पुगी । निजको जलपान गरी । पटनामा पुगी सो सहर नाघी । दानापुर नाउ भयाका सहरमा पुग्नोभयो र । ताहां बस्याका अंग्रेजका अपिसरले । बहूत ठूलो सत्कारले मान गरिनुभयो ।।१७।।

ततः समारुह्य च धूमनावं किलिंकिलां प्राप महोत्सवाढ्यां ।।
तत्र स्थितेनापि च लाठनाम्ना स्वसंप्रदायैर्बहु मानितोयं ।।१८।।

तत इति ।। ताहां देषी अंग्रेजले दियाका धूंवाकस्मा चढीकन कलकत्ता नाम भयाको सहर । अंरेजको राजधानी ताहां पुग्नुभयो र । ताहां बस्याका लाठ भन्या अंरेजको राजाले पनी । आफ्ना संप्रदायमाफिक् षूप् सत्कार गर्दो भयो ।।१८।।

ततो ब्यलायद्गमनाय नूनं धूमाख्ययानस्य च वेतनाय ।। ॐ ।।
साहस्रकं सप्तति ७० संख्यकं च गोरंडमुख्याय ददौ धनं सः ।।१९।।

---

१. जो कोहीले पनि न कहिल्यै हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तत इति । ताहांपछि बेलायत जा[८९क]नलाई बंदोबस्त गर्नुहुंदा । धुंवाकस् लिनानिमित्त निजको मुजुरी भाडा ७० सत्तरी हजार रुपैञा निज लाठलाई दिनुभयो ।।१९।।

ततोब्धिगोसौ सचिवाद्यगामी प्राप्तस्तु कैश्चिद्दिवसैः प्रदेशं ।।
तमेव गोरंडयुजं विचित्रं विवेश तस्मिन् गतविस्मयोयं ।।२०।।

तत इति ।। ताहां उप्रांत निज नाउमा चढी । इग्रेजले चलाई लैग्याका श्री ३ महाराज क्यै दिन्मा त्यसै बेलायेत्मा पुग्नूभयो । कस्तो त्यो बेलायत् भन्या । सारा अरेजले व्याप्त भयाको । नाना तरहका अनेक विचित्र शिल्पले युक्त भयाको । कांही नदेषीयाका चीजबीज भर्त्ती भयाको । यस्तो थियो तपनी । ठुलो बुद्धि हुनाले कसै पनी आश्चय[२] नमानीबक्सनूभयो ।।२०।।

कुयिनाख्यस्तु नृपतिर्गोरण्डानां महेश्वरः।। ॐ ।।
राणाशिरोमणिं दृष्ट्वा मुदालिंगनमाचरत् ।।२१।।

कुयिनेति ।। तेस् बेलायत्मा रह्याको अंरेजको मालीक् । बात्साहा भन्या जस्तो । कुयिन् भन्या [८९ख] राजा थियो । तब त्यस्का नजीकमा पुग्न्या भयाका । राणावंशका केवल् शिरोमणी जस्ता श्री ३ महाराज जंगबाहादुर कुवर राणा वर्मजीकन । देषृतैमा टाढैबाट बडो हर्ष भई नजीक आई । अंकमालकन गर्दो भयो ।।२१।।

कृत्वा पूजां च महतीं दत्वा च महदासनं ।।
दृष्ट्वा पत्रं च नृपतेर्ननामाथ ससंभ्रमः ।।२२।।

कृत्वेति । ताहां उप्रांत आदरपूर्वक लगी । आफ्ना गद्दीमा राष्दो भयो ठुलो पूजाकन गऱ्यो र । ताहां उप्रान्त श्री ३ महाराजबाट । दियाको स्खलितपत्र हातमा लिई । शिरमा राषी बडो लोटपोट गर्दो भयो ।।२२।।

पृष्ट्वाथ कुशलं शश्वत् सानुगं वीरशेखरं ।।
भोजनादिसुभोगैश्च पूजयामास पार्थिवः ।।२३।। ।।

पृष्टेति ।। ताहां उप्रांत श्री ३ महाराजको र अरु यायी गैऱ्हको कुशल प्रश्न गऱ्यो डेराको बंडोबस्त गरी । कसैले गर्न नसक्न्या जस्तै । भारी सराजाम्ले षानापिना । सुतन बस्ना उठ्ना प्रभृ[९०क]ति नाना सुखभोग गरायो ।।२३।।

दर्शयन् स्वस्य राज्यस्य स्थितिं गोरंडभूपतिः ।।
वासयामास कतिचिद्दिनानि सचिवाग्रगं ।।२४।।

दर्शयन्निति । ताहां उप्रान्त आफ्ना राज्यमा भयाभर्को थितिबिति चीजबीज देषाउनू देषायो । सुनाउन्या सुनायो र । त्यो अंरेज्का राजाले । क्यै दिन् निज श्री ३ महाराजकन सागिर्दस्मेत् क्यै दिन् तांहि राष्यो ।।२४।।

ततो निववृते तस्मात् फरासीसाख्यभूपतेः ।।
देशं प्रायाद्वीरवरस्तेनापि बहु मानितः ।।२५।।

तत इति ।। ताहां उप्रांत । निज कुयिन् बात्साहासित बिदा भई । ताहां देषी फर्क्याका । श्री ३ महाराज । फरासीस् भंन्या । म्लेछ राजाका मुलुक्मा जानुभयो र । महावीर हुनुभयाका श्री ३ महाराजकन । त्यस्ले पनी बहूत्सत्कार गरी मान्दो भयो ।।२५।।

---

२. आश्चर्य हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तस्मात्परावृतो वीरो रामेशं संददर्श ह ।। ॐ ।।
तस्माद्गतो द्वारवतीं कृष्ण धानी मुपा¯ गां ।।२६।।

तस्मादिति ।। ताहांदेषि फिरेर श्री ३ महाराजले श्रीसेतुबंध रामेश्वरको दर्शन गर्नुभयो । ताहँ देषी [९०ख]फिरी पश्चिमसमुद्रका तीरमा पुगी द्वारकामा पुग्नुभयो । श्रीकृष्णकी पियारी पुरीको दर्शन भयो ।।२६।।

अन्यान्यपि च तीर्थानि संति यानीह भारते ।।
ददर्श वीरः क्रमशः प्रतिवर्षं क्रमेण ह ।।२७।।

अन्यानीति । यस्तै तरहले अरु तीर्थमा पनी डुलीबक्सनुभयो । एहि तरहले वर्षवर्षप्रति । देशदेशमा सवारी भई नाना तीर्थको दर्शन् गर्नुहुन्थ्यो ।।२७।।

देशाश्च ये संति च भारताख्ये वर्षे नृपाणां विविधानुरूपाः ।।
तेषां स्थितिं वाप्यथ वस्तुजातं किं वा न दृष्टं सचिवाग्रगेन ।।२८।।

देशाश्चेति । यो भारतखंडमा मनुष्यले जानु हुन्यासंमका जती देश थिया । कस्ता भन्या । नाना रूप नाना स्थिति नाना चीजबीज भयाका । तिन्‌बिषे सालबसाल् । कैल्हे कसै देशमा कैल्हे कसै देशमा । डुलिबक्सनुहुनाले कुन् स्थिति । कुन् चीजबीज् श्री ३ महाराजले देषीबक्सनुभयाको [९१क] होओइन भन्नाले सब् थोक् देषनुभयो भनी –– ले वर्णन् गरीयो ।।२८।।

विधाय गोरंडनृपेण संमतिं यानं तु पत्रस्य चकार तन्मिथः ।।
देशे स्वकीयेपि च तत्र तत्र तां स्थितिं वितेने महतीं सुदुर्लभाम् ।।२९।।

विधायेति ।। अघी हाम्रा देशका चिठीपत्र । आफ्ना मुलुक्‌सम्म मात्र चल्न्या थिती थियो । तेसै वेला श्री ३ महाराजबाट । इग्रेज् राजासितको द्वस्तान गरी । यो बंदोबस्त बांधनुभयो । जुन्‌सुकै मुलुक्‌मा पनी । अंरेजका राज्यभरि । नेपालका चिठीपत्र जान्या देशका पनी बराबर आउन्या । यो अत्यंत बडो थिती बांधीबक्‌सनुभयो ।।२९।।

यावन्मेची तु पूर्वस्यां महाकाली च पश्चिमे ।।
तावद्गोरक्षेशराज्यं वर्षे वर्षे चचार ह ।।३०।। ॐ ।।

यावदिति । अब यो श्री ३ महाराज जंगबाहादुर कुवर राणा वर्मको । यो सालबसाली जो सवारी हो । त्यस्मा विशेष अन्यत्र देशमा । सवारी भयाको विशेष लेषीयेला । सामान्य ता गोर्षा[९१ख]को राज्य मेचीपश्चिम महाकालीपूर्वका राज्यभरसँबै वर्षमा सवारी गरीबक्सनुहुन्थ्यो ।।३०।।

मृगयामिषेण देशानां ज्ञात्वा स्थितिं ततः ।।
न्यूनाधिकायाः सततं क्षाम्यं चक्रे विशारधीः ।।३१।।

यस् सवारीको प्रयोजन क्या हो । तब भनौला । मृगयामिषेणेति । यौटा सिकारका निहुंले गरी देशदेशमा स्थितिको । तलमाथी पऱ्याको बुझी अन्याय जत्ति ह्रासी । सकल न्यायस्थिति गर्नाका निमित्तको सवारी हो भनी । सामान्या आसय वर्णन् गरीयो ।।३१।। नेकी २१ ।। ।।

श्रीजंगबाहादुरभूमिपस्य महद्गुणौघैरवगुंफितायाम् ।।
सत्कीर्त्तिरत्नोज्ज्वलमालिकायामष्टादशं यात्रिकरत्नमेवं ।।१८।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति श्री ३ महाराज जंगबहादूर कुवर राणाजीका। कीर्त्तिरूपी रत्न जंमा गरी। निज प्रभूका गुणरूपी धागाले गांथ्याकी कीर्त्तिमाला नाउ भन्याका ग्रंथमा। श्री ३ महाराजबाट गरीबक्सनुभयाका। नेकी २१ को अष्टादश रत्न सकीयो ।।१८।।

[९२क] अथ गोरक्षेन्द्रमंत्री विधाय कुशलां स्थितिं ।।
विचारयन्न्यायपथं सर्वास्वथ सभासु च ।।१।।

अथेति। ताहां उप्रांत गोर्षासर्कारका मुख्यमंत्री भयाका। श्री ३ महाराज जंगबाहादुर कुवर राणा वर्मजीले। सकल तरहले सुंदर भयाकी दुनीया प्रजाको चित्त बाहाल हुन्या। यस्तो स्थिति गरीकन अदालतका अडाअडाको निसापको स्थिति। विचार गर्न लाग्नूभयो ।।१।।

पक्षहीने सपक्षे वा निर्धने धनवर्जिते ।।
बलिष्ठे राजमानेन रंके वा बलहीनके ।।२।।

पक्षहीनेति। क्या देष्नुभयो तब भन्या। पक्ष हुन्याको र पक्ष नहुन्याको। कंकालको र धनीको राजमानले बलीया भयाका जनको र। राजाको आश्रय नपायाका दुःखीको पनी ।।२।।

विपर्ययं न्यायबलं हीनानां बहुदुःखदं ।। ❁ ।।
कुत्रचिच्छास्त्रदुष्टं च संप्रदायविरोधि च ।।३।।

विपर्ययमिति। निसाफ फरक भयाको गरीपहरूलाई अतीदुःख दिन्या। यस्तो निसाफ देषनूभयो। कांहि शास्त्रविरोध भयाको। कांहि साबिक् [९२ख] छुट्याको देष्नूभयो ।।३।।

दृष्ट्वा स करुणासिंधुर्यथाशास्त्रमपापकृत् ।।
दीर्घा भवेद्यथा कीर्त्तिस्तथा कर्त्तुं मनो दधे ।।४।।

दृष्ट्वेति। यस्तो नीतिमा धेरै धेरै फरक् पर्‍याको देषीकन। साक्षात्करुणाका समुद्र भयाका प्रजाका उपर्अत्यंत दया राषीकन। शास्त्रमा कति विरोध नपर्न्या गरी पाप नलाग्न्या गरी। जस्ता प्रकारले आफ्नु परसंम कीर्ति रहन्या हो। सो गर्नामा मन्सुबा गरीबक्सनुभयो ।।४।।

आहूय सर्वान्न्यायज्ञान् वृद्धान्ब्राह्मणसत्तमान् ।।
शास्त्रज्ञान्नीतिनिपुणान्धर्मिष्ठांश्च बहुश्रुतान् ।।५।।

आहूयेति। तब ज्या गर्नूभयो भन्या। आफ्ना अघीदेषि चलिआयाका निसाफ जा[३] बुढा बुढा। शास्त्र जान्या ब्राह्मणहरु। नीतिमा कुशल भयाका अरु वृद्धहरु। धर्म जान्या वृद्धहरु। पुराना कुरा जान्या बुढाहरु। इ सबै जंमा गरिबक्सनुभयो ।।५।।

मन्वादिभिः कृतं शास्त्रं वाचयित्वार्थतोनिशं ।।
आनुपूर्व्यागतं स्वस्य देशकालकुलोद्भवम् ।।६।।

मन्वादिभिरिति। ताहांपछि स्वायं[९३क]भुव मनु आदि गरियाका ऋषिहरुले बनायाका। धर्मशास्त्रका

---

३. जान्या हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रंथकन । रातदिन विचार गर्न लगाई हेर्न लगाई । अर्थ बाचन लगाई । आफ्ना देशमा । कुलमा कालमा । चलिआयाकोस्मेत् नीति बुझीबक्सनूभयो ।।६।।

सर्वं मथित्वा नेपालभाषया लिखितं यथा ।।
अशास्त्रज्ञाश्चाक्षरज्ञाः सर्वे जानंत्वितीहया ।।७।।

सर्वमिति । यो सबै मिलाइकन नेपालका पर्वतभाषाले गरिकन शास्त्र नपढन्याहरु । अक्षर मात्रै जान्या पनि बुझन् भंन्या अनुग्रह राषीकन ।।७।।

तत्तत्पंक्तिषु बोद्धारो वादिनो न्यायसंसदि ।।
न चान्यैश्छलितास्ते स्युरित्येवंकृतमानसः ।।८।।

तत्तदिति । न्यायका कचहरिमा रह्याका । वादि प्रत्यवादि झगरियाहेरु । पंक्ति पंक्ति हेरीकन । आर्काले ठगिन नपाउन् अर्ष्यालो बोल्न् पनी नपाउन् भन्न्या । यस्तो मनमा लीबक्सीकन ।।८।।

[९३ख] आयनाख्यं न्यायपरं निर्मायाथ शनैः शनैः ।।
संशोधयित्वा विप्रेभ्यः स्वमुद्रामुद्रितं कृतं ।।९।।

आयनाख्यमिति ।। आयन् भन्याको न्यायको मूल बाटे भैरह्याको । कोहि ग्रन्थ बनाईबक्सनुभयो । सो सिद्ध्याइकन । फेर्फेर्पनी शिष्टहरुलाई राषी शोधसाध गरी । श्री ५ सर्कारको र । आफ्नु पनी छाप लगाईबक्सनुभयो ।।९।।

स्थापितं न्यायसदसि यदा चायनपुस्तकं ।।
तदादिन्यायकर्त्तारः सर्वतो भेजिरे सुखं ।।१०।।

स्थापितमिति ।। ताहां उप्रांत जब त्यो पुस्तक अदालतका पृथक् पृथक् अडामा राषीबक्सनुभयो । त्यस् दिनदेषी न्यायको विवेक गर्न भनी राष्याका । डिठ्ठा विचारि प्रभृतिले अतिसुखकन पाया झगरीयासित । बाझनुपरेन । न्यायको अज्मायसी गर्नु पनी परेन ।।१०।।

पूर्वं कृतं तन्नेपाले जयस्थितिनृपेण ह ।।
लुप्तं कालेन महता तत्तु स्वल्पतरं कृतं ।।११।।

पूर्वमिति । अघि पनी यस्तो न्यायको ग्रन्थ । नेपालका राजा । जयस्थितिसिंह म[९४क]ल्ल भंन्याले बनायाका रह्याछन् । सो स्थिति केहि केहि । नेपालीया प्रजा नेवारहरूमा क्यै रह्याको छ सो ग्रन्थ भन्या धेरै काल भयाको हुनाले हराई गयो । बनाउन पनि सानु गरी बनायाका रह्याछन् ।।११।।

सांप्रतं वीरवर्येण राणावंशाब्जभानुना ।।
न्यायायनं यल्लिखितं सर्वेषां सुखदं वभौ ।।१२।।

सांप्रतमिति । हालमा ता राणावंशरूपी कमलको वन् । प्रकाश गर्दामा केवल् श्री सूर्यय[४] जस्ता प्रभू श्री ३ महाराजबाट बनाईबक्स्याको यो न्यायको ग्रंथ जो छ सबैलाई सुख दिन्या भईकन प्रकाशमान् भयो ।।१२।।

इत्यादि कर्म बहुशः कीर्तियुक्तं चकार ह ।।
अस्माभिर्मंदधीभिस्तु वर्णितुं नैव शक्यते ।।१३।।

---

४. यस्तै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्यादीति । यस्तै यस्तै काम सुंदर कीर्तिले युक्त भयाका । श्री ३ महाराजबाट । कय्यौं कय्यौं गरिबक्सनुभयो । हामि जस्ता छोय बुद्धि भ[९४ख]याकाले यति कर्म भया भनी वर्णन गरी सकिदैन ।।१३।। नेकी २२ ।। ।।
तिनै कर्ममध्ये २।४ संभेका कर्म वर्णन गरिन्छ ।।

पुरा नेपालाद्ये दुरितमतयो वक्रगतयः
पलायंतेन्यस्मिन् परनृपतिराज्ये गतभयाः ।।
न तान् बध्वा दास्यंत्यथ नृपतयः स्वस्य विषयात्
प्रभग्नान्नेपालात्कथमपि नयंतीह सततं ।।१४।।

पुरेति । अघी नेपालबाट भागी गयाका । राजापर्जाको हुल्कुल् गर्न्या लुच्चाफुच्चाहरु । अर्का राजाका राज्य मुग्लान् प्रभृतिमा जाई । निर्भय भई रहन्थ्या । नेपालबाट माग्दा दिदैनथ्या । अरु राजाका देशदेषी । तेसै गरी आयाकालाई । नेपालबाट संप¯ बांधेर लैजान्थ्या ।।१४।।

दृष्ट्वाऽन्यायं तु तत्कर्म राणेशो वीरशेखरः ।।
मिथो दानं तु दुष्टानामकरोद्बंधनादिभिः ।।

दृष्ट्वेति । यो बडो अन्याय देषीकन श्री ३ महाराज् वीरशिरोमणिबाट । ञाहां आया दुष्ट पनी बांधी संपनु । पराईका देशमा गयाका नेपालीया दुस्मन्क । बांधेर नेपालमा दाषिल् गर्नु भन्या । यो दोहोरा बं[९५क]दोबस्तको थिती बांधीबक्सनूभयो ।।१५।। नेकी २३ ।। ।।

यदा नृपे वा नृपवेश्मकोशे चक्रुः कुबुद्धिं कुटिलाशया ये ।।
तदा स्वदेशान्नृपशेखरेण निष्काशिताश्चेरुरु मध्यदेशे ।।१६।।

यदेति । जस् अघिका कालविषे श्री ५ सर्कारका गाथमा र दर्बारमा । भंडार्मा भयो वा जतातते नास्नु भन्न्या कुबुद्धि भयाका । नाना वंशमा उत्पन्न भयाका काजीहरु भया । कोही भारादारहरु भया । नेपाल देशदेषी निकालियाका । मधेसविषे डुलीरह्याका थिया ।।१६।।

कृत्वा समाजं कुमनीषिणस्ते राणेशदेहस्य विनाशनाय ।।
संप्रेषयामासुरघाञ्जनांस्ते निलिल्युरे प्राप्य च राजधानीम् ।।१७।।

कृत्वेति । निजहरुले आफु आफु बसी कुमंत्रणा गरी । श्री ३ महाराज राणावंशशिरोमणी प्रभूका गाथमा । दगा गर्नानिमित्त कोही पापिष्टहरुकन पठाउदा हुन्थ्या सो आद्मी । ञाहा नेपालमा । श्रीकांतीपुरनगरीका बीचमा लुकी रहंदा भया ।।१७।। ।। ।।

[९५ख] तपःप्रभावादथ गुह्यकाल्याः प्रसादतः पाशुपतीकृपातः ।।
शक्ता न तत्कर्मणि पापिनस्ते विज्ञाय मंत्री क्रमशो बबंधः ।।१८।।

तप इति । श्री ३ महाराजका अघिल्ला जन्मका तपस्याका प्रभावले भयो । श्रीगुह्येश्वरी पशुपतीका कृपाले भयो । ति पापिष्टहरुले दगा गर्न पायेनन् । सकेन्[५] । केवल श्री ३ महाराजका प्रतापरूपो डोरीले बांधिदा पक्रिदा भया ।।१८।।

---

५. सकेनन् हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुद्ध्वा य तेषां मुखतः कुमंत्रं स्वद्वेषिणां मंत्रवरो विचार्य ।।
नीत्वाथ तान् याम्यपुरं क्रमेण पुनर्जगामाथ स मध्यदेशे ।।१९।।

बुद्धेति । ताहांपछि ति पक्रियाका दुस्मनहरुकन । षार्षेगर्दामा । फलाना फलानाले पठायाका हुं दगा गर्न आयाका हुं भन्न्या इत्यादि विस्तारका । मुचुल्का लिई विचार गर्दा मार्नुपर्न्या ठहराई निजहरुलाई मारीकन जल्दी फेरि श्री ३ महाराज मधेसमा पाउ लाग्नुभयो ।।१९।।

विज्ञापयामास गुरुंडराजं स्वद्विट्कृतं प्राणहरं कुमंत्रं ।।
किं वा हनैनान् किमु देहि युद्धं निरर्थकं मे मरणं भवेन्न ।।२०।।

विज्ञापयामासेति । मधेसमा गई । अंरेज राजा भेटी आफ्ना शत्रुहरुले गर्‍याको । यो आफनु दगा स[९६क]बै विस्तार्गरी । यसो हुकुम गर्नुभयो । हे राजन् । ई मेरा शरीरमा दगा गर्न्याकन । तिमिले पाल्यौ । इन्लाई मार्दछौ की । मलाइ लडाञी दिन्छौ । वृथा दगामा मैले मर्नुपर्ला क्या भन्छौ भनी हुकुम भयो ।।२०।।

श्रुत्वा तत्सचिववचो गुरुंडभूपो ह्याकार्याप्यथ कुमर्तीश्च मोतिहार्याम् ।।
कृत्वा तत्कुचरिजकर्म पूर्वपक्षं दुष्टानां लिखनमकारयच्च पत्रम् ।।२१।।

श्रुत्वेति । ति मिनिष्टर यान् पदवीमा रहनुभयाका श्री ३ महाराजका । यस्ता वचन सुनी । मोतीहारी भंन्या सहरविषे । श्री ३ महाराजकन लगी । ति दुष्टहरुकन पनी बोलाई । अंरेजले कचहरी गर्दो भयो सो पूर्पक्ष हुंदामा सब् बातमा हो भनि कायल् भयाको । ति दुष्ठ भारादारकन । कबूलपत्र लेषायो ।।२१।।

इतः परं तु नास्माभिर्द्वेषं प्रेषं जनस्य च ।।
क्रियते मंत्रितिलके यदि कूर्मोथ मारय ।।२२।।

इत इति । अबदेषी उप्रांत । श्रीमिनिष्टर यान्साहेबका उपर्दगा पनी गर्न्याछैनौ । मानीस पनी दगा [९६ख] गर्न पठाउन्याछैनौ । जौ जति गर्‍यौं भन्या हामीलाइ तिमिले मार्नु भनि इत्यादि विस्तार भयाका । कागत्मा सहि हाल्या । अंरेजलाई संप्या ।।२२।।

इति पत्रं मुचुल्काख्यं लिखित्वाप्यददुश्च ते ।।
ततः परं निर्भयोयं श्रीविश्वेशप्रसादतः।।२३।।

त्यो मुचुल्का लेषाई अंरेजलाई संपायापछि । श्री ३ महाराज प्रभू श्रीविश्वनाथका कृपाले निर्भय भई रहनुभयो ।।२३।।

चचार यत्र कुत्रापि मृगयां मृगयाप्रियः ।।
बबंध बहुशो जीवान् भीमान्धीमान्सुमंत्रवित् ।।२४।।

चचारेति । ताहांपछि सिकारमा बहूत् प्रिय भयाका श्री ३ महाराज जंगबहादूर कुवर राणा वर्मजी । मंत्रणामा अतिकुशल हुनुभयाका बुद्धिमान् । जताततै देशमा डुलि । वनवन्विषे सिकार षेलिबक्सनुहुन्थ्यो । नाना तरहका जीव । त्यस्तै भयंकर जीवात्हरु । वनमा मारीबक्सनुहुन्थ्यो ।।२४।। नेकी २४ ।। ।।

[९७क] कदाचिन्मंत्रिशार्दूलः सस्मार स्वकुलोद्भवान् ।।
पूर्वजानथ तत्कर्माशृणोद्वृद्धमुखात्क्वचित् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कदाचिदिति ।। कोहि दिन् मंत्रिमाका श्रेष्ठ हुनुभयाका। श्री ३ महाराजबाट आफ्ना पुरुषा संभीबक्सनुभयो। निजहरुका काम् । जस् गुण् पुराणा आद्मीहरुसित सोधीबक्सनूभयो ।।२५।।

चितवर्गढजातानां पार्वतागमनं तथा ।।
त्यक्तां राणाख्यपदवीं न्यूनसंबंधकारणात् ।।२६।।

चितवरिति ।। चितवर्गढमा रह्याका। ताहांदेषी नेपाल आयाका। पर्वत् राज्यमा रह्याका राणा पदवी छुट्या। संबंधमा कम् हुन गयाको। इत्यादि विस्तार सबै बुझिबक्सनूभयो ।।२६।।

राज्ञां दत्तां तु कुवरपदवीं बुबुधे यदा ।।
सर्वं विज्ञापयामास स्वकीये नृपसत्तमे ।।२७।।

राज्ञेति ।। नुवाकोटका राजाले दियाको कुवर पदवी। यो सबै जानीकन। आफ्ना श्री ५ महाराजका जुनाफमा विस्ता[६] गरीबक्सनूभयो ।।२७।।

ययाचेथ पुनस्तां तु स्वकीयां पदवीं तदा ।।
शुद्धो नृपालः प्रददौ शुद्धं क्षात्रपदं पुनः ।।२८।।

ययाचेति। हाम्रो पुरानु पदवी पाउनूपर्न्या हो भनी विस्तार बिंती गर्नूभयो। प्र[९७ख]सन्न हुनुभयाका श्री ५ महाराजाधिराज। सुरेन्द्रविक्रम साह वर्माले पनी। त्यो शुद्ध रजपूतको पदवी दिबक्सनूभयो ।।२८।।

तदारभ्य च राणेशो राणात्वं समुपेत्य सः ।।
स्वसमैर्बाहुजैः सार्द्धं सर्व संबंधमात्तनोत् ।।२९।।

तदेति ।। ताहांलगायेत् राणावंशमा उत्पन्न भयाका प्रभूले हरायाको आफ्नु पदवी षडा गराई। आफु बरोबरका रजपूतसित मात्रै बिह्याबरी संबंध गरीबक्सनूभयो। क्षत्रि भनी पदवी दियाका षस जातसितको संबंध छोडी-बक्सनूभयो ।।३१।। नेकी २५ ।।

ततो वृद्धोथ भूपालः प्रसन्नो मंत्रिसत्तमे ।।
उवाच सचिवश्रेष्ठ दत्तं ते भूभुजां पदम् ।।३०।।

तत इति। ताहां उप्रांत कोहि कालके विषे। प्रसन्न हुनुभयाका। श्री ५ बुढामहाराज राजेन्द्रविक्रम साह वर्माले यो हुकुम् गर्नुभयो। हे मंत्रिमाका श्रेष्ठ। हे जंगबहादुर। तिमिलाई हामीबाट। हराया[९८क]को तिम्रो शुद्ध रजपूत पदवी पायौ ।।३०।।

समानोसि यतोस्माभिर्गौरवेण कुलेन च ।।
विवाहं त्वं कुरु मिथोन्ववायस्यापि मे तव ।।३१।।

समान इति। तिमी बडाञीले जातले कुलले पनी। हामी बरोबरका भयौ। तसर्थ। तिम्रा र हाम्रा पनि संतानको परस्पर विवाह गर ।।३१।।

---

६. विस्तार हुनुपर्ने।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इत्याज्ञां रक्तमुद्रांकपत्रं प्राप्य च मंत्रिराट् ।।
चक्रे विवाहं च मिथः संतानेन च भूभुजाम् ।।३२।।

इतीति ।। यस्तो श्री ५ सर्कारको हुकुम पाई। लालमोहोरस्मेत भयाको पत्रस्मेत पाई। मंत्रीमाका श्रेष्ठ भयाका श्री ३ महाराज जंगबाहादुर कुवर राणाजीले। श्री ५ सर्कारका संतानसित। आफ्ना संतानको परस्पर विवाह गरी-बक्सनूभयो ।।३२।। नेकी २६ ।। ।।

श्रीजंगबाहादुरभूमिपस्य महद्गुणौघैरवगुंफितायां ।।
सत्कीर्तिरत्नोज्वलमालिकायां वैवाहिकं रत्नमयोनविंशं ।।१९।।

इति श्री ३ महाराज जंगबाहादुर कुवर राणा वर्मजीका। गुणरूपी धागाले गांथ्याको। निज प्रभूका कीर्त्तिरूपी रत्नको मालामध्ये वि[९८ख]वाहकर्म गऱ्याको उन्नैसऊं रत्न गनीयो ।।१९।।

अथ तप्तजलेति विश्रुतं तुहिनाचलपार्श्वसंभवम् ।।
मृगयारसिको वनं चरन् सचिवो ददृशेथ सीमनि ।।१।।

